मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क १०३, मङ्सिर २०७९

आमनिर्वाचन- २०७९ : देखिएका/नदेखिएका दृष्य

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू

इन्सेक पुस्तकालयको प्रयोग गरौं।

मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष २५ पूर्णाङ्क १०३ मङ्सिर २०७९

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
डा. इन्दिरा श्रेष्ठ
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

मुद्रक
ड्रिम ग्राफिक्स काठमाडौं

- आमनिर्वाचन-२०७९ : देखिएका/नदेखिएका दृष्य/ ***नरेन्द्रजंग पिटर*** ५
- निर्वाचन र मानव अधिकार/ ***कमलराज लम्साल*** १०
- लोकतन्त्र र मानव अधिकारमैत्री निर्वाचन/ ***दिनेश श्रेष्ठ*** १५
- मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना..../ ***यज्ञप्रसाद अधिकारी*** १९
- व्यवसायिकताको कसीमा मानव अधिकार रक्षक/ ***वसन्त गौतम*** २२
- भावनामा होइन सम्भावनामा चल्छ राजनीति/ ***रमेशप्रसाद तिमल्सिना*** २४
- लैङ्गिक हिंसा : मानवताविरुद्धको गम्भीर अपराध/ ***रीमा बीसी*** २६
- नेपालको सङ्क्रमणकालीन न्याय : सङ्घीय दृष्टिकोण/ ***प्रिती मित्तल*** २८
- लघु कथा : गुरुजी ?/ ***देवराज पौडेल*** ३०
- प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ प्रारम्भिक प्रतिवेदन ३१
- कालीकोट जिल्लाको तिलागुफा नगरपालिका-१० रानावाडामा भएको बम विष्फोट घटनाको संक्षिप्त प्रतिवेदन ३३
- अन्तर्वार्ता : अहिले प्राप्त मत परिणामले युवा नेपालको चिन्तनलाई उजागर गरेको छ/ ***सुबोधराज प्याकुरेल*** ३५

नियमित स्तम्भ

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

यथावत

मानव अधिकारको प्रवर्धन र संरक्षण गर्ने सरकारको प्रयासका बावजुद पनि मानव अधिकार उल्लङ्घनका घटनामा कमी नआउनु दुःखद्।

नन्दबहादुर पुन
उपराष्ट्रपति
गोरखापत्र दैनिक
२०७९ मङ्सिर २३ गते

समानुपातिक उम्मेदवार छनोट गर्दा ३३ प्रतिशत महिला हुनैपर्छ। तर बढीमा जति पनि राख्न सकिन्छ।

दिनेश थपलिया
प्रमुख निर्वाचन आयुक्त
कान्तिपुर दैनिक २०७९ कार्तिक २३ गत

लैङ्गिक हिंसा निवारणका लागि कर्णाली घोषणपत्र कार्यान्वयनमा स्थानीय तहको सकृयता आवश्यक छ।

जीवनबहादुर शाही
युगबोध दैनिक
२०७९ मङ्सिर २३ गत

समाज रूपान्तरणका लागि खटिने पत्रकार आफैँले हिंसा सहेर बस्नुपर्ने अवस्था बिडम्बवनापूर्ण छ।

विपुल पोखरेल
अध्यक्ष, नेपाल पत्रकार महासंघ
गोरखापत्र दैनिक
२०७९ मङ्सिर २३ गते

कार्टून

साभार
थाहा खबर, २०७९ कार्तिक १३

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

सम्पादक

मानव अधिकार संरक्षणका लागि मानव अधिकार राष्ट्रिय कार्ययोजना

नेपाल सरकारले सुरु गरेको पाँचौ पञ्चवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू भएको एक वर्ष पूरा भएको छ। कार्ययोजनामा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानवअधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने सरकारको लक्ष्य छ। संयुक्त राष्ट्रसङ्घको सन् १९९३ मा भियनामा सम्पन्न मानव अधिकारसम्बन्धी विश्व सम्मेलनले प्रत्येक सदस्य राष्ट्रले मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका लागि राष्ट्रिय कार्ययोजना बनाई लागू गर्न आह्वान गरेको थियो । सो आह्वानअनुरुप नेपाल सरकारले २०६१ सालदेखि २०७० सालसम्म त्रिवर्षीय राष्ट्रिय मानवअधिकार कार्ययोजना ल्याएको थियो। नेपाल सरकारले २०७१ बाट पञ्चवर्षीय कार्ययोजना ल्याएको हो। कार्ययोजनाले शिक्षा, स्वास्थ्य, श्रम तथा रोजगार, खाद्य सुरक्षा, समावेशी विकास, महिला, अपाङ्कता, जेष्ठ नागरिक, बालबालिका, आवास, कारागार सुधार, द्वन्द्वपीडितलगायतका क्षेत्र लगायतका १८ ओटा क्षेत्रलाई प्राथमिकता दिइएको छ । साथै सरकारले मानवअधिकारलाई संरक्षण तथा सहयोग पुग्ने गरी प्राय सबै मन्त्रालय र निकायअन्तर्गत ५१ वटा नीति निर्माण गरी कार्यान्वयन गरिसकेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद अन्तर्गतको यस कार्ययोजनाले सम्बन्धित निकायबाट प्रगति विवरण नियमित र अनिवार्य रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन गर्ने र गराउने व्यवस्था गरिएको छ।

कार्ययोजनामा मानव अधिकारसँग सम्बन्धित नयाँ कानुनको निर्माण र मौजुदा कानुनमा पुनरावलोकन गर्ने, तीन वर्ष भित्र पूर्ण सामाजिक सुरक्षाको व्यवस्था गर्ने, तीन वर्ष भित्र सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने लगायतका योजना समेटिएका छन्। यस्तै मानसिक रोगी बन्दी तथा कैदीहरूका लागि मानसिक उपचारको विशेष सुविधा भएको थुनुवा कक्ष पाँच वर्ष भित्र निर्माण गर्ने, पाँच वर्ष भित्र बाँकेमा खुल्ला कारागार बनाउने, तीन वर्ष भित्र हरेक विकास क्षेत्रमा बाल सुधारगृह निर्माणा गर्ने, पाँच वर्षभित्र महिला बन्दीहरूको लागि बन्दी गृहमा छुट्टै महिला ब्लक निर्माण गर्ने, पाँच वर्षभित्र महिला विरुद्धका सामाजिक र साँस्कृतिक कुप्रथामा आधारित विभेद र हिंसाको अन्त्य गर्ने र तीन वर्ष भित्र सबै प्रकारका बाँधाश्रमको उन्मूलन गर्ने प्रतिबद्धता मानव अधिकार कार्यायोजनामा जनाइएको छ।

राष्ट्रिय कार्ययोजना लागु गरेपछि कार्यान्वयनमा ल्याइएका सरकारी कार्यक्रमहरूका कारण मातृ र शिशु मृत्युदरमा गिरावट आएको, औसत आयु बढेको, सार्वजनिक सेवामा सीमान्तकृत वर्ग तथा समुदायहरूको पहुँच वृद्धि भएको विशेषगरी शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका विषयमा मानव अधिकारको ख्याल गर्ने परिपाटी स्थापित हुदै गएको पाइएको छ। कार्ययोजनाले महिला तथा बालबालिकाको अधिकार सुनिश्चितताका लागि आवश्यक पहल भएको, जोखिममा परेका समूहको अधिकार स्थापित गर्न आवश्यक पहल भएको, सरकारका संयन्त्रहरू मानव अधिकारमैत्री बन्दै गएको सरकारी प्रतिवेदनमा बताइएको छ।

सरकारी र कार्ययोजनामा उल्लेख गरिएका प्रतिवद्धताका बीच मानव अधिकारको संरक्षण र संवर्द्धनका सन्दर्भमा उल्लेख्य कार्य भएका छैनन्। देशभरका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दीहरू राखिनुले उनीहरूको दैनन्दिन कष्टपूर्ण भएको छ। कारागारमा खानेपानी, शौचालय तथा सुत्ने ठाउँको अभाव रहँदै आएको छ। राष्ट्रिय कार्ययोजनाका व्यक्त प्रतिबद्धताका बावजुद महिला माथि हुने हिंसा न्यूनिकरणका सवालमा खासै उपलब्धिमूलक कामहरू हुन सकेको पाइँदैन। घरेलु हिंसासम्बन्धी ऐनमा प्रभावकारी सुधारहरू नगरिँदा पीडित महिलाले न्याय पाउन सकेका छैनन् भने हिंसा पीडित महिलाको पुर्नस्थापनाका सवाल ज्यूँका त्यूँ नै छन्। कार्ययोजनामा उल्लेख भएका विषयहरूको प्रचार प्रसार गर्न र लागु गर्न सम्बन्धित निकायको ध्यान जानसके कार्ययोजनाले सार्थकता पाउने थियो।

अचेल नेपालमा बन्द हड्तालको बाढी आएको छ। अस्पतालमा बिरामीको उपचार राम्ररी गरिएन भनेर अथवा प्रहरीले अपराधी भनेर फलानोलाई समात्यो वा फलानोलाई छाड्यो भनेर बाटो बन्द गर्ने, बजार, स्कूल बन्द गर्ने चलन ब्याप्त भएको छ। भीडले निर्णय गर्ने र सरकारले त्यसलाई मान्नुपर्ने अवस्थालाई अराजकता भनिन्छ। कतिपय सेवा र पेशा यस्ता हुन्छन् जसले हड्ताल गर्दा बेसरोकारका र आकस्मिक अवस्थाका मानिसहरू नोक्सानीमा पर्छन् । पुलिसले हड्ताल गर्ने, चिकित्सकले, चालकले, बारुणयन्त्रका मान्छेले हड्ताल गर्ने कुरा सभ्य समाजमा अकल्पनीय हुन्छ । एउटा बिरामीको उपचारमा चित्त नबुझेर गरिएको हड्तालका कारण अरू बिरामी उपचार नपाएर मर्न सक्छन्। सरकारले शुद्ध पानीको मापदण्ड तोक्यो, पानी व्यापारीलाई चित्त बुझेन । उनीहरू हड्तालमा गए। जनता काकाकुल भए। सरकार लत्रिन बाध्य भयो । परार चितवनको क्यान्सर अस्पतालमा डाक्टर र कर्मचारीको हड्ताल भयो । भनिन्छ कतिपय क्यान्सरका रोगीले समयमा केमो पाएनन्। कतिपय गम्भीर बिरामी समयमा उपचार नपाएर मरे। मधेस आन्दोलनको बेलामा ठेलामा बेथा लागेकी महिलालाइ ल्याउँदै गर्दा आन्दोलनकारीले दिएनन । प्रसव वेदनाले उनले बाटैमा प्राण त्याग्नु पऱ्यो । यसरी एक पक्षको हितका लागि अर्को पक्ष वा बेसरोकारका मानिसलाई नोक्सानमा पार्ने काम कानुनतः अपराध हो भने मानव अधिकारका दृष्टिले गम्भीर प्रकारको मानव अधिकार को उल्लङ्घन हो।

आधुनिक युग स्वतन्त्र बजारको युग हो । तर नियमन गर्ने तागत सरकारमा छैन र नागरिकमा चेतना छैन भने लाभको लोभमा खतरनाक अपराध हुन सक्छ। उदाहरणकालागि बर्ड- लुले मरेका कुखुरा बजारमा भाउ घटाएर पसलेलाई बेचिन सक्छ । ग्यास ब्यापारीले कमिसन बढाउनुपर्ने माग राखेर इन्धनको हाहाकार मच्चाई दिन सक्छन्। स्वतन्त्र बजारमा कमिसन बढाउनु पर्ने माग राखेर हड्ताल गरिन्छ भन्ने कुरा पत्याउन पनि गाह्रो हुन्छ। कमिसनमा चित्त नबुझे त्यो वस्तुको कारोबार नगर्ने स्वतन्त्रता त हुन्छ। तर जबरजस्ती कमिसन बढाउन लगाउने चलन चलाउने हो भने सबैले आ-आफ्नो सहुलियत अनुकुलको भाउमा सामान पाउनु पर्ने माग राखेर जबरजस्ती पसल लुटे पनि हुने भयो। भारतको आम-आदमी पार्टीले बिजुली महसुल नतिर्न आव्हान गर्दै बिजुलीको बिल च्यात्ने अभियान चलाएको थियो । पछि त्यस्तो कर्मको ब्यापक आलोचना भएपछि लज्जाबोधका साथ त्यस्तो अभियान रोक्न बाध्य भयो। नीतिगत स्वतन्त्रताको

आर्थिक आतङ्कवाद

सुबोधराज प्याकुरेल

नाममा बैंकहरूले रातारात निक्षेपकर्ता लाई दिइने ब्याज ६-७ अंकले घटाइदिने र आफूले लिने कर्जाको ब्याजदर ३-४ अंकले बढाइदिने चलनका बारेमा गएको हप्ता राष्ट्र बैंकका गभर्नरले नै असन्तुष्टि व्यक्त गर्नु भएको थियो । त्यसलाई मध्यनजर गरि राष्ट्र बैंकले लगानी र निक्षेपका बीचको भिन्नतामा अंकुश लगाउने भएको छ। तर बैंकहरूले पनि ग्याँस, पानी व्यापारीले जस्तै बन्द हड्ताल गरे भने के होला ?

आजको युग स्वतन्त्र नागरिक र पेशागत संगठनको युग हो। उनीहरूले औचित्य र तर्कका आधारमा सामाजिक सम्बन्ध र सामाजिक न्यायको वकालत गर्छ । त्यसैले संसदमा पनि विधेयक बारेको छलफलमा सरोकारवाला त्यस्ता नागरिक संगठन, समाजसँग परामर्श गरिन्छ । उनीहरू बाट पेशागत नैतिकताको अपेक्षा गरिन्छ। तर जब यस्ता संगठन र जमात नितान्त गुटगत स्वार्थमा लिप्त हुन्छ त्यसपछि त्यसले अराजकताको स्वरूप ग्रहण गर्छ। त्यस्ता अराजक समूहमा अर्काको कमाइ खाने वा आफ्नो सार्वजनिक, राजनीतिक हैसियतलाई नियमित आम्दानीको श्रोत बनाउनेहरू घुस्छन्। सबै जसो देशमा मुनाफाको लोभ र एकाधिकारको लालचले जन्माउने सिन्डिकेटविरुद्ध कानुन बनाइएको हुन्छ । यातायात सिन्डिकेटले मनपरी भाडा असुल्ने, स्वतन्त्र बजारमा प्रतिष्पर्धीलाई छिर्ने नदिने र प्रत्येक सवारी साधनसँग उनीहरूले असुल्ने शुल्कका बारेमा कतै कसैप्रति जवाफदेही हुन नपर्ने चलन अराजकता र सिन्डिकेटको विकृत स्वरूप हो। तर, यस्तो कर्ममा तत्कालको आम्दानी गाँसिएको हुनाले यसलाई बलियाको संरक्षण छ। खाना पकाउने ग्याँस उद्यमीले सरकारी संस्थानले ग्याँस उद्योग खोल्न खोज्दा गरेको विरोध यस्तै आर्थिक अराजकताको उदाहरण हो। अहिले हामी आर्थिक र पेशागत अराजकताको चरणमा छौं। तर यो अवस्था लामो समय रह्यो भने यसले आतंकवादको रूप ग्रहण गर्ने छ । अफगानिस्तानको ६० वर्ष पुरानो इतिहासलाई हेर्ने हो भने पहिले लोभले अफिम खेती थाले किसानले। किनकि त्यसका व्यापारीले सुरक्षा र उच्च मूल्यको जिम्मा लिए। त्यस आपराधिक खेतीमा पुलिस, शासक र उपल्लाहरू गासिए। अनि अफिम बाहेकको खेति गर्न चाहनेले बस्न टिक्न नसक्ने अवस्था आयो । मुल्ला र राजनीतिज्ञहरू पनि गांसिए र यो विषय धर्म र राजनीतिको अभिन्न अंग बन्न पुग्यो। गैर कानुनी धन्दा वा व्यवहारलाई मौनताको संहिता मार्फत जबरजस्ती लागु गरिने कर्मलाई आतंकवाद भनिन्छ। सन् १८६५ मा अमेरिकामा कुक्लुक्स नामको समुहले समाजलाई आतंकित तुल्याएर मनपरी गथ्यो। सन् १९६० को दशकमा इटालीको रेड आर्मी र १९४८ को दशकमा यहुदी समूहले इजराइल र प्यालेस्टाइनमा राजनीतिक नाराको आवरणमा निर्दोषहरू उपर आक्रमण गरेर सबैलाई त्रस्त पार्ने र राज्यलाई गलाउने रणनीति लिएका थिए। अराजकता (एनार्किजम) को शब्द ग्रीक भाषाबाट आएको हो । यसको अर्थ हुन्छ सरकार बिनाको स्थिति। रुसमा १८२४ मा यहि सिद्धान्तका बाकुनिनका समर्थकहरूले जार द्वितीयको हत्या गरेर क्रान्तिको उद्घोष गरेका थिए। जसको नराम्रोसंग दमन भयो। जनताले टुलु टुलु हेरे मात्र । तिनको समर्थन नभएकोले त्यो समूह नासियो । राज्यद्वारा गरिने व्यापक र निरङ्कुश दमनलाई पनि अराजकता भनिन्छ। तर अराजकता पल्किएपछि यसले आतंकवादको स्वरूप ग्रहण गर्छ। जब अराजकतावादीहरूले बल प्रयोगद्वारा आफ्ना लालच पूरा गर्न सकिन्छ भन्ने ठान्दछन् अनि पहिले उनीहरूले विरोधका स्वरको घाँटी निमोट्ने रणनीति अपनाउँछन्। क-कसले बिरोध गर्छन् भन्ने थाहा नहुने हुँदा सार्वजनिक रूपमा कुनै निर्दोषलाई दुर्दान्त तवरले तड्पाउने गर्छन ताकी अरूले त्यो अत्याचार देखेरै मौन बसुन, आतङ्कवादीको आदेश खुरु खुरु मानुन्। तर पुँजी बजारको आतङ्क पनि यो भन्दा कम खतरनाक हुन्न । सरकारका नियामक अंगलाई निस्तेज पार्ने, उपभोक्तालाई बाध्य पार्ने र मनपरीको संस्कार चलाउने धन्दा स्वतन्त्र बजारका आतंककारीको लक्ष्य हो । असम्भव र झुठो विज्ञापनद्वारा उपभोक्ता झुक्याउने, कानुनी छिद्रको दुरुपयोग गर्ने र अपराध बाट बच्न नेता प्रशासकलाई किन्ने कुरा आधुनिक युगको आर्थिक आतंकवाद भित्र पर्छ। यस्तो प्रवृति विरुद्ध असल नियतका ब्यापारी र पेशाकर्मीहरू जागरुक हुनु पर्छ। सरकारले तदारुकतापूर्वक जन चेतनाका बाहकहरूलाई साथ लिएर कानुनी र प्रशासनिक संरचना बनाउनु पर्छ. हामी कहाँ आर्थिक आतंकवाद संस्कारका रूपमा उदय हुन खोज्दै छ । यसलाई बेलैमा लगाम नलगाउने हो भने यसले आपराधिक कर्ममा सबैलाई उछिन्न सक्छ।

साभार : *प्राची संचेतना द्वैमासिक (पूर्णाङ्क ८२, साउन २०७०*

विश्लेषण

नरेन्द्रजंग पिटर*

आमनिर्वाचन- २०७९ : देखिएका/नदेखिएका दृष्य

सत्ताले सुख, सुविधा, सम्मान र सुरक्षाको जोगाड गरिदिन्छ। फेरि सत्तामा पुगिएन भने कार्यकालमा भएका, गरिएका गलत कामका पाना खोतलिएर पाता कसिन सक्छ। संसारकै भ्रष्ट शासकहरूको जेल यात्रा र आत्महत्याले अन्यलाई अत्याइरहेको हुन्छ। त्यसैले सधैं सत्तामा टिक्न वा पुग्न चाहान्छन्। कुरुपतामा सुन्दरता खोजिन्छ। लालसाले आशावादी जनमतका आँसु र सपनामा पौडी खेलिन्छन्।

यसपटको चुनाव अभियान र परिणाम पार्टीहरूलाई आत्मसमीक्षाको विषय बन्यो भने राजनीतिशास्त्र, समाजशास्त्र र राजनीतिक संस्कृतिका अध्येयतालाई गम्भीर अध्ययनशाला। ठूला पार्टी खुम्चिए। जनतामा छाएको निरासा, आक्रोश र प्रतिकृया नयाँशक्ति बनेर सदनमा केही नौला अनुहार पनि देखिनेछन्। सदनको चित्र चरित्रमा प्रभाव र दवाव सदनमा पर्ने नै छ। विचारको सिद्धान्तलाई सुविधाको सिद्धान्तमा फेर्दा उम्रिने सङ्कट छयाङ्गै परिणाममा देखिए। व्यवहारबिनाको ट्रेडमार्क र गौरवमय इतिहास मात्रैले मतदाताले स्वीकार्दा रहेनछन्। नाराले सामाजिक आवेग तयार गरेर मात्रै हुँदोरहेनछ, स्वामित्व लिएर सामाजिकीकरणमा खरो उत्रिन नसके आफ्नै हतियारको रक्षा समेत गर्न सकिँदो रहेनछ। विरोधीले त्यसैलाई थुतेर हतियारका स्वामीलाई नै आक्रमण गरेको पनि देखियो।

जे देखियो

- नेताका आदेशमा मतदाता हाकिँदैनन्। चुनावी लठैत, चाकर, नोकर, खेतालाका जागिर अब चट्, भाष्यकारका कथ्य पनि बेकार।
- गठबन्धनले (दुवै गठबन्धन) नेतृत्वले सोचेझैं परिणाम आएन। कार्यकर्तालाई नै निर्देशन पालन गराउन नसक्नु नेतृत्वको नैतिक अधिकारिकता माथि प्रश्न उठे। भक्तरामहरूले धरहरा ढल्दै गएको थाहापत्तै पाएनन्। धेरैका चिन्तन, सांस्कृतिक स्तर, क्रोध, इर्ष्या, प्रतिशोध, प्रतिकृया र दुर्भावनाहरू छताछुल्ल भए। थेग्रिएर रहेका आग्रह, कुण्ठा सामाजिक सञ्जालमा छरपष्ट मात्रै भएन सडक, गाँउबस्तीमा पनि छताछुल्ल भए। कोही तटस्थ बस्न सकेन। परिणामसँगै कयौँका राजनीतिक जीवन धरापमा पर्न गयो।
- भिडन्त स्वभाव बनेका लडाकालाई झगडा आवश्यकता भइरहन्छ। दुस्मन नपाए नक्कली नै भए पनि शत्रु बनाएर होक्राँ गरिरहन्छन्। राजनीतिमा निजी सम्बन्ध र झगडाको कुनै अर्थ र महत्व रहँदैन। आक्रोशका बेला दिल र दिमागले नभै उत्तेजना र भावनाका निर्णयबाटै भूमिकामा देखिए। समय र सम्भावना गुमिसकेको अवस्थामा भावनाले लिने निर्णयको परिणामसँगै पछुताउनु पऱ्यो।
- गठबन्धनमा नेपाली कांग्रेसको वर्गनिष्ठा, एमालेको सुदृढ सङ्गठन देखियो। कांग्रेसमा देउवा गुटकै हालिमुहाली भएपनि 'कम्युनिष्टको' हाउगुजी पैदागर्दा विद्रोही देखिएनन्। माओवादी आफ्नै नाराको स्वामित्व लिन नसकेर गुटभित्रको अहङ्कार र महत्वकांक्षा टकरायो। जनयुद्ध भाइयुद्धमा फेरिएर छताछुल्ल भयो। अर्कातर्फ काखैमा राखेर कांग्रेसले कोखमा छुरी रोपेको पत्तै पाएन।
- सर्वमान्य एकल नेतृत्वका कारण एमालेमा गुट राजनीति अन्त भएको भान भए पनि बर्चश्व भिडन्तमा भने महासचिव र उपाध्यक्षबीचको शीतयुद्ध छर्लङ्ग देखा परे। भीम रावल फ्याक्टर पनि महँगो भयो। रावल हारेर पनि जिते।
- कुनै प्रतिकूल हावाले भक्तपुरलाई हल्लाउनै सकेन।
- देश युवारहित बनिसक्यो, श्रमिक जन्माउने मुलुक कहलिँदै छ। यसले सामाजिक असन्तुलन पैदा गरिसक्यो। यसलाई फेर्ने मार्ग चित्र के-कस्तो छ ? यस्ता विषय न स्वयम् आधिकांश प्रत्यासीले हेक्का राखे न सम्बन्धित पार्टीको नै सरोकार रह्यो।
- पार्टी र प्रत्याशी सामने उठ्ने प्रश्न भनेका उनीहरू किन, केको लागि उम्मेदवार बन्दैछन् ? विजय भएपछि के, कसो गर्ने हो ? केको आधारमा सम्बन्धित दलको प्रत्याशी हो ? सो दलको राजनीतिक, आर्थिक र परिवर्तनको प्रतिवद्धता के हो ? दोहोरिन चाहनेहरू पहिलाका संसद्मा को, कतिदिन उपस्थित भए ? के, कस्तो भूमिका खेले ? गर्न बाँकी काम के, के हुन ? कुन नैतिक पुँजीले फेरि उम्मेदवार बने ? प्रतिस्पर्धीभन्दा उनैलाई मतदाताले रोज्नुपर्ने कारण के हुन ? विकास निर्माणको तत्कालीन र दीर्घकालीन के-कस्ता नीति, योजना र कार्यक्रम छन् ? देशको मूल कानुन र धारणा बनाउने केन्द्रीय थलोमा पुग्ने भएकाले उसका राष्ट्रिय र अन्तराष्ट्रिय दायित्व के, के

* लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ ।

राजनीतिलाई समाजिकीकरण गर्न, क्षमता र जनमतको परीक्षा गर्न, आफन्त र पराइ चिन्न, राम्रो र नराम्रो छान्न, चलाईमान समाजको स्तर मापन गर्न। चुनावमा एकपक्षलाई रोज्नुपर्छ। रोज्दा किन रोज्ने ? प्रश्न र जिज्ञाशा जन्मिन्छन। तब मौन र निष्कृय समाजले पनि ज्ञान, बुद्धि र विवेक खर्चिनु पर्छ। समाजमा चेतनाका हलचल हुन्छ र समाज र मान्छे नित्य नयाँ बनिरहेको हुन्छ। आफैँलाई किन र कसरीको उत्तर दिएर सन्तुष्टी पार्नुपर्छ। अरूका तर्क, विचार सुनेर आफ्ना विश्वासमाथि पनि फेरि प्रश्न उठाउन बाध्य भइन्छ। चुनाव एउटा सामाजिक उत्सव हो। एक संवेदनशील मूल्यांकनले समय, काल, परिस्थिति, समाज, पार्टी र देशलाई पार्ने असर आमचुनाव एक लोकतान्त्रिक अनिवार्यता पनि हो।

हुन ? न जवाफ खोजियो, न दिन आवश्यक ठाने।

आत्मासमीक्षाका कुरा

घटना र परिणामले विगतबाट सिकेर आगतको योजना बनाउन आफू र अरुले गरेका, भएका गल्तीको शिक्षा लिन निर्मम आत्मसमीक्षा आवश्यक हुन्छ। सर्वज्ञ कोही हुँदैन। गल्तीको महसुस गरेर रचनात्मक आलोचनालाई स्वागत गरिए मात्रै सुधिन, सच्चिन सकिन्छ। समीक्षा भनेको दुर्नियति पक्षपोषण नगरे मात्र हुन्छ।

जिते पनि, हारे पनि योग्य सेनापति युद्धपछि गम्भीर समीक्षा गर्ने गर्छन्। अहंकारी कमान्डर भने श्रेयजति सबै आफ्नो अंशमा, दोष जति अरुलाई लगाउने गर्छन। सबैसँग चित्त बुझाउने तर्क हुन्छ, मन बहलाउने शीर्षक अनगिन्ती। आफू ठिक भएको प्रमाणित गर्ने भाष्यकारद्वारा अनेकौँ तर्कखेती गराइन्छन्। आखिर चुनाव हो, हार्नु र जित्नुमा कारण त हुन्छ नै।

जसले एकान्तमा आफै ऐना हेर्दैन अरुलाई ऐना देखाउनुको अर्थ रहँदैन। आफैँलाई क्रमभङ्ग गरेर निकास खोज्दैन भने इतिहासका पानामा दरिएका ऐतिहासिक पार्टीझैँ पुग्ने दिन कुरिरहेको हुन्छ। इतिहासका निर्माता र क्रान्तिका नेतृत्व गर्ने संसारका धेरै पार्टी समयसँगै असान्दर्भिक बन्दा ती सन्दर्भ साम्रगीमा मात्र थन्किए।

बहाना नगरिकन हार स्वीकार्ने सामर्थ्य भएपछि मात्रै आत्मसमीक्षा गर्न सकिन्छ। किन र कसरी पार्टीभित्र आत्मघाती दस्ता (सोसाइड बम्बर) तयार भयो ? दुश्मनलाई मार्न नसके पनि स्वयम् भने मारिन्छन्। आफन्तसँगै घृणा सकिएपछि जिन्दगीभर स्वकृत्यमा भने पछुताउनु पर्छ।

समीक्षा गर्दा, के ख्याल गरिन्छन् ?

- साहस र साधनमात्रै भएर मात्रै हुँदैन, समय र युद्ध मैदान चयन, उचित व्यवस्थापन आवश्यक गरियो/ गरिएन ? नेतृत्वप्रति चरम अविश्वासका कारण के हुन ? सबै प्रतिकुलतासँग लड्न र जित्नका लागि जमिनमा दह्रोसँग खुट्टाले टेक्नुपर्छ। पिँधका मान्छेको मुद्दा बोक्नुपर्छ। सङ्गठनलाई विधि/पद्धतिमा चलाउनुपर्छ।
- राज्यको प्रतिनिधि हुँदा सरल, सस्तो र छिटो डेलिभरी दिनुपर्छ। नेताले चाकरीबाज खोज्नु हुन्न। नेताहरूको बाह्रमासे गीत मात्रै गाउने कार्यकर्ता बन्न सक्दैनन्। परिवार/सम्पत्तिप्रतिको अचाक्ली मोहले समाजमा नेतृत्वमाथि घृणा पैदा गर्छ। अङ्कगणितका लागि विजातीय वर्गसँग मिल्नु हुँदैन। पैसाका लागि तस्कर, दलालसँग उठबस गर्नु हुन्न। जीवन सरल र एकस्तरको पारदर्शी हुनुपर्छ। भूसंवेदनशील देशमा विदेशीका सुरक्षा चासो र आफ्नो दायित्व के हुन ! ख्याल गरिनुपर्छ।

चुक्यो कहाँ ?

- उम्मेदवार छनोटमा केन्द्र र स्थानीय तहसम्म नीति र विधि अनुसार संगठन परिचालन व्यवस्थापन, सामूहिक भावना तथा संगठन पहिलो भन्ने मान्यता, नीति योजना र पहलकदमीको सुनिश्चितता अनिवार्यतामा ! सिद्धान्त अन्त भएपछि सुविधाको सिद्धान्त रचिन्छ। सुविधाको सिद्धान्तले सङ्ठनलाई एकसूत्रमा बाँध्ने आस र त्रास मात्रै हुन्छ। प्रमुख नेतृत्वलाई सर्वज्ञ दम्भ भएर जे गर्ने पनि छुट दिन्छ। विचार फेर्न सजिलो संस्कार फेर्न गाह्रो। हरेक वस्तुले मूल्यको माग गर्छ। महत्वकाङ्क्षा हरेक परिवर्तनको आधारभूत पक्ष हो तर दायित्व पूरा नगरी भूमिका तृष्णा भनेको मौकामा चौका हान्ने अनौठो ग्रन्थी रसाउनु हो। अन्तरघात जोगाउन सामूहिक सक्रियता बढाउन विचारले पैदा गर्ने भावनाले मात्र सक्छ। चुनावी मैदानमा पुग्दासम्म कम्युनिष्ट नभइकन 'कम्युनिष्ट' बन्ने छुट वामपन्थी चरित्र पनि नदेखिएका / नभएका नेपाली 'कम्युनिष्टका' विशेषता रहे। निर्मम समीक्षाका अनिवार्य सर्त दायित्वबोध गर्दै अतीतलाई अतीतकै गर्भमा सदगत् गरेर मात्र अघिल्लो यात्रा गर्नु हो।

नयाँ गठबन्धनका रेखाचित्र

पहिलो कांग्रेस वा दोस्रो एमालेकै नेतृत्वमा सरकार गठन हुनेछ। सरकार

मिलिजुली बन्ने भो। अब भने कांग्रेस नयाँ गठबन्धनमा पश्चिमा दबाबले राप्रपा, नवोदय शक्ति, मधेसवादीसँग सहकार्य गर्न प्राथमिकता दिनेछ। पार्टीभित्र पनि नयाँ समीकरणको चाहना राख्ने उलेख्य शक्तिको उदय भयो। तर सबै वामपन्थीलाई प्रतिपक्षमा राख्नु र सडकमा धकेल्न पनि ऊ चाहँदैन। दक्षिणलाई भने अब एमाले र माओवादी अछुत रहेनन्।

विभिन्न कालखण्डमा कांग्रेस, एमाले र राप्रपासँगको गठबन्धन, पार्टीएकता र सहकार्यले माओवादी सशस्त्रद्वन्द्वप्रतिको धारणा, आग्रह र शत्रुतापूर्ण व्यवहारमा फरक ल्यायो। सामाजिक मनोभावमा समेत प्रभाव पाऱ्यो। भलै नाराको सामाजिकीरण गर्न र धरातलीय स्वामित्व लिन नसक्दा उसले उठाएका नारा र अभियानबाटै अन्य शक्तिको उदय भयो। माओवादी खुम्चिँदै जाँदा पनि सरकार बनाउन, टिकाउन महत्वपूर्ण भूमिकामै रहनेछ।

फेरि वाम एकताको नाराले बजार तात्नेछ। पार्टी एकताका अभ्यास एकआपसका शत्रुतापूर्ण सम्बन्ध, विपरीतको एकत्वलाई एमाले अध्यक्षले विगतमा स्वीकार्न सकेनन्। यसकारण नयाँ राजनीतिक अरुसँगको सहकार्य कठिन पारे पनि परिणामले नयाँ सहयात्री खोज्न विवश बनायो। दम्भपूर्ण नजरिया, आत्मअहंकार, अधिमूल्यन र धरातलीय यथार्थको बेवास्ता जस्ता दुर्गुणबाट बच्न नसक्दा विगतमा पाएको अपार अवसर सित्तैमा गुमे। राप्रपासँग त सहकार्य बाधा हुँदैन, अन्य बामपन्थीमा माओवादीसँग पनि समस्या छैन्, तर नेकपा (समाजवादी) सँग भने छोइछिटोले बाम एकतामा असर पर्नेछ।

परिस्थिति फेरिएसँगै पार्टीका प्राथमिकता पनि फेरिने गर्छन्। राजनीति सबैलाई, सबै ढोका सधैँ खुला राखिरहने सम्भावनाको खेल हो। गठबन्धन बन्छन्, भत्किन्छन्। राजनीतिमात्रै यस्तो विषय हो जसले हिजोलाई नभई भोलिलाई हेरर योजना र सहयात्री छानिन्छ। मित्र र विरोधीको तय गरिन्छ। नेतृत्वका भूमिकाले समाज र कार्यकर्तालाई धारणा फेर्न प्रोत्साहित मात्रै गर्दैन, व्यवहार फेर्न पनि हौस्याउँछ। बाध्य पार्छ। पुरानै तरिकाले नयाँ चुनौती सामना गर्न सकिँदैन। समयले कसैसँग सम्झौता गर्दैन। तर समयको गतिसँगै हिड्न नसक्नेले आफ्नै परिस्थितिसँग आफै सम्झौता गर्नु पर्ने हुन्छ। र, त्यो परिस्थिति प्राय: आफ्नै कर्मको उपज हुन्छ।

अस्तित्वमा सङ्कटको भयले सन्धि सम्झौता वा गठबन्धन हुने गर्छन्। तर, कांग्रेस र एमालेले गरेका गठबन्धनहरू आफ्ना हितमा हुञ्जेल पालना भए, अरुलाई उपयोग गरिए तर आफू भने आफ्नै मर्जीमा चले।

परिणामले दिएका सन्देश

- क्लेप्टोक्रेसी (भ्रष्टतन्त्र) भएका देशमा नाम भिन्नाभिन्नै भए पनि पार्टी चरित्र फरक हुँदैन सबै आदर्श फलाक्दै भ्रष्टाचारको लाईसेन्स लिन्छन्।
- चुनाव औधी महँगो भयो। सामान्यजन उम्मेदवार नै बन्न सक्ने अवस्था रहेन। कतिपय म्याच फिक्सिङ् भए। चुनावको समयमामात्रै धेरैलाई गाउँबस्ती याद आयो।
- याद नभएका मतदाता, भूलेका एजेण्डा, बिर्सेका आदर्श, मूल्यमान्यता, राजनीति अनुमोदित हुन सक्दैनथे। गुट अस्तित्वमै राजनीतिक जीवनका हित टकराउँदा पार्टीमा बिग्रह पैदा भए। उम्मेदवारले गुट नेतालाई दबाब दिँदै टिकट हात त पारे तर मतदाता आदेशमा चलेनन्।
- सिद्धान्तको आत्महत्या, पार्टीको महापतन र विघटन काल बनेर इतिहासले त्यसै खितखिताउँदै ठट्टा गरेको पक्कै होइन। किन मतदान कम भयो ? कुनकुन दृष्य/अदृष्य शक्ति खेल भए ?
- गुटको सक्रियता गिरोह बनेर देखापर्यो। जित्न नसकेपनि हराउन सकेकोमा मनखुस भए। कमजोर हुँदा गुट र गुटियार बलिया हुन्छन्। तिमी मलाई चन्दा देऊ, म तिमीलाई धन्दा दिन्छु भन्ने पार्टीनीति बन्यो।
- केही सांसदलाई नियाल्दा सदनमा किन, के गर्न आए, ल्याइए या पठाइए ? भन्ने चासो बढ्यो।
- सिंगमरमरमा पुगेपछि चिप्लिइन् सकिन्छ, भुँइका हिलोमैलो लागे पनि चिप्लदैन। समयका बेग र दिशा खुट्याउँदै परिस्थितिलाई काबुमा राख्न आफ्नै खुट्टामा दह्रोसँग उभिनेले मात्रै चुनौती पार गर्न सक्छन्।
- पार्टीको भावनात्मक एकता कायम गर्दै र कार्यकर्तालाई सक्रिय बनाउन ठूला पार्टीलाई औधी कठिन भयो। सिद्धान्त, आदर्श, सामूहिकता, समग्र जनता र कार्यकर्ता हित एवम् राष्ट्रिय एजेण्डा पूरा गर्ने नेतृत्वप्रति विश्वास हराउँदै जानु र आफ्नो प्रतिनिधित्व अरु कसैले गरिदिँदैनन् भन्ने सोच पलाउनु, सपनाको मृत्यु हुँदाका कारण भए।
- नेता, पार्टी र उम्मेदवारहरू व्यावहारिक क्रियाशीलता गतिशीलतामा मात्र टिक्छन्। समय अति गतिमा छ। त्यसलाई पक्रेर अघि बढ्न सक्ने नेतृत्वपङ्क्ति भएन भने सोचलाई परिणाममा फेर्न सकिँदैन। समय र समाज आदेशले चल्दैन, न कि इतिहासका भूमिकाले। सामाजिक नाडी र मनोभाव बुझ्न नसके शक्तिशालीहरू पनि बबुरो बन्नु पर्छ।
- नयाँशक्तिको उदयले सिद्धान्तहीन नै सिद्धान्त बन्यो। कांग्रेसभित्रको पश्चिमा लबी विरुद्ध नयाँशक्तिले उमेदवारी नदिनु राजनीतिभित्रको म्याचफिक्सिङ थियो।

किन नेताहरू सत्तामोह त्याग्न सक्दैनन् ?

सत्ताले सुख, सुविधा, सम्मान र सुरक्षाको जोगाड गरिदिन्छ। फेरि सत्तामा पुगिएन भने कार्यकालमा भएका, गरिएका गलत कामका पाना खोतलिएर पाता कसिन सक्छ। संसारकै भ्रष्ट शासकहरूको जेल यात्रा र आत्महत्याले अन्यलाई अत्याइरहेको हुन्छ। त्यसैले सधैँ सत्तामा टिक्न वा पुग्न चाहान्छन्। नेतृत्वलाई अहङ्कारले व्यभिचारी बनाइदिन्छ। कुरुपतामा सुन्दरता खोजिन्छ। लालसाले आशावादी जनमतका आँसु र सपनामा पौडी खेलिन्छन्।

राजनीतिमा अवकाश कहिले ? परिवारवाद कहिलेसम्म ? मलेसियाका ९७ वर्षीय प्रधानमन्त्री महाथिर मोहमदलाई सत्ताप्यास बुझेन। चुनाव लडे। आधुनिक मलेसियाका पिता यसैवर्षको चुनावमा भने पराजित भए।

रोडेसियाबाट जिम्बाबेमा फेर्ने

नायक सत्ता निरन्तर नचाहँदा संसारमै क्रान्तिवाट आएका सबभन्दा वृद्ध नेता रोबर्ट मुगाबे वार भेट्रानहरूको वास्ता नगरी अगाडि बढ्दा गौरवशाली इतिहासमा दाग लाग्यो, आफ्नै सहयोगीद्वारा कुर्सीबाट गलहत्याइए। अत्यन्तै गरिब परिवारमा जन्मेर ३७ वर्ष जिम्बाबेको नेतृत्व गर्ने मुगाबेको आखिर सत्ता गुमेको २ वर्षमै सिंगापुरको अस्पतालमा बिते। शक्तिलाई परिवारवादमा केन्द्रित गर्नेका लागि राजनीतिक शिक्षा हो।

राजनीति हिसाब न त किताबमा, न त अङ्कगणित, न त उखानमा चल्छ। राजनीतिका परिभाषा एकै झटकामा फेरिन्छन्। समयले नायकलाई कुनबेला खलनायक बनाउने पत्तै नपाए पनि तृष्णा भने मेट्दैन। राम्रो त्यतिमात्रै बन्नुस् जहाँ तपाइलाई बेकुफ नसोचियोस् भन्ने कुरा सत्ताले शासकलाई निर्देशन दिइरहेको हुन्छ।

दलालहरू मालिकको उपदेयता रहेसम्म मात्रै जिहजुरी गर्छन्। विचार सैद्धान्तिक आर्दश रहेसम्म मात्र नेतृत्वलाई साथ दिन्छन्। तर, शक्ति हुकुम संसार हाकिन्छ भन्ने मात्रै सोच्छ। अहंकार र हठ जागेको बेला हरेक सल्लाहकार गलतशक्ति सामु मुर्ख या सत्रु ठहरिन्छन्।

प्राज्ञिक र राजनीतिक सत्ता फरक हुन। प्राज्ञिक आवरणमा रहेका सत्ताधारीहरू पनि आफैलाई सर्वज्ञ सोच्छन्। संसारमा सर्वज्ञ कोही हुँदैन। गुरुले चेलाले जितोस् भन्ने चाहन्छ तर नेता भने बरु अरूले जितुन् मलाई हाकाहाकी चुनौती दिनेलाई त्यही नष्ट र ध्वस्त गरिदिन्छु भन्ने चाहन्छ। कुनै समयको शक्ति नै कालान्तरमा कमजोरीको कारण बन्न सक्छ।

खेल त खेलै त हो नी। आखिर कोसँग कस्तो खेल खेलिरहेका हुन्छ ? खेलाडीका चाल प्रतिस्पर्धीले नबुझ्ने हुँदैन। समय र चाल सधैँ नियन्त्रणमा हुँदैन। बरु सत्ताप्यासले आत्मघाती गोल पनि हुनसक्छ। खेल आफैसँगै खेल्दै त छैन् ?- आन्दोलनसँग ? जीवनसँग ? घटनासंग ? सहयोद्धाको चिहानसँगै खुट्याउन आवश्यक हुन्छ।

कुरा संविधानको

चुनावी परिणाम देख्दा: जे छैन र होइन त्यही देखाउनु र भन्नु परेको छ। संविधानको मूल भावनामा सत्ता केन्द्रमा पुग्न नसकेका तर पुऱ्याउन आवश्यकता सोचिएका तप्कालाई समानुपातिक प्रतिनिधित्वको परिकल्पना गरियो। तर, अभ्यास गरिँदा भने समानुपातिक प्रणाली नै भक्त उत्पादन केन्द्रमा फेरियो। सङ्घात्मक व्यवस्था शक्तिको विकेन्द्रीकरण भनिए पनि राजकीय शक्ति केन्द्रीकरण नै छ। धर्मनिरपेक्षता र गणतन्त्रमाथि नै आक्रमण बढ्दो छ।

सङ्घको औचित्य व्यवहारबाट पुष्टि हुन सकेन। भाषिक, आर्थिक, सांस्कृतिक र भौगोलिक के कारणले प्रदेशको गठन भयो ? शक्तिको केन्द्रिकरण नै छ भने सिद्धान्तलाई व्यावहारमा तौलेपछि नै परिणामले ठिक बेठिक खुट्याउँछ।

भारतीय संविधान निर्माता डा. भीमराव अम्बेडकरले संविधान जारी गर्ने अघिल्लो दिन अर्थात २५ नोभेम्वर १९५० मा संविधान कस्तो बन्यो भन्ने प्रश्नको जवाफमा भनेका थिए- 'कस्तो बन्यो मुख्य कुरा नभएर लागू कसले, कुन तरिकाले, कुन नियतले गर्छ भन्ने कुरा हो। यदि प्रजातान्त्रिक नेतृत्वले अभ्यास गऱ्यो भने संसारकै उत्तम संविधान हुन्छ, यसैमा टेकेर फासीवाद पनि जन्मन पनि सक्छ।'

मूल प्रस्थापनामा रहेको समानुपातिक, समावेशी, सङ्घात्मकता, गणतान्त्रिक समाजवाद उन्मुख लोकतान्त्रिक व्यवस्था नमान्ने, अस्वीकार गर्नेहरू पनि निर्वाचित भए।

चुनावको बहानामा समकालीन समाजसँग कुराकानी

राजनीतिमा हिजो नभई भोलिलाई हेरेर नित्य नयाँ निर्णय लिइन्छन्। चुनावी बोलीले दीर्घकालीन गम्भीर अर्थ र महत्व राख्दैनन्। मित्र र शत्रुहरू स्थायी हुँदैनन्। पार्टी भित्रका समिकरण फेरिइरहन्छन्। सामन्ती संस्कृतिमा मात्रै कुनैसमय बनाइएका धारणा जीवनभर एकैप्रकारको रहन्छ। ध्वस्त र निर्माणको सिद्धान्तमा ध्वस्त अत्यन्तै सहज हुन्छ, निर्माण अत्यन्तै गाह्रो। चुनाव भइरहन्छन्, विगतबाट सिक्ने मात्रै हो। राजनीतिले समाजसँग सँधै परीक्षा लिइरहन्छ। भिडमा लतारिने अनुमति नागरिकलाई हुँदैन तर, चुनावमा राष्ट्रवादको नाराबाट फासिवाद बन्ने जर्मनीका एडल्फ हिटलर मात्रै हैन निर्वाचित नेताले नै स्वतन्त्र राष्ट्रलाई भारतको २२ वा प्रान्तमा फेर्ने सिक्किमेली काजी लेन्डुप दोर्जेलाई बिर्सनु हुँदैन।

चुनाव आवश्यकता भइरहन्छ।: राजनीतिलाई समाजिकीकरण गर्न, क्षमता र जनमतको परीक्षा गर्न, आफन्त र पराइ चिन्न, राम्रो र नराम्रो छान्न, चलाईमान समाजको स्तर मापन गर्न। चुनावमा एकपक्षलाई रोज्नुपर्छ। रोज्दा किन रोज्ने ? प्रश्न र जिज्ञाशा जन्मिन्छन्। तब मौन र निष्कृय समाजले पनि ज्ञान, बुद्धि र विवेक खर्चिनु पर्छ। समाजमा चेतनाका हलचल हुन्छ र समाज र मान्छे नित्य नयाँ बनिरहेको हुन्छ। आफैँलाई किन र कसरीको उत्तर दिएर सन्तुष्टी पार्नुपर्छ। अरूका तर्क, विचार सुनेर आफ्ना विश्वासमाथि पनि फेरि प्रश्न उठाउन बाध्य भइन्छ। चुनाव एउटा सामाजिक उत्सव हो। एक संवेदनशील मूल्यांकनले समय, काल, परिस्थिति, समाज, पार्टी र देशलाई पार्ने असर आमचुनाव एक लोकतान्त्रिक अनिवार्यता पनि हो।

शान्तिपूर्ण सङ्घर्ष भए पनि युद्धका सबै नियम र तरिका चल्छन्। षडयन्त्रका साम, दाम, दण्ड, भेद, सन्धि, बिच्छेद सबै हतियार प्रयोग गरिन्छन्। तर, समय र अवस्थासँगै मित्रता र सिद्धान्त फेर्नेहरूको भर पर्न भने सकिँदैन। नाफाले जीवन चलाउने उनीहरू खाँटी व्यपारी जस्तै हुन्छन्।

- निर्वाचनले राजनीतिक, सामाजिक र सास्कृतिक रोचक तस्वीर खिच्यो। आन्तरिक संरचनागत सुधार नहुँदा दलभित्र अभिजातीय पात्र र प्रवृत्ति मौलाए। समाजलाई अग्रगमनको नेतृत्व गर्ने पार्टीबाट जनमत निरास हुँदा समाज पश्चगामी यात्रातर्फ नफर्कला भन्न सकिन्न। अभिजातीय पात्र र प्रवृत्तिले लोकतन्त्रलाई मनोवैज्ञानिक व्यवस्थापन र सामाजिकीकरण गर्न अवरोध खडा गर्ने सङ्केत दिए।
- नेपाली समाजले बुर्जुवा लोकतन्त्र र आवधिक निर्वाचनलाई यथोचित रूपमा आन्तरिक मनोवैज्ञानिक गतिहीनताको पराकाष्ठा व्यक्त गर्ने तर मतपत्रमा त्यही

पात्र र प्रवृत्तिबाट प्रभावित भएर पुन: सत्तारूढ गराउने मनोदशा हाबी छ।

- समाजमा हिनताबोध छाएर निरासा बढ्ने,शासन चरित्र क्रोनी क्यापिटलज्मको महारोगल कल्प्टोक्रेसीमा (भ्रष्टतत्र)फेरिँदै गएपछि आन्तरिक एवम् बाहिरी रूपमा मनोवैज्ञानिक व्यवस्थापन हुनबाट लोकतन्त्र अवरुद्ध हुन्छ। लोकतन्त्र र सङ्घीयताबिच मनोवैज्ञानिक सम्बन्ध स्थापित हुनका लागि आर्थिक र सामाजिक विकास अनिवार्य हुन्छ। आधार विकृत बनाउँदा तीब्र गतिको आर्थिक, सामाजिक विकास नहुँदा हिनताबोधले निराशा हाबी हुन पुग्यो।
- रचनात्मक सुधार नहुँदा नेतृत्वले विश्वास गुमाउँदै जाँदा राजनीतिक कोर्षलाई नै पछाडि फर्काउन चाहाने शक्तिको विकासमा ठूलादलका नेतृत्व जिम्मेवार छन।

बिट मार्नु पहिला

- इतिहाससँग नसिक्नेलाई इतिहासले दण्ड दिन्छ।
- क्यौँ अहंकारी चिप्लिए मात्रै हैन पछारिए पनि। थोत्रो क्याल्कुलेटरले सही हिसाब निकाल्दैनथ्यो। ०६२/६३को परिवर्तनले ल्याएका आशा निराशामा एकैदिन फेरिएका हैनन्। जागृत महत्वाकाङ्क्षा उर्जा बन्न सकेन् बरू अहङ्कार फैलिँदा आफ्नै वंशमा यदुवंश जन्मिए। हिनताबोध र निरासाका कारण बने।
- अबको सदनमा सत्तासमिकरण बन्ने भत्कने खेलले ०५२ पछाडिको झझल्को देखिनेछ। आपूर्ति कम भएपछि मालको मोल चर्को हुन्छ नै।
- फेरि कांग्रेसलाई आफ्नै पार्टीमा अन्तरघाती सांसद शाही र शाह जन्मिएर देउवा सरकार ढालेको याद गराउँदैछ। सत्तामा रहन चाहाँदा प्राडो,बैंकक,यात्रा मात्रै हैन सूर्यबहादुर थापाको नेतृत्वलाई प्रजातन्त्रवादी भनेर कांग्रेसको यात्रा, लोकेन्‍बहादुर चन्दजीलाई राष्ट्रवादी भनेर एमाले यात्रा त दोहोरिने हैन। समिट होटलको सौन्दर्यता त नेपाली राजनीतिका विद्यार्थीले भूलेका छैनन्।
- सदनमा पश्चिम प्रशिक्षित दक्षिणपन्थको वर्चस्व हुने भयो। हाम्रो जस्तो भूसंवेदनशील राष्ट्रमा अति दक्षिणपन्थको उदयले नवनाजी भ्लादमिर जेलोनेस्की जन्माउने र पश्चिमाको कृडास्थल बनाउने सम्भावना बढाएको छ। को, कुन कभरमा कस्तो लोकप्रिय नाराका साथमा कसरी आँउछ ? भनेर परिणाम नियालौँ। जिग्मी वाई थिन्लेले प्रधानमन्त्रीका रूपमा भुटानलाई भारतको आलिंगनबाट फुत्काएर विश्व सम्बन्ध राख्ने, कूटनीतिक भेटघाट गर्ने, चिनियाँ सहयोग स्विकार्ने जस्ता काम गरेर भारतका आँखामा बिझाउन पुगेका थिए। उनले चिनियाँ प्रधानमन्त्री वेन जियाबाओसँग २०१२ जुन २१ मा ब्राजिलमा भेटेपछि थिन्ले सरकार विस्थापित भयो। नाकाबन्दी भयो, चुनावमा छिरिङ तोब्गेद्वारा पराजय भोगे। डोकलाम घटना त छ नै। तामिल विद्रोह दवाउने श्रीलंकाका राष्ट्रपति महिन्द्रा राजापाक्षले जित्छु भन्ने आत्मविश्वासका साथ समयअगाडि नै घोषणा गरेको निर्वाचन (२४ पुस २०७१) मा अनपेक्षित पराजय भोगेपछि 'साउथ चाइना मर्निङ पोस्ट' लाई दिएको पहिलो अन्तर्वार्ता:। 'मैले मित्र मुलुकका विरुद्ध श्रीलंकाली भूमि कहिल्यै प्रयोग नहुनेमा आश्वस्त पारें, तर तिनी (भारतीय) हरूको विचार अर्कै रहेछ।' श्रीलंकाकामा चिनिया लगानी र सहयोग भित्र्याएको राजापाक्षे सरकार दिल्लीलाई अँखाको कशिंगर बनेको थियो। बेलाईती समाचार संस्था रोयटर्सले राजापाक्षको पराजयमा भारतीय गुप्तचर संस्था 'रिसर्च एन्ड एनालाईसिस विङ' (रअ) को भूमिका रहेको सनसनीपूर्ण समाचार सार्वजनिक गरेको थियो। चुनावमा सरोकार राख्ने शक्ति राष्टको हस्तक्षेप विभिन्न तरिकाले हुन्छ। डोनाल्ड ट्रम्पलाई जिताउने रुसले खेल खेलेको आरोप डेमाक्रेटहरूले लगाएर जाँच आयोग नै बसाएका थिए। मन्दिरमा मात्रै घन्टी बज्दैन चर्चमा पनि बज्छन्। चर्चले एकमुष्ट नयाँशक्तिलाई सकृय समर्थन दिनु र जर्ज स्वरोजको ओपन सोसाइटी फाउन्डेसनको मिहिन अध्ययन, विश्लेषणको सकृय सहयोगले नयाँशक्तिको उदय बुझ्न सकिन्छ। निरास जनमत, ठूलापार्टी प्रतिको घृणा, आर्थिक अभिभावक बनेको विदेशिएको जनमतले घरपरिवारलाई गरेको आग्रह र अनुरोध मतदातालाई पनि थप सहयोग पुयायो। हरेक पार्टीमा अन्तराष्ट्रिय विभाग र ती देशमा भात्रीसङ्गठन पनि सकृय छन्। तर, ती नयाँशक्ति सामु अर्थहीन देखिए। विभिन्न अनुहारमा देखिएका नयाँशक्तिका घण्ट बजाउने भने एउटै हात हो।
- सबैभन्दा पहिला नेपालमा चुनावी शक्तिखेल उत्तर र दक्षिणबाट मात्र हुन्थे यसपटक भने पश्चिमाले चोटिलो हस्तक्षेप गरे। संसदको हाटबजार खुल्यो। पूरै परिणाम नआइसक्दै सांसदहरूको लिलाम बढाबढ सुरू भइसक्यो। माग ज्यादा, आपूर्ति कम। ५२ सालपछिको संसदीय लिलाम बढाबढ खेलको इतिहास फेरि दोहोरिँदैछ। यसका असर जनमत र स्वतन्त्र पार्टीमा परेर पहिला फुट्नेछन्। स्वतन्त्र भन्नेहरूमाझ त अझ बल्ले बल्ले।

चुनावी परिणाम देख्दा: जे छैन र होइन त्यही देखाउनु र भन्नु परेको छ। संविधानको मूल भावनामा सत्ता केन्द्रमा पुग्न नसकेका तर पुऱ्याउन आवश्यकता सोचिएका तप्कालाई समानुपातिक प्रतिनिधित्वको परिकल्पना गरियो। तर, अभ्यास गरिँदा भने समानुपातिक प्रणाली नै भक्त उत्पादन केन्द्रमा फेरियो। सङ्घात्मक व्यवस्था शक्तिको विकेन्द्रीकरण भनिए पनि राजकीय शक्ति केन्द्रीकरण नै छ। धर्मनिरपेक्षता र गणतन्त्रमाथि नै आक्रमण बढ्दो छ।

विश्लेषण

कमलराज लम्साल*

निर्वाचन र मानव अधिकार

निर्वाचन एक बहुआयामिक विषय भएकाले धेरै विषयहरु यससँग जोडिएका छन्। निर्वाचन सारभूत र निर्वाचन प्रणाली प्रकृयागत कुरा हुन्। यद्यपि निर्वाचन र निर्वाचन प्रणालीलाई मानिसको चेतना स्तर, स्वीकार्यता तथा मतदान व्यवहार आदि कुराले प्रभावित पार्छन्। हाल अभ्यासमा रहेका निर्वाचन पद्धतिले जीत वा हारको महसुस गराउने भएकाले समानुपातिक समावेशी निर्वाचन प्रणालीको नयाँ बहस समेत शुरु भएको पाइन्छ। हाल नेपालमा प्रचलनमा रहेको निर्वाचन प्रणालीले शासनमा बहुसंख्यक जनताको प्रतिनिधित्व गराउन खोजेको छ। तथापि निर्वाचन प्रणालीमा रहेका/देखिएका कमजोरी सच्याउन व्यापक सुधारको खाँचो छ।

पृष्ठभूमि

निर्वाचन नागरिक र सरकारलाई जोड्ने पुल हो। लोकतान्त्रिक व्यवस्थामा निर्वाचनको माध्यमबाट मुखरित जनचाहनालाई सम्बोधन गर्ने प्रयास गरिन्छ। यसको प्रयोजनका लागि नागरिकले स्वत:स्फूर्त निर्वाचनमा भाग लिन्छन्। निर्वाचनमा उमेदवार हुन पाउनु र मत जाहेर गर्न पाउनु दुबै मानव अधिकारका सवाल हुन्।

निर्वाचन लोकतान्त्रिक सरकार निर्माणको महत्वपूर्ण विधि हो। यसका लागि विभिन्न राजनीतिक दलहरुले आ-आफ्ना नीति तथा कार्यक्रम जनतासामु प्रस्तुत गर्छन्। निर्वाचनमा जनताले आफूसँग निहित छनौटको अधिकार प्रयोग गर्छन्। यसर्थ निर्वाचन मानिसको राजनीतिक अधिकार सुनिश्चित गर्ने सशक्त औजार हो। निर्वाचनकै माध्यबाट जनताले आफ्ना प्रतिनिधि छनौट गर्छन् र उक्त प्रतिनिधिमार्फत् शासित हुन मञ्जुर हुन्छन्। त्यसैले निर्वाचन स्वच्छ र स्वतन्त्र हुनु जरुरी छ। जहाँ जनताले विना कुनै भय आफ्नो निर्णय लिन सक्छन्। अत: निर्वाचन भन्नासाथ स्वतन्त्र, स्वच्छ, निष्पक्ष र पारदर्शी प्रकृया भन्ने बुझ्नुपर्छ। मतदातालाई प्रभावित पारी आफ्नो पक्षमा जनमत देखाउन गरिने निर्वाचनलाई बैधता दिन सकिदैन।

निर्वाचन र लोकतन्त्रबीच अन्योन्याश्रित सम्बन्ध छ। लोकतान्त्रिक सरकारले समय सन्दर्भ अनुसार जनताका आवश्यकता सम्बोधन गर्न आवधिक निर्वाचनको आयोजना गर्छ भने जनताले निर्वाचनमार्फत् आफूलाई शासन गर्न योग्य व्यक्ति करार गर्छ। यसरी नागरिकलाई सार्वजनिक मामिला वा शासनमा संलग्न गराउने कुराको सुनिश्चितता गर्नुनै लोकतान्त्रिक सरकारको दायित्व हो। निर्वाचनकै माध्यमबाट नागरिकले सरकार बनाउने र सरकारमाथि नियन्त्रण गर्ने अधिकारको प्रयोग गर्छन्।

निर्वाचन एक अन्तरसम्बन्धित विषय हो। वास्तविक निर्वाचनले नागरिकको मतदान गर्न पाउने अधिकार मात्र नभई राजनीतिक दल तथा संघ संस्था खोल्न पाउने स्वतन्त्रता, शान्तिपूर्वक भेला हुन पाउने तथा आवागमनको स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता, हिंसा तथा विभेद विरुद्धको स्वतन्त्रता, सुरक्षा र धम्कीबाट स्वतन्त्रता जस्ता हक अधिकार सुनिश्चित गर्न सहयोग गर्छ। यस्तै स्वच्छ सुनुवाई तथा प्रभावकारी उपचारको हक, शिक्षाको हक आदि पनि निर्वाचनसँग सम्बन्धित छन्। निर्वाचित जनप्रतिनिधिले गर्ने कामले जनताका अन्य अधिकार सुनिश्चित गर्न मद्दत पुग्छ। निर्वाचनकै माध्यमबाट शासनमा सरोकारवालाहरुको अधिकाधिक उपस्थिति सुनिश्चित गर्न सकिन्छ। यसर्थ निर्वाचन सहभागितामूलक लोकतन्त्रको पर्याय पनि हो।

निर्वाचन द्वन्द्वोत्तर शान्ति निर्माणको औजार पनि हो। यसले हिंसायुक्त समाजमा लोकतन्त्र र शान्ति स्थापनामा सहयोग गर्छ। यद्धपी द्वन्द्वोत्तर समयमा हुने निर्वाचन धेरै संवेदनशील र चुनौतिपूर्ण हुन्छन्। आवधिक निर्वाचनले लय लिन थालेपछि मात्रै लोकतन्त्रले लय लिन सक्छ। लोकतन्त्र सही बाटोमा हिंडेमात्रै मानिसको राजनीतिक अधिकार सुनिश्चित गर्न सकिन्छ।

निर्वाचन र मानव अधिकार

मानव अधिकार मानिसको नैसर्गिक अधिकार हो। मानव अधिकार नै वास्तवमा मानिसलाई मानिस भएर बाँच्न दिने औजार हो। मानव अधिकारसम्बन्धी अधिकार-पत्रहरुले मानिसलाई शक्तिशाली र निर्मम राज्य/सरकारका विरुद्ध पनि सबल तुल्याएका छन्। मानव अधिकारकै उपज स्वरुप मानिसले आफ्नो सिर्जनशीलता र क्षमता प्रदर्शन गर्न पाएका/सकेका छन्।

मानव अधिकार अन्तर्गत मुख्यतया नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार रहेका छन्। निर्वाचनलाई मानिसको राजनीतिक अधिकार

* उप-प्राध्यापक (द्वन्द्व र शान्ति अध्ययन) मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत

सुनिश्चित गर्ने औजारको रुपमा लिइएको छ। यस आलेख निर्वाचन र मानव अधिकारको विषयमा केन्द्रित छ। मानव अधिकारसम्बन्धी विभिन्न दस्तावेजमा निर्वाचनसम्बन्धी अधिकारलाई निम्नलिखित ढङ्गले औँल्याइएको पाइन्छ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८

संयुक्त राष्ट्रसंघीय महासभाबाट १९४८ डिसेम्बर १० मा सर्वसम्मत् स्वीकार गरिएको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा सहभागितामूलक सरकार निर्माणसम्बन्धी नागरिकको मौलिक अधिकार सुनिश्चित गर्न पारदर्शी र खुला निर्वाचनको औधी महत्व रहेको उल्लेख छ। उक्त घोषणापत्रको धारा २१ मा निम्न अधिकारहरू उल्लेख छन्।

(क) प्रत्येक व्यक्तिलाई प्रत्यक्ष वा स्वतन्त्र रूपले छानिएका प्रतिनिधिहरु मार्फत् आफ्नो देशको सरकारमा भाग लिन पाउने अधिकार छ।

(ख) प्रत्येक व्यक्तिलाई आफ्नो देशको सार्वजनिक सेवामा समान पहुँच पाउने अधिकार छ।

(ग) जनताको इच्छा नै सरकारको अख्तियारीको आधार हुनेछ। यो इच्छा विश्वव्यापी र समान मताधिकारद्वारा हुने आवधिक र निष्पक्ष निर्वाचनमार्फत् अभिव्यक्त गरिनेछ र यस्तो निर्वाचन गोप्य मतदान वा त्यस्तै स्वतन्त्र मतदान प्रकृयाहरूबाट सम्पन्न हुनेछ।

यसरी मानव अधिकारसम्बन्धी मानक घोषणापत्रले मानिसको मताधिकारलाई मानव अधिकारको रूपमा स्थापित गरेको छ। साथै, स्वतन्त्र, निष्पक्ष र गोप्य मतदानलाई निर्वाचनका आधारभूत अवयवका रूपमा स्वीकार गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धी १९६६

स्वतन्त्र र स्वच्छ आवधिक निर्वाचनमा भाग लिने, मतदान गर्ने र निर्वाचित हुने नागरिकको राजनीतिक अधिकार हो। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि १९६६ को धारा २५ मा निर्वाचनसम्बन्धी निम्न प्रावधान पूरा गर्न पक्ष राष्ट्रहरुलाई बाध्य तुल्याइएको छ।

(क) प्रत्यक्ष रूपमा वा स्वतन्त्र रुपमा छानिएका प्रतिनिधिहरू मार्फत् सार्वजनिक जीवन सञ्चालनमा भाग लिने।

(ख) सर्वव्यापी तथा समान मताधिकारबाट र गोप्य मतदानबाट मतदाताहरूको इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरुमा मतदान गर्ने र निर्वाचित हुने।

(ग) आफ्नो देशमा समानताका सामान्य शर्तहरूमा सार्वजनिक सेवामा पहुँच प्राप्त गर्ने।

उक्त महासन्धीले निर्वाचनसम्बन्धी अधिकारको प्रयोग गर्दा कसैलाई कुनै प्रकारको भेदभाव गर्न नहुने कुराको समेत सुनिश्चितता गरेको छ।

महिलाको राजनीतिक अधिकार सम्बन्धी महासन्धी १९५२

महिलाहरूले कुनै पनि भेदभाव विना पुरुष सरह सबै निर्वाचनमा मतदान गर्न पाउने, निर्वाचित हुन पाउने तथा सार्वजनिक पद धारण गर्न र सम्पूर्ण सार्वजनिक कामहरू गर्न पाउने अधिकार सुनिश्चित गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धी १९७९

राजनीतिक तथा सामाजिक जीवनमा महिला र पुरुषबीच हुने भेदभाव उन्मूलन गर्न उक्त महासन्धीले पक्ष राष्ट्रहरुलाई निम्न कुराको दायित्व पूरा गर्न बाध्य बनाएको छ। उक्त महासन्धिको धारा ७ मा रहेका प्रावधानहरु यसप्रकार रहेका छन्।

(क) सबै निर्वाचन र सार्वजनिक जनमतसंग्रहहरुमा मतदान गर्ने अधिकार र सार्वजनिक रुपमा निर्वाचन हुने निकायहरुमा निर्वाचनको लागि योग्य हुने अधिकार।

(ख) सरकारी नीतिको तर्जुमा र कार्यान्वयनमा सहभागि हुने तथा सार्वजनिक पद धारण गर्ने र

निर्वाचन लोकतान्त्रिक सरकार निर्माणको महत्वपूर्ण विधि हो। यसका लागि विभिन्न राजनीतिक दलहरुले आ–आफ्ना नीति तथा कार्यक्रम जनतासामु प्रस्तुत गर्छन्। निर्वाचनमा जनताले आफूसँग निहित छनौटको अधिकार प्रयोग गर्छन्। यसर्थ निर्वाचन मानिसको राजनीतिक अधिकार सुनिश्चित गर्ने सशक्त औजार हो। निर्वाचनकै माध्यबाट जनताले आफ्ना प्रतिनिधि छनौट गर्छन् र उक्त प्रतिनिधिमार्फत् शासित हुन मञ्जुर हुन्छन्। त्यसैले निर्वाचन स्वच्छ र स्वतन्त्र हुनु जरुरी छ। जहाँ जनताले विना भय आफ्नो निर्णय लिन सक्छन्। अतः निर्वाचन भन्नासाथ स्वतन्त्र, स्वच्छ, निष्पक्ष र पारदर्शी प्रकृया भन्ने बुझ्नुपर्छ। मतदातालाई प्रभावित पारी आफ्नो पक्षमा जनमत देखाउन गरिने निर्वाचनलाई वैधता दिन सकिदैन।

सरकारका सबै तहहरुमा हुने सार्वजनिक कार्यहरु सम्पादन गर्ने अधिकार।

(ग) मुलुकको सार्वजनिक तथा राजनीतिक जीवनसँग सम्बन्धित गैर-सरकारी संघ संस्थाहरुमा भाग लिने अधिकार।

यसरी उक्त महासन्धीले राजनीतिक तथा सार्वजनिक जीवनमा महिला र पुरुषको समान अधिकारलाई स्थापित गरेको छ।

नेपालको संविधान बमोजिम राजनीतिक तथा निर्वाचनसम्बन्धी अधिकारको प्रयोग

नागरिकको राजनीतिक अधिकार सुनिश्चित गर्न तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अधिकार-पत्र तथा महासन्धीहरुबाट सिर्जित दायित्व पूरा गर्न नेपालको संविधानले निवाचनसम्बन्धी निम्न प्रावधानहरुको संवैधानिक सुनिश्चितता गरेको छ।

नेपालको संविधानले लोकतान्त्रिक पद्धति सुनिश्चित गर्न स्वतन्त्र र स्वच्छ आवधिक निर्वाचन आवश्यक रहेको कुरा स्वीकार गरेको छ। संविधानको प्रस्तावनामै जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, वालिग मताधिकार तथा आवधिक निर्वाचनलाई संविधानको अन्तरवस्तुको रुपमा अंगीकार गरिएको छ।

यसैगरी मौलिक हक अन्तर्गत धारा १७ मा प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल तथा संघ संस्था खोल्ने स्वतन्त्रता र स्वतन्त्र आवागमनको प्रत्याभूति गरिएको छ। संविधानमा उल्लेख गरिएका उक्त स्वतन्त्रता सबै नागरिकलाई समान रुपमा उपलब्ध हुन्छ।

यसैगरी धारा ५१ मा राज्यले निम्नलिखित राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिहरु अंगीकार गरेको छ।

(क) राजनीतिक उपलब्धीको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक सामाजिक तथा साँस्कृतिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने।

(ख) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने।

(ग) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको कार्यान्वयन गर्ने।

(घ) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने।

माथि उल्लेख गरिएका अधिकाँश नीतिगत कार्यको सुनिश्चितताका लागि निर्वाचन अपरिहार्य कुरा हो। सहभागितामूलक राज्य निर्माण र जनताको सर्वोत्तम हित स्थापना निर्वाचनकै माध्यमबाट मात्र सम्भव हुन्छ।

निर्वाचन र राजनीतिक दल

जनताको राजनीतिक अधिकार प्रयोगको सन्दर्भमा निर्वाचन महत्वपूर्ण कुरा हो। प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीमा राजनीतिक दलहरुले नै जनताको प्रतिनिधित्व गर्छन्। दलले तय गरेको राजनीतिक विचारधारा, दर्शन र कार्यक्रमकै आधारमा जनताले छनौटको अधिकार प्रयोग गर्छन्। यसका लागि दलले जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार र प्रसार गर्न गराउन सक्छन्।

नेपालको संविधानको भाग २४ मा निर्वाचन आयोग र भाग २९ मा राजनीतिक दलसम्बन्धी व्यवस्था गरिएको छ। संविधानले राजनीतिक दल दर्ता तथा आवधिक रुपमा आवश्यकता अनुरुप निर्वाचन गराउने जिम्मा निर्वाचन आयोगलाई प्रदान गरेको छ। यसका अलावा राजनीतिक दलको आन्तरिक लोकतन्त्रलाई पनि संविधानको अन्तर्वस्तुका रुपमा अ ीकार गरिएको छ। निर्वाचन आयोगलाई राष्ट्रपति, उपाराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचन तथा राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने संवैधानिक दायित्व छ। यसरी हुने सबै प्रकारका निर्वाचनमा वालिग भएका सबैले विना कुनै भेदभाव भाग लिन पाउँछन्।

नागरिकको राजनीतिक अधिकार उपभोगका सन्दर्भमा नेपालको संविधानले जनभावना मुखरित गर्ने माध्यमको रुपमा दर्ता भएका राजनीतिक दललाई प्रतिबन्ध लगाउनमा समेत बन्देज गरेको छ। संविधानले प्रत्येक नागरिकलाई विना कुनै भेदभाव मतदान गर्ने, निर्वाचनमा उमेदवार हुने र निर्वाचित हुने तथा निर्वाचन हुने प्रयोजनका लागि राजनीतिक दल खोल्ने र त्यसको प्रचार प्रसार गर्न गराउन पाउने हक सुनिश्चित गरेको छ। साथै, यसको प्रयोजनका लागि समेत प्रष्ट प्रकृयागत व्यवस्था छ।

निर्वाचन र निर्वाचन प्रकृया

सरकारले गर्ने काम कारवाहीमा नागरिक हस्तक्षेप गर्ने सबैभन्दा महत्वपूर्ण उपाय नै निर्वाचन हो। निर्वाचनमा मतदानमार्फत् नागरिकले आफूलाई आवधिक रुपमा शासन गर्ने उमेदवार छान्छन्। अत: निर्वाचन आफैमा मानिसको राजनीतिक अधिकार स्थापित गर्ने संयन्त्र र प्रकृया दुबै हो। यसका लागि कुनैपनि लोकतान्त्रिक सरकारले स्वतन्त्र, स्वच्छ र वास्तविक निर्वाचन प्रकृया निर्धारण गर्नु आवश्यक छ। साथै, निर्वाचन व्यव्यापन सम्वन्धमा उचित र सक्षम संयन्त्रको निर्माण र विकास गर्नु जरुरी छ।

निर्वाचनका प्रकार

सामान्यतया निर्वाचन आम रुपको हुन्छ। यद्धपी विभिन्न तह, क्षेत्र र प्रयोजन अनुरुप पनि निर्वाचन गर्ने गरिन्छ। नेपालमा हुने निर्वाचनहरु यसप्रकार छन्।

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन

नेपालको संविधानको भाग ६ अन्तर्गत राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था छ। जसअनुसार फरक फरक मतभार भएका संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य सम्मिलित निर्वाचक मण्डलबाट राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन हुन्छ। राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लि
र समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ।

संघीय संसदका सदस्यको निर्वाचन

नेपालको संविधानमा संघीय संसद अन्तर्गत प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदन रहेका छन्। दुबै सदनको निर्वाचनमा अलग अलग विधि र प्रकृयाको अवलम्वन गरिन्छ।

प्रतिनिधि सभा सदस्यको निर्वाचन

प्रतिनिधि सभाका २७५ सदस्यको निर्वाचन संविधानको धारा ८४ बमोजिम यसप्रकार गरिन्छ।

(क) नेपाललाई जनसंख्या र भौगोलिक अनुकुलता तथा विशिष्टता आधारमा १६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम १६५ सदस्य।

(ख) सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दश सदस्य।

यसरी गठन हुने प्रतिनिधि सभालाई अधिकतम समावेशी बनाउन संविधान तथा निर्वाचन कानुनमा आरक्षणको प्रावधान राखिएको छ। जसले राज्य सञ्चालनमा सबैको समान अधिकार रहेको कुरा पुष्टि गर्छ। प्रतिनिधि सभाको कार्यकाल सामान्यतया पाँच वर्षको हुन्छ। जननिर्वाचित संसदको कार्यकाल संविधानमै स्पष्ट हुनुले आवधिक निर्वाचनको महत्वलाई पनि आत्मसात गरिएको पाइन्छ।

राष्ट्रिय सभा सदस्यको निर्वाचन

संविधानको धारा ८६ बमोजिम स्थायी सदनको रुपमा रहने राष्ट्रिय सभाको गठन देहायबमोजिम हुन्छ।

(क) फरक फरक मतभार रहने प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला एक जना दलित र एक जना अपा ता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जना गरी निर्वाचित ५६ जना।

(ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित कम्तीमा एक जना महिलासहित तीन जना।

प्रदेश सभा सदस्यको निर्वाचन

नेपालको संविधानको धारा १७६ बमोजिम प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको संख्यामा सदस्य रहनेछन्।

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य।

(ख) खण्ड क बमोजिम कायम हुने सदस्य संख्यालाई साठी प्रतिशत मानी बाँकी चालीस प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य।

हाल कायम रहेका सातवटै प्रदेशमा फरक फरक संख्यामा सदस्य रहने गरी प्रदेश सभाको गठन हुन्छ। यसरी गठन हुने प्रदेश सभा समावेशी चरित्रको हुनुपर्ने संवैधानिक प्रावधान छ।

गाउँ सभा र नगर सभा सदस्यको निर्वाचन

नेपालको संविधान बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकामा जननिर्वाचित गाउँ सभा र नगर सभा रहने प्रावधान छ। गाउँ सभा र नगर सभा सदस्यको निर्वाचन देहाय बमोजिम हुन्छ।

धारा २२२ बमोजिम गठन हुने गाउँ सभामा गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र धारा २१५ को उपधारा ४ बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन्।

धारा २२३ बमोजिम गठन हुने नगर सभामा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र धारा २१६ को उपधारा ४ बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन्।

यसरी गठन हुने प्रत्येक गाउँ सभा वा नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ।

प्रतिनिधि सभाको सभामुख र उपसभामुख

नेपालको संविधानको धारा ९१ बमोजिम प्रतिनिधि सभामा फरक फरक दल र लिङ्गको प्रतिनिधित्व हुने गरी सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्नेछ।

राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष

नेपालको संविधानको धारा ९२ बमोजिम राष्ट्रिय सभामा फरक फरक लिङ्गको प्रतिनिधित्व हुने गरी अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नुपर्नेछ।

प्रदेश सभाको सभामुख र उपसभामुख

नेपालको संविधानको धारा १८२ बमोजिम प्रत्येक प्रदेश सभामा फरक फरक दल र लिङ्गको प्रतिनिधित्व हुने गरी प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन गर्नुपर्नेछ।

विश्वासको मत र अविश्वास प्रस्ताव

नेपालको संविधानको धारा १०० बमोजिम प्रतिनिधि सभाका सदस्यले प्रधानमन्त्रीमाथि विश्वास रहे/नरहेको तथा धारा १८८ बमोजिम मुख्यमन्त्रीमाथि विश्वास रहे/नरहेको मत जाहेर गर्न पाउने व्यवस्था छ। यसरी अविश्वासको प्रस्तावको माध्यमबाट सार्वभौम संसदले सरकारमाथि नियन्त्रण गर्न सक्ने प्रावधान छ।

महाभियोग

नेपालको संविधानको धारा १०१ मा संविधान र कानुनको गम्भीर उल्लंघन गरेको आधारमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधान न्यायाधीश, वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारी विरुद्ध प्रतिनिधि सभाको दुई तिहाइ बहुमतबाट महाभियोग प्रस्ताव पारित गर्न सकिने प्रावधान छ। स्वेच्छाचारी शासनबाट मुलुकलाई जोगाउन यस्तो व्यवस्था गरिएको हो।

विधेयक पारित गर्ने विधि

नेपालको संविधान बमोजिम प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सभा तथा स्थानीय सभाबाट विधेयक पारित गर्दा तत्काल कायम रहेको सदस्य संख्याको बहुमतबाट निर्णय गर्ने प्रावधान छ। जसले नीतिगत छनौटमा नागरिकको अधिकार सुनिश्चित गरेको छ।

प्रधानमन्त्री तथा मुख्यमन्त्रीको चयन

नेपालको संविधानको धारा ७६ बमोजिम प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने प्रावधान छ। यस्तै धारा १६८ बमोजिम प्रदेश सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्ने प्रावधान छ। यसले बहुमतप्राप्त दल वा व्यक्तिलाई शासन सञ्चालनको जिम्मा दिने अभ्यासलाई प्रश्रय दिएको छ।

वालिग मताधिकार

नेपालको संविधानले १८ बर्ष पुगेका सबै नेपाली नागरिकलाई वालिग मताधिकार प्रदान गरेको छ। मतदान गर्न पाउने हक भएका सबैले सम्बन्धित कानुनको अधीनमा रही प्रतिनिधि सभा, प्रदेश सभा तथा स्थानीय तहको निर्वाचनमा विना कुनै भेदभाव मतदान गर्न सक्नेछन्।

आयोग वा समिति

संविधान तथा विभिन्न कानुन बमोजिम गठन हुने आयोग वा समितिले महत्वपूर्ण विषयमा निर्णय गर्दा सर्वसम्मत् वा बहुमत सदस्यले पारित गर्नुपर्ने प्रावधान छ। यस्ता प्रावधानले शासनमा जनताको संलग्नता र तिनको छनौटको अधिकार सुनिश्चित गर्न खोजेको देखिन्छ।

निर्वाचन मानिसको राजनीतिक अधिकार सुनिश्चित गर्ने सबैभन्दा महत्वपूर्ण औजार र विधि भएकाले निर्वाचन प्रणालीमा स्वच्छता र पारदर्शिता कायम हुनु जरुरी छ। संयुक्त राष्ट्रसंघीय निकाय तथा विभिन्न अन्तर्राष्ट्रिय संघ संस्थाले नागरिकको मौलिक हकको प्रयोजनका लागि सबै निर्वाचन मानव अधिकारमैत्री हुनुपर्नेमा जोड दिएका छन्। फलस्वरुप नेपालको संविधान तथा निर्वाचन कानुनले निर्वाचनलाई स्वतन्त्र र स्वच्छ बनाउन खोजेको पाइन्छ।

चुनौती

निर्वाचन मानिसको राजनीतिक जीवनमा सर्वाधिक महत्वपूर्ण विषय हुँदाहुँदै पनि यसको प्रचलनमा प्रशस्त चुनौति रहेका छन्। ती यसप्रकार छन्।

- मानव अधिकारको सम्मान
- निर्वाचन सम्बन्धी निकाय
- निर्वाचन क्षेत्र निर्धारण
- मतदाता नामावली दर्ता
- राजनीतिक दल, मनोनयन तथा उमेदवार
- मतदान
- निर्वाचन सम्बन्धी न्याय
- अपराध, आदेश र जरिवाना
- मिडियाको पहुँच र नियमन
- सार्वजनिक सूचना तथा मतदाता शिक्षा

अन्त्यमा,

जनता नै राज्यशक्तिको स्रोत हुने र राज्य शक्तिको प्रयोग संविधान बमोजिम मात्रै हुने भएकाले मानिसको राजनीतिक अधिकार प्रयोगका सन्दर्भमा निर्वाचन र निर्वाचन प्रणालीको ज्यादातर महत्व छ। नेपालको संविधानले सार्वभौमसत्ता जनतामा निहित रहने भनेतापनि यसको सुनिश्चितता गर्ने माध्यम निर्वाचन हो। अत: स्वच्छ, निष्पक्ष र पारदर्शी प्रकृयाबाट हुने निर्वाचनबाट मात्रै जनताको चाहना मुखरित हुन्छ र सोही आधारमा सरकारले काम गर्नुपर्छ।

जनताको चाहना बमोजिमको शासन गर्नु नै लोकतन्त्र हो। लोकतन्त्रमा राजनीतिक दलले यसको नेतृत्व गरेका हुन्छन्। जोकोही व्यक्ति पनि राजनीतिक दलमार्फत् मुलुकको शासन गर्ने पदमा पुग्न सक्छन्। मानिसको यही नैसर्गिक अधिकारलाई निर्वाचनले निकास दिन्छ।

सरकारले गर्ने धेरैजसो कामको निर्णय बहुमतको आधारमा लिने गरिन्छ। यसको मतलव बहुसंख्यक जनता निर्णयको पक्षमा उभिएका छन् भन्ने हो। यद्यपि शासनमा सीमान्तकृतहरुको आवाज र अधिकारको सवाल समेत उत्तिकै महत्वपूर्ण हुन्छ। यसलाई मध्यनजर गर्दै शासनमा सबैको सहभागिता सुनिश्चित गर्न समावेशीताको अवधारणा अवलम्वन गरिएको पाइन्छ।

निर्वाचन एक वहुआयामिक विषय भएकाले धेरै विषयहरु यससँग जोडिएका छन्। निर्वाचन सारभूत र निर्वाचन प्रणाली प्रकृयागत कुरा हुन्। यद्यपि निर्वाचन र निर्वाचन प्रणालीलाई मानिसको चेतना स्तर, स्वीकार्यता तथा मतदान व्यवहार आदि कुराले प्रभावित पार्छन्। हाल अभ्यासमा रहेका निर्वाचन पद्धतिले जीत वा हारको महसुस गराउने भएकाले समानुपातिक समावेशी निर्वाचन प्रणालीको नयाँ बहस समेत शुरु भएको पाइन्छ। हाल नेपालमा प्रचलनमा रहेको निर्वाचन प्रणालीले शासनमा बहुसंख्यक जनताको प्रतिनिधित्व गराउन खोजेको छ। तथापी निर्वाचन प्रणालीमा रहेका/देखिएका कमजोरी सच्याउन व्यापक सुधारको खाँचो छ।

सन्दर्भ सामग्री

नेपालको संविधान (२०७२)
नेपालको संविधान (२०७२)
https://election.gov.np/
http://hrlibrary.umn.edu/edumat/studyguides/votingrights.html
https://lawcommission.gov.np
https://ohchr.org/en/elections
https://ohchr.org/sites/default/files/2022-02/Human-Rights-and-Elections.pdf

विश्लेषण

दिनेश श्रेष्ठ*

लोकतन्त्र र मानव अधिकारमैत्री निर्वाचन

परिचय

विश्वमा धेरैखाले राजनीतिक सिद्धान्त, दर्शन र प्रणालीहरू प्रचलनमा रहेका पाइन्छन्। तर आजसम्मको अनुभव र अभ्यासको लेखाजोखा गर्ने हो भने कुनै पनि प्रणाली पूर्ण वा पूर्णताको निकट भेटिएको छैन। आदिम साम्यवाददेखि २१ औँ शताब्दीको समाजवाद वा ग्रीकेली प्रत्यक्ष प्रजातन्त्रदेखि उदार लोकतन्त्रको उच्चतम् विन्दुसम्म आइपुग्दा यही नै सर्वाधिक सुन्दर र प्रभावकारी राजनीतिक प्रणाली हो भनेर भन्न सक्ने अवस्था सृजना भएको छैन। तर, राजनीतिक प्रणाली विनाको राष्ट्र वा राज्यको कल्पना गर्न सकिँदैन। कुनै पनि राष्ट्रलाई सञ्चालन गर्न आधारभूत मार्ग निर्देशन राजनीतिले नै गरिरहेको हुन्छ। त्यसैले कुनै पनि राज्य वा राष्ट्रलाई अग्रगामी रूपान्तरणतिर अगाडि बढाउन उपयुक्त राजनीतिक पद्धति/ प्रणाली चयन गर्न जरुरी हुन्छ। यो चयनमा जहिलेसुकै सबभन्दा अगाडि लोकतन्त्र पर्ने गरेको छ। अहिलेसम्म सबभन्दा बढी भूगोलमा प्रयोग गरिएको राजनीतिक प्रणाली पनि लोकतन्त्र नै हो।

प्राचीन ग्रीसमा "पच्चीस सय वर्षअघि प्रजातन्त्रको आविष्कार भएपछि" निरन्तर यसको विकास र विस्तार भइरहेको छ। विश्वका सबै महादेश र मानव जातिको उल्लेखनीय सङ्ख्यामा पुगिसकेको छ। वर्तमान विश्वका सयभन्दा बढी देशमा लोकतान्त्रिक शासन प्रणाली सञ्चालनमा आएको छ। त्यस्तै राजतन्त्र, पुर्ख्यौली कुलिनतन्त्र, एकदलीय साम्यवाद, फासीवाद, नाजीवाद, विविध रूपका सैन्यवाद लगायत सबैखाले लोकतन्त्रविरोधी शासन प्रणालीहरू अहिले आएर करिब करिब समाप्त भएको अवस्था छ। धार्मिक कट्टरता वा अन्धराष्ट्रवादको जलप ओढेर लोकतन्त्रविरोधी धारणा तथा आन्दोलनहरूले सिर उठाउन खोजे पनि सफल हुन सकेका उदाहरणहरू विरलै भेटिन्छन्।

प्रभाव र विस्तार

२० औँ शताब्दीको पछिल्लो पचास वर्ष र २१ औँ शताब्दीको दुई दशकसम्म आइपुग्दा विश्वभरि नै थुप्रै यस्ता राजनीतिक परिवर्तनहरू भएका छन्, जसले लोकतान्त्रिक प्रणालीको आवश्यकता र औचित्यलाई पुनर्पुष्टि गरेका छन्। लोकतन्त्रको विरुद्धमा उभिएका प्राय: सबै सिद्धान्त र प्रणालीहरू कि त हारेका छन् कि त हराएका छन्। अहिले आएर विश्वका धेरै देशबाट गैर-लोकतान्त्रिक सरकारहरूलाई नव-लोकतान्त्रिक सरकारहरूले विस्थापित गरिरहेका छन्। लामो समयदेखि लोकतन्त्रलाई सङ्गठित रूपमा अभ्यास गरिरहेका मुलुकहरूको सङ्ख्या पनि घटेको छैन, बरु बढेको छ। त्यसैले भन्न सकिन्छ, लोकतन्त्रको महत्व र प्रभाव निरन्तर विस्तार भइरेहको छ। लोकतन्त्र संसारकै सर्वप्रिय राजनीतिक व्यवस्थाको रूपमा स्थापित हुने क्रम जारी छ।

चौथो चक्रसम्मको यात्रा

विश्वविख्यात राजनीतिकशास्त्री स्यामुयल पी. हटिंगटनले लोकतन्त्रको तीनवटा कालको वर्णन गरेका छन्। पहिलो कालको आरम्भ संयुक्त राज्य अमेरिकामा १९ औँ शताब्दीमा सुरु भएर २० औँ शताब्दीको दोस्रो दशकमा समाप्त भयो। यो अवधिमा २९ वटा लोकतान्त्रिक मुलुकलाई विश्वले अस्तित्वमा आएको हेर्न पायो। सन् १९२२ मा मुसोलिनीको इटालीमाथि अधिग्रहणसँगै लोकतन्त्रको उल्टो चक्र घुमाइ आरम्भ भयो र यो चक्र सन् १९४२ सम्म रहिरह्यो। यो अवधिमा लोकतान्त्रिक मुलुकहरू घटेर १२ मा सीमित हुन पुगे। त्यस्तै दोस्रो विश्वयुद्धमा मित्र शक्तिहरूको विजयसँगै लोकतान्त्रिक मुलुकहरूको सङ्ख्या बढेर ३६ हुनु पुग्यो। सन् १९६२ र १९७० को बीचमा लोकतान्त्रिक मुलुकहरूको सङ्ख्या केही घटेता पनि फेरि लोकतान्त्रिक मुलुकहरूको सङ्ख्या बढेर दोब्बर भयो।

लोकतन्त्रको तेस्रो चक्र पोर्तुगलमा सन् १९७४ मा भएको "कारनेसन क्रान्ति" (Carnation Revolution) बाट आरम्भ भएको मानिन्छ। यससँगै एशिया प्यासिफिकमा फिलिपिन्स, द कोरिया, ताइवान र पूर्वी यूरोप, अफ्रिकी सब-सहारा क्षेत्रमा भएका लोकतान्त्रिक परिवर्तनले तेस्रो चक्रको विस्तृतिकरणसँगै सुदृढीकरणमा महत्वपूर्ण योगदान गरेको छ। अहिले आएर विश्वका विभिन्न भूभागमा राजनीतिक, आर्थिक र सांस्कृतिक शक्तिहरूको विशिष्ट क्रियाशीलताले लोकतन्त्र चौथो चक्रतिर प्रवेश गरेको केही राजनीतिक विश्लेषकहरूको ठम्याइ छ। विशेषगरी अरब बसन्त (Arab Spring) सँगै अन्य सैनिक शासन भएका देशहरूमा सत्ता परिवर्तन एवम् एशिया तथा अफ्रिकी मुलुकमा भएका लोकतान्त्रिक आन्दोलनहरूले यसलाई पुष्टि गरिरहेका छन्।

लोकतन्त्र उत्पत्ति र अर्थ :

'लोक' भनेको जनता र 'तन्त्र' भनेको शासन अथवा लोकतन्त्रलाई जनताको शासन भनेर परिभाषित गर्ने गरिन्छ। लोकतन्त्र अग्रेजीको 'डेमोक्रेसी' (Democracy) शब्दको नेपाली रूपान्तरण हो। 'डेमोक्रेसी' ग्रीसेली भाषाको दुई पदावली 'Demos' (डेमोस) र 'Kratos' (क्रेटोस) बाट निर्माण भएको शब्द हो। 'डेमोस' को अर्थ हुन्छ 'जनता' र 'क्रेटोस' को अर्थ हुन्छ 'सरकार' अर्थात् त्यस्तो सरकार जसमा जनताको सर्वोच्चता रहेको हुन्छ। विभिन्न दार्शनिक, राजनीतिशास्त्री एवं राजनीतिज्ञहरूले पनि लोकतन्त्रलाई यही अर्थमा प्रष्ट्याउने प्रयत्न गरेको छन्। नेपालमा 'डेमोक्रेसी' लाई बुझाउन प्रयोग गरिने अन्य शब्दहरू प्रजातन्त्र, जनतन्त्र र जनवाद पनि हुन्।

प्रतिनिधि परिभाषाहरू

पूर्व अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले 'जनताद्वारा, जनताको लागि,

---

*North South Collectives विराटनगरसँग आवद्ध दिनेश श्रेष्ठ राष्ट्रिय चुनाव पर्यवेक्षण समिति (NEOC) मोरङको अध्यक्ष हुनुहुन्छ।

जनताको सरकार हो' भनी गरेको लोकतन्त्र/प्रजातन्त्रको व्याख्या अद्यावधि निकै सुन्दर र अर्थपूर्ण मानिन्छ। त्यस्तै अर्का विद्वान लर्ड ब्राईसले दिएको परिभाषामा पनि लोकतन्त्रको यही मूलभूत मर्मलाई प्राथमिकता दिइएको पाइन्छ। उनको अनुसार "लोकतन्त्र शासनको त्यो रूप हो जसमा राज्यको शासन शक्ति कुनै विशेष व्यक्ति वा वर्गमा निहित नरही सम्पूर्ण जनसमाजको सदस्यहरूमा निहित रहेको हुन्छ।" अर्का विद्वान सिलले "प्रजातन्त्र/लोकतन्त्र त्यस्तो शासन प्रणाली हो जसमा प्रत्येक नागरिकको शासनमा सहभागिता रहेको हुन्छ" भनेर परिभाषित गरेका छन्। लोकतन्त्रमा जनताको प्रभुत्व पूर्ण र उच्चतम् प्राधिकारको रूपमा रहेको हुन्छ। उक्त प्राधिकारमा जनताको आफ्ना नेता चयन गर्ने र आफुले चाहेजस्तो कानुन बनाउने अधिकार सम्मिलित रहेको हुन्छ। र प्रस्तुत प्राधिकारलाई जनता (नागरिक) ले प्रतिनिधित्वको माध्यमबाट प्रयोग गरिरहेका हुन्छन्।

शक्तिको स्रोत जनता

शाब्दिक तथा परिभाषिक दुवै दृष्टिकोणले लोकतन्त्र जनताको सार्वभौमिकताको सिद्धान्तसँग गहिरोसँग जोडिएको छ। यसबाट के पनि स्पष्ट हुन्छ भने जनता नै राज्य शक्तिको स्रोत र राष्ट्रिय सम्प्रभुताको प्रयोगकर्ता हुन्। लोकतन्त्रमा जनताको उपस्थिति, सक्रिय भागेदारी र निर्णय क्षमताले विशिष्ट भूमिका निर्वाह गरेको हुन्छ।

नागरिक सहभागिता र लोकतन्त्र:

नागरिक सहभागिता लोकतन्त्रको सर्वाधिक महत्वपूर्ण विशेषता हो। जनता/नागरिकको सहभागिता विना लोकतन्त्रको न त अर्थ नै हुन्छ न त उपयोगिता नै। साथै लोकतन्त्रमा नै राज्यशक्तिको स्रोत र राष्ट्रिय सम्प्रभुताको प्रयोग जनताबाट निर्वाचित प्रतिनिधिहरूद्वारा हुने भएकोले उनीहरूमा नागरिक अधिकार, कर्तव्य, ज्ञानसँगै सीपको प्रयोग गर्ने क्षमता हुन पनि अति जरुरी छ। यिनीहरूको अभावमा लोकतन्त्र सफल हुन सक्तैन।

लोकतन्त्र र स्वतन्त्रता

लोकतन्त्रलाई स्वतन्त्रतासँग अविभाज्य रूपमा गाँसिने गरिन्छ। तर, लोकतन्त्र स्वतन्त्रताको पर्यायवाची भने होइन। वास्तवमा, लोकतन्त्र स्वतन्त्रतालाई प्रभावकारी ढङ्गले अभ्यास गर्न कुन कुन पद्धति वा प्रक्रिया प्रयोग गर्न सकिन्छ भनेर विकास वा स्थापना गरिएको प्रणाली हो। संक्षेपमा भन्ने हो भने स्वतन्त्रतालाई 'संस्थागत' गर्ने विधि र अभ्यास हो लोकतन्त्र। प्राचीन ग्रीसका पेरिकल्सदेखि आधुनिक चेकोस्लोभाकियाका भाकलाभ हावेलले देखेका सपना वा आकांक्षामा स्वतन्त्रताको मात्रा सबभन्दा बढी भेटिन्छ। स्वतन्त्रता विनाको जीवनको न त अर्थ छ न त उपयोगिता नै। लोकतन्त्रमा स्वतन्त्रताले प्राणवायूको भूमिका निर्वाह गरिरहेको हुन्छ। त्यसैले स्वतन्त्रतालाई निषेध गर्न खोज्ने सबै राजनीतिक प्रणालीहरू संसारबाट लोप भएका छन् या लोप हुने तरखरमा छन्।

लोकतन्त्रको आलोचना

आलोचनाको विविध कोण तथा आयाम

लोकतन्त्र अहिलेसम्मको सर्वाधिक सुन्दर र अत्यधिक प्रयोग गरिएको राजनीतिक प्रणाली मानिएता पनि यो आलोचनबाट भने मुक्त छैन। विभिन्न कोण र आयामबाट लोकतन्त्रको आलोचना हुँदै आएको छ। यसका आलोचकहरूमा लोकतन्त्र विरोधीहरूभन्दा पनि लोकतन्त्रका पक्षधर दार्शनिक, राजनीतिक विश्लेषक, नेता तथा लेखकहरू बढी पर्दछन्। लोकतन्त्र सपना मात्र हो, यसलाई व्यवहारमा उल्था गर्न अत्यन्त गाह्रो छ भन्नेहरूको ठूलै लर्को छ। इमर्सनले मात्र होइन, एचएल मेनकेनले पनि लोकतन्त्रलाई 'यथार्थमा रूपान्तरण नहुने सपना'को रूपमा व्याख्या गरेका छन्। अर्को विद्वान् अलान कोरेनले 'तानाशाह रोज्ने पद्धति' भनेर लोकतन्त्रको कडा आलोचना गरेका छन्। हिटलरदेखि राजापाक्षेसम्म थुप्रै तानाशाहरू लोकतन्त्रको सिँढी चढेर नै जन्मेका हुन्। त्यस्तै प्रसिद्ध दार्शनिक जोहन विन्थ्रोपले लोकतन्त्रलाई 'सर्वाधिक खराब राजनीतिक प्रणाली' र विश्वप्रसिद्ध अर्थशास्त्री मिल्टन फ्राइडम्यानले 'असक्षम शासन प्रणाली' को रूपमा चित्रित गरेका छन्।

सामाजिक न्याय दिन नसक्ने प्रणाली:

स्वतन्त्र व्यापारका पक्षहरू लोकतन्त्रमा बहुसङ्ख्यक मतदाताहरूको वौद्धिक तथा निर्णय क्षमता न्यून हुने भएकाले उनीहरू बुद्धिमत्तापूर्ण ढङ्गले निर्णय गर्न सक्दैनन् भनेर लोकतान्त्रिक प्रणालीको घनघोर आलोचना गर्दछन्। राजनीतिक शिक्षाको अभावले गर्दा कम बौद्धिक क्षमता भएको बहुमतको निर्णय सधैं सही हुँदैन। यस्तो अवस्थामा छट्टु, स्वार्थी, भ्रष्ट र अवसरवादी राजनीतिज्ञहरूले प्रायः जसो फाइदा लिने गर्दछन्। त्यस्तै वामपन्थी अथवा समाजवादी कोणबाट पनि परम्परागत लोकतन्त्रलाई सामाजिक न्याय, समानता र स्वतन्त्रता दिन नसक्ने प्रणालीको रूपमा आलोचना गर्ने गरिन्छ।

असमानतामा तीव्र वृद्धि

लोकतन्त्रमा धनी-गरिबबीच आयमा असमानता झन्झन् वृद्धि भइरहेको छ। अक्सफामको एक अध्ययनले २०१६ मा विश्वको १ प्रतिशत जनसङ्ख्याको अन्य ९९% जनसङ्ख्याको भन्दा बढी सम्पत्तिमाथि आधिपत्य हुने प्रक्षेपण गरेको थियो। साँच्चै भन्ने हो भने यो असमानता दोश्रो विश्वयुद्ध पछिदेखि नै तीव्रताको साथ बढिरहेको छ। यो वृद्धि विकास र सुशासन दुवैको निम्ति हानिकारक छ। यसले अर्थतन्त्र मात्र होइन शासनतन्त्रमाथि पनि गरिब, निमुखा र सीमान्तकृतको पहुँचलाई सङ्कुचित पार्दछ। त्यसैले फ्रान्सेली अर्थशास्त्री थोमस पिकेटी 'आयमा देखिएको यो ठूलो खाडललाई पुर्न सरकारले प्रभावकारी कदम नचाले अझ धेरै समस्याहरू थपिने' भविष्यवाणी गर्दछन्।

उदार लोकतन्त्र हावी प्रणाली

अहिले लोकतन्त्रका विभिन्न मोडेलहरूमध्ये 'उदार लोकतन्त्र' बढी हावी भएको पाइन्छ। उदारवादी लोकतन्त्रले व्यक्तिको स्वतन्त्र इच्छालाई सर्वोपरि ठानेर राज्यले कुनै पनि प्रकारको हस्तक्षेप गर्नु हुँदैन भनेर वकालत गर्ने गर्दछ। यसले धनी र गरिबबीचको खाडल बढाउने र जनसङ्ख्याको ठूलो भागलाई आर्थिक रूपमा परनिर्भर बनाउने काम गर्दछ भनेर लोकतन्त्रवादीहरू आलोचना गर्ने गर्दछन्। यस्तो अवस्थामा सामान्य नागरिकले नागरिक तथा राजनीतिक अधिकारहरू प्रयोग गर्न पाउने अवसर अति न्यून रहेको हुन्छ। लोकतन्त्रलाई ठालुहरूको कब्जाबाट खोस्न राज्यले बजारमाथि हस्तक्षेप गरेर आर्थिक,

सामाजिक र सांस्कृतिक अधिकारको सुनिश्चितता गर्न सक्नु पर्दछ भन्ने उनीहरूको ठहर छ।

कम सम्पूर्ण प्रणाली

लोकतन्त्र आफैँमा पूर्ण प्रणाली वा पद्धति होइन। यसका थुपै खराबी, कमजोरी र सिमाहरू छन्। लोकतन्त्र आफैँले कुनै पनि कुरालाई सुनिश्चित गर्दैन। लोकतन्त्रले सबैलाई समान परिस्थितिको प्रत्याभूति गर्दैन, मात्रै अवसरको कुरो गर्दछ। त्यस्तै सीमित परिवार, वर्ग र क्षेत्रमा सम्पत्ति थुप्रने क्रम पनि लोकतन्त्रकै नाममा भइरहेको छ। अभ्यास गरिएका अधिसङ्ख्यक मुलुकहरूमा जनताले अपेक्षा गरेअनुरूप लोकतन्त्रले सकारात्मक परिणामहरू दिन सकेको छैन। विश्वको धेरै जसो मुलुकले लोकतान्त्रिक प्रणाली अवलम्बन गरेता पनि सामाजिक भेदभाव, आर्थिक असमानता घटेको र राजनीति वा सत्तामा सर्वसाधारणको पुहँच बढेको छैन।

'सफ्ट तानाशाह' जन्माउने प्रणाली

अझै जाति, धर्म, लिङ्ग, सङ्ख्या, क्षेत्र आदिका कारणले नवीनतम् लोकतान्त्रिक मुलुकहरूमा मात्र होइन लामो ऐतिहासिक पृष्ठभूमि भएका मुलुकहरू ग्रेटब्रिटेन, अमेरिका, फ्रान्स, भारत आदिको आलोचना हुने गरेको छ। अमेरिकामा आदिवासी रेड इन्डियनहरू, कालाहरू, हिस्प्यानिक र अन्य देशबाट आएका आप्रवासीहरूमाथिको विभेद घटेको छैन। भारतमा दलित र अन्य सीमान्तकृत वर्ग वा समूहमाथिको शोषण र अन्यायपूर्ण व्यवहारहरू यथावत रहेका मात्र नभएर अझ बढेका छन्। लोकतान्त्रिक प्रणाली लागु भइसकेका मुलुकहरू पाकिस्तान, मिश्र, म्यानमार, थाइल्याण्डमा जनताका प्रतिनिधिहरूलाई विस्थापित गरेर सेनाले वा सेनाको वर्चस्वमा शासन सञ्चालन गरिने क्रम रोकिएको छैन। त्यस्तै लोकतन्त्रकै नाममा टर्कीका टेइप एर्डोगन, भारतमा नरेन्द्र मोदी तथा रुसमा भ्लादिमिर पुटिनजस्ता 'सफ्ट तानशाह' हरू जन्मने क्रम पनि जारी छ।

अरु भन्दा कम खराब प्रणाली

के त्यसो भए लोकतन्त्र राजनीतिक दृष्टिकोणबाट आदर्शवादी, आर्थिक दृष्टिकोणबाट अन्यायपूर्ण र नैतिक दृष्टिकोणबाट भ्रष्ट प्रणाली हो ? यसको जवाफ सिधै हो वा होइनमा दिन सकिँदैन। तर बेलायतका पूर्व प्रधानमन्त्री विन्स्टन चर्चिलको 'लोकतन्त्र खराब हुँदाहुदै पनि विश्वमा अभ्यास गरिएका अन्य राजनीतिक प्रणालीहरूभन्दा कम खराब छ' र जवाहरलाल नेहरूको 'लोकतन्त्र किन राम्रो छ भने अरु पद्धतिहरू अझ खराब छन्' भन्ने भनाइले लोकतन्त्रको महत्वलाई अझ गहिराइमा बुझ्न मद्दत गर्दछ। विभिन्न आलोचना, चुनौतिसँग संघर्ष गर्दै चौथो चक्र (Fourth Wave) सम्म आइपुगेको लोकतन्त्रको विकल्प निकट भविष्यमा त्यति सजिलैसँग भेटी हालिने सम्भावना अहिलेसम्म देखिएको छैन।

विकल्पमा अझ बढी लोकतन्त्र

त्यसैले अद्यावधि विकास र अभ्यास गरिएका राजनीतिक प्रणालीहरूमध्ये सर्वाधिक रुचाइएको प्रणाली लोकतन्त्र नै हो। अन्य विभिन्न प्रणालीहरूको विकास, अभ्यास र अनुभवहरूले लोकतन्त्रलाई विस्थापन गर्न असम्भवजस्तै देखिएको छ। लोकतन्त्रको विकल्प भनेर प्रयोग गरिएका प्राय: सबै प्रणाली सफल वा प्रभावकारी भएको विरलै पाइएको छ। अर्थात अहिलेसम्म लोकतन्त्रको विकल्पको खोजी भएको/भइसकेको छैन। निकट भविष्यमा हुने सम्भावना पनि अति न्यून रहेको छ। प्रसिद्ध राजनीतिशास्त्री अल स्मिथले लोकतन्त्रमा 'प्रभावकारी सुधारहरू' को कुरा उठाएका छन्। त्यसैले लोकतन्त्रको विकल्प भनेको अझ बढी लोकतन्त्र हो।

लोकतन्त्र र निर्वाचन

लोकतन्त्रका महत्वपूर्ण अवयवहरू

लोकतन्त्रका पाँच ओटा महत्वपूर्ण अवयवहरू: निर्वाचित प्रतिनिधि, स्वतन्त्र न्यायपालिका, नागरिक स्वतन्त्रता, संगठित विपक्षी दल र कानुनको शासन हुन्। प्रतिनिधि मूलक लोकतन्त्रमा नागरिकले आवधिक निर्वाचनको माध्यमबाट सत्ता निर्णायाधिकार हुने गरी आफ्ना प्रतिनिधिहरूमा सार्दछन्। यसरी सार्वभौमसत्ता सारिएका प्रतिनिधिहरूबाट कानुन निर्माणसँगै देशको शासन सञ्चालन हुने भएकोले उपर्युक्त प्रतिनिधिहरूको चुनाव, उपर्युक्त प्रक्रिया र पद्धतिबाट हुन अनिवार्य छ। त्यसैले लोकतन्त्रमा निर्वाचन अर्थात् चुनावको अति विशिष्ट स्थान छ। मतदाताको रोजाइका आधारमा विधिसम्मत ढंगले प्रतिनिधि चयन गर्ने प्रकृयालाई निर्वाचन भनिन्छ। निर्वाचन जन/लोकमतलाई मापन गर्ने सबभन्दा लोकतान्त्रिक विधि वा प्रणाली हो। लोकतन्त्रमा जननिर्वाचित प्रतिनिधिहरूद्वारा राज्य शक्तिको श्रोत र राष्ट्रिय सम्प्रभुताको प्रयोग हुने गर्दछ। अर्थात् निर्वाचनले जनताको अभिमतलाई प्रतिनिधिको रूपमा रूपान्तरण गर्दछ। कुनै पनि देशको सरकारलाई कानुनी, संवैधानिक तथा नैतिक मान्यता प्राप्त गर्न निर्वाचनले सघाउँछ। त्यसैले निर्वाचनले लोकतन्त्रमा अक्सिजन अर्थात् प्राणवायुको काम गर्दछ भन्ने गरिन्छ। लोकतान्त्रिक मुलुकहरूमा आवधिक निर्वाचन (Periodic Election) को माध्यमबाट लोकतन्त्रलाई जीवन्त राख्न कानुनी तथा संवैधानिक व्यवस्था गरिएको हुन्छ।

निर्वाचन र छनौटको सुनिश्चितता

अर्को आयामबाट पनि निर्वाचनलाई हेर्न सकिन्छ। निर्वाचनले नागरिकलाई छनौटको सुनिश्चितता प्रदान गर्दछ। निर्वाचनको माध्यमबाट कुनै एक वा तोकिएको सङ्ख्यामा मतदान गरी आफ्नो छनौटको अधिकारलाई नागरिकले प्रयोग गर्दछन्। अझ व्यापक अर्थमा भन्ने हो भने निर्वाचनले निरूपण गर्नुपर्ने कुनै विषय वा निर्णय गर्नुपर्ने कुनै मुद्दामा जनताले आफ्नो मत प्रयोग गरी कुनै विचार वा दर्शन वा राजनीतिक सिद्धान्त वा प्रणाली वा व्यक्ति वा संस्था वा राजनीतिक पार्टीलाई छनौट गर्ने अवसर तथा अधिकार प्रदान गर्दछ। यसले लोकतन्त्रलाई अर्थपूर्णसँगै अझ सुदृढ र प्रभावकारी बनाउन मद्दत गर्दछ। अर्को भाषामा भन्ने हो भने निर्वाचनले लोकतन्त्रको धमनीहरूमा रक्तसंचार गर्न मद्दत पुऱ्याउँदछ।

निर्वाचन र विश्वसनीयताको सवाल

कुनै पनि निर्वाचनले नागरिकलाई छनौटको सुनिश्चितता स्थापित गर्दै जनइच्छाको सही प्रतिनिधित्व गराउने हो भने निर्वाचन स्वच्छ, निष्पक्ष, विश्वसनीय र स्वतन्त्र हुनु अति जरुरी छ। यसको निम्ति मतदाताले कुनै धाक, धम्की, डर त्रास तथा प्रलोभनमा नपरी निर्धक्क भएर मतदान गर्ने

वातावरण पाउनु पर्दछ। निर्वाचन पूर्व, निर्वाचनको दिनसँगै मतगणना तथा परिणाम घोषणा नहुञ्जेलसम्म निर्वाचनको स्वच्छता र मर्यादामा कुनै पनि प्रकारको आँच आउनु हुँदैन। निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसीनय बनाउन निर्वाचन सञ्चालन गर्ने निकाय, पदाधिकारी, अधिकारी तथा सरकारका तर्फबाट सबै राजनैतिक दल, पार्टीका कार्यकर्ता, उम्मेद्वार, मतदाता एवं अन्य सरोकारवालाहरूसँग गरिने व्यवहार निष्पक्ष, समान र विधिसम्मत हुनु पर्दछ। सबै नागरिकले आफ्नो राजनीतिक अधिकारलाई बिना रोकटोक स्वतन्त्र ढङ्गले प्रयोग गर्ने वातावरण राज्यले सुनिश्चित गर्नु पर्दछ। नत्र भने चुनावको विश्वसनीयतामा शङ्का उत्पन्न हुन सक्तछ। निर्वाचनलाई सरोकारवालाहरूसँगै राष्ट्रिय अर्न्तराष्ट्रिय पर्यवेक्षण गर्ने संस्थाहरूले स्वीकार गरिएपछि मात्रै कुनै पनि निर्वाचन स्वच्छ निष्पक्ष र स्वतन्त्र भएको प्रमाणित हुन्छ। निर्वाचनको प्रकृया र परिणामले वैधता पाएपछि मात्रै जनताको स्वामित्व/प्रभुत्व स्थापित हुन्छ।

निर्वाचन र मानव अधिकार

एक्काइसौँ शताब्दीको दुईदशक छेउ आइपुग्दा मानव अधिकार बौद्धिक, सामाजिक तथा राजनीतिक वृत्तमा खुबै चर्चित तथा प्रिय शब्दको रूपमा स्थापित हुन पुगेको छ। कतिले यसलाई सभ्य समाजको सबभन्दा सुन्दर गहनाको रूपमा चित्रण गर्दछन्। त्यस्तै मानव अधिकार र लोकतन्त्रको अति नै प्रगाढ सम्बन्ध छ। मानव अधिकारलाई बाहिर राखेर वा पन्छाएर लोकतन्त्रको कल्पना पनि गर्न सकिदैन। वास्तवमा मानव अधिकार विनाको लोकतन्त्र आत्मा विनाको शरीरसरह हुन्छ।

मानव अधिकारमैत्री निर्वाचन

माथि धेरै पटक उल्लेख गरिएको छ, लोकतन्त्र र मानव अधिकार एक अर्काका परिपूरक हुन्। जहाँ लोकतन्त्र हुन्छ त्यहाँ मानव अधिकार अनिवार्य रूपमा उपस्थित रहेको हुन्छ। लोकतन्त्रको अर्को महत्वपूर्ण अवयव निर्वाचन हो। निर्वाचन विनाको लोकतन्त्रको कल्पना पनि गर्न सकिँदैन। तर निर्वाचन भएर मात्र लोकतन्त्र बलियो हुँदैन, लोकतन्त्रलाई बलियो बनाउन निर्वाचनमा मानव अधिकार मैत्री प्रकृयाहरूलाई अवलम्वन गर्नु पर्दछ। मानव अधिकारमुखी प्रकृया/पद्धतिलाई अवलम्वन नगरी गरिएको निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वशिनय हुन सक्दैन। यस्तो निर्वाचनले सबै नागरिकको अधिकारलाई सुनिश्चित र संरक्षित गर्न सक्दैन।

मानव अधिकारमैत्री निर्वाचनको लागि सर्वप्रथम मानव अधिकार मैत्री वातावरणको निर्माण गरिनु पर्दछ। यसको निम्ति निर्वाचनमा शान्तिपूर्ण वातावरणको सुनिश्चितता अनिवार्य सर्त हो। निर्वाचन गराउने अधिकारी/निकाय, निर्वाचनमा भाग लिने दल र तिनका कार्यकर्ता तथा मतदाता सबैले मानव अधिकारको पालना गरेर शान्तिपूर्ण निर्वाचनको लागि उपयुक्त वातावरण निर्माण गर्न सक्दछन्। त्यस्तै निर्वाचनमा नागरिकको अधिकतम सहभागितालाई सुनिश्चित गरिनु पर्दछ। सम्भ्रान्त, टाठा-बाठा, बलिया-बाङ्गा र राजनीतिक दलका कार्यकर्ताले मात्र नभएर आधारभूत तहका नागरिक, निमुखा तथा पछाडि परेका/पारिएका हरूले पनि विना भय स्वतन्त्र ढङ्गले निर्वाचनमा भाग लिने वातावरण निर्माण गरिनु पर्दछ। वृद्ध-वृद्धा, अपाङ्ग, अप्ठ्यारो भूगोल, कारागारमा बन्दी, आप्रवासी वा तेश्रो लिङ्गी भएकै कारण कोही कसैले चुनावमा भाग लिने अवसरबाट बञ्चित हुनु हुँदैन। स्वतन्त्र, निष्पक्ष, अधिकतम् जनसहभागिता, बलियो र संयमित सुरक्षा प्रणाली, हिंसारहित, शान्तिपूर्ण वातावरणसँगै आचारसंहिताको कठोरतापूर्वक र पूर्ण पालन गरिएको चुनावलाई मानव अधिकारमैत्री चुनावको रूपमा व्याख्या गर्न सकिन्छ।

निष्कर्ष

लोकतन्त्र, राजनीतिक सिद्धान्त वा प्रणालीमात्र होइन, जनताको राज्य निर्माणमा प्रभावकारी स्वामित्व बनाउने विधि पनि हो। हामीले प्रयोग गर्दै आएको प्रतिनिधिमूलक लोकतन्त्रमा केही टड्कारा समस्या तथा चुनौतीहरू देखिएका छन्। सुधार र समाधानको निम्ति घनिभूत बहससँगै समाधानका प्रयत्नहरू पनि नभएका होइनन्। तर खासै रूपान्तकारी परिवर्तन हुन सकेको छैन। अहिले पनि अपवाद बाहेक सञ्चार, शक्ति र सम्पतिमा आधिपत्य हुनेहरूले मात्र चुनाव जित्ने हुनाले जनताका मुद्दाहरूसधैँ ओझेलमा पर्ने गरेका छन्। त्यस्तै व्यवहारमा नागरिक र जनप्रतिनिधिहरूबीच गहिरो खाडल निर्माण हुने भएकोले जनअसन्तुष्टि पनि बढ्याबढ्यै छ। यसको लागि वर्तमान चुनाव प्रणालीलाई अझ जनमैत्री तथा मानव अधिकार मैत्री बनाउँदै लानुको विकल्प छैन। मताधिकारको अधिकार मत दिन्न भन्ने अधिकार र प्रत्यावाहन संवैधानिक रूपमै स्थापित गर्नु पर्दछ। यसको साथै पद, पैसा, शक्ति र साम्प्रदायिकताको आधारमा चुनाव जित्ने वर्तमान परिस्थितिलाई रोक्न प्रभावकारी कानुन निर्माणसँगै कारगर उपायहरूको प्रयोग गर्न अति जरुरी छ।

सन्दर्भ सामग्री

- Comfort, Nicholas, 2006, The Politics Book. New Delhi. Research Press.
- Dahl, Robert A, 2000, On Democracy. USA. Yale University Press.
- Huntington, Samuel P. 2010. The Third Wave: Democratization in the late Twentieth Century. USA. University of Oklahoma Press.
- Fukuyama, Francis 2011. The Origins of Political Order. London. Profile Books Ltd.
- Piketty, Thomas. 2014 Capital in the 21st Century. London Profile Books Ltd.
- श्रेष्ठ, दिनेश, (सं.)। २०७३। सहभागितामूलक लोकतन्त्र र स्थानीय आयाम। विराटनगर। हाम्रो अभियान (पूर्वाञ्चल) र फोरम फर पार्टिसिपेटरी डेमोक्रेसी (पूर्वाञ्चल)।
- श्रेष्ठ, दिनेश, दीपेन्द्रराज कार्की, (सं)। २०७१। लोकतन्त्रका समकालीन आयाम। इटहरी/विराटनगर। अभियान नेपाल/हाम्रो अभियान।
- श्रेष्ठ, सिद्धिश्वरमान। २०६६। महत्वपूर्ण राजनीतिक शब्द ज्ञान। काठमान्डौं। अक्षलोकको लागि सावित्री श्रेष्ठ।
- प्रजातन्त्रको हाते पुस्तिका। २०६४। ललितपुर। एफ. ई. एम. नेपाल।

विश्लेषण

यज्ञप्रसाद अधिकारी*

मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना र कार्यान्वयनको अवस्था

पृष्ठभूमि

मानव अधिकार सम्पूर्ण मानव जातिको निमित्त अपरिहार्य, प्राकृतिक, नैसर्गिक र अहरणीय अधिकार हो। मानव भएर सम्मानपूर्वक बाँच्न आवश्यक पर्ने आधारभूत अधिकारहरू मानव अधिकारभित्र पर्ने भएकोले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन नै हरेक सभ्य राष्ट्र र समाजको मूल उद्देश्य रहिआएको छ। मानव अधिकार बिना मानवीय मर्यादा, मूल्यमान्यता र मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थलाई महसुस गरेर नै मानव अधिकारको क्षेत्रमा राष्ट्रियस्तरमा मात्रै होइन अन्तर्राष्ट्रिय रुपमा समेत विभिन्न संयन्त्रहरू गठन भई कार्य भईआएका छन्।

मानव अधिकारलाई शान्ति र विकासको मूल आधारका रूपमा स्वीकार गर्दै संयुक्त राष्ट्रसंघको महासभाले १० डिसेम्बर १९४८ का दिन मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेको थियो। सो घोषणापत्रबाट मानवका जन्मसिद्ध एवं नैसर्गिक अधिकारलाई मानव अधिकारको रूपमा परिभाषित गरिएको छ। संयुक्त राष्ट्रसंघको बडापत्र र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार मानेर मानव अधिकारका विविध पक्षलाई समेट्ने गरी संयुक्त राष्ट्रसंघद्वारा मानव अधिकार सम्बन्धी विभिन्न महासन्धि र अनुबन्धहरू जारी हुँदै आएका छन्। अष्ट्रियाको राजधानी भियनामा सन् १९९३ मा सम्पन्न संयुक्त राष्ट्र संघीय विश्व मानव अधिकार सम्मेलनले संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकासका लागि सहकार्य गर्न एवम् मानव अधिकारको संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय कार्ययोजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न सदस्य राष्ट्रलाई आह्वान गऱ्यो।

नेपालले संयुक्त राष्ट्रसंघको सदस्य भएपश्चात् मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनको कार्यमा अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाउँदै सोका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्था गर्दै आएको छ। नेपाल मानव अधिकारसम्बन्धी सात वटा मुख्य महासन्धि र अन्य विभिन्न महासन्धिको पक्ष राष्ट्र भइसकेको छ। नेपालले पनि विश्व मानव अधिकार सम्मेलनको सो आह्वानलाई समेत दृष्टिगत गरी नेपाल सरकारले नागरिक समाज एवम् निजी क्षेत्र समेतको परामर्शमा मानव अधिकारको क्षेत्रमा राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यस अन्तर्गत आ.ब. २०६१/०६२ देखि आ.ब. २०७५/७६ सम्म चार वटा राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेका छन् भने आ.व. २०७६।७७ मा कार्ययोजना खाली रह्यो। २०७७ असोज २७ गते नेपाल सरकार मन्त्रिपरिषद्बाट मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना स्वीकृत भई लागु भएको छ।

विगतका कार्ययोजनाको समीक्षा

मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाहरूको कार्यान्वयनबाट नेपालमा मानव अधिकारको सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्न गएको छ। यसका अतिरिक्त मानव अधिकारमुखी कानुन, नीति, योजना र कार्यक्रमहरू तर्जुमा गर्ने परिपाटी विकास भएको छ। नीतिगत, कानुनी र संस्थागत व्यवस्था निर्माण हुँदै आएका छन्। राज्यका विभिन्न निकाय एवम् पदाधिकारीबाट मानव अधिकारका विश्वव्यापी मूल्य, मान्यता र आदर्शलाई आधार मानी कार्य गर्ने संस्कृतिको विकासमा योगदान पुग्न गएको छ। समग्रमा विगतको कार्ययोजनालाई हेर्दा मानव अधिकार र विकासलाई सँगसँगै लैजानु पर्छ भन्ने भावनामा विकास हुँदै आएको पाइन्छ।

नेपालमा मानव अधिकार संरक्षण सम्बन्धी व्यवस्था सवैधानिक तथा नीतिगत व्यवस्था

नेपालको संविधान (२०७२)ले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। संविधानको धारा १६ देखि ४६ सम्म विभिन्न ३१ किसिमका मौलिक हकको व्यवस्था गरिएको छ। सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, सञ्चारको हक, न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरुद्धको हक, निवारक नजरबन्द विरुद्धको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, गोपनीयताको हक, शोषण विरुद्धको हक, स्वच्छ वातावरणको हक, शिक्षासम्बन्धी हक, भाषा तथा संस्कृतिको हक, रोजगारीको हक, श्रमको हक, स्वास्थ्यसम्बन्धी हक, खाद्यसम्बन्धी हक, आवासको हक, महिलाको हक, बालबालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, देश निकाला विरुद्धको हक र संवैधानिक उपचारको हकलाई मौलिक हकमा समेटिएको छ। संविधानद्वारा प्रदत्त मौलिक हक एवम् उपचारको वैकल्पिक व्यवस्था नभएकोमा कानुनी हकको प्रचलनको लागि उपयुक्त आदेश जारी गर्ने अधिकार सर्वोच्च अदालत र उच्च अदालतलाई प्रदान गरिएको छ। मौलिक हकको प्रचलनको लागि तीन वर्ष भित्र कानुन तर्जुमा गर्ने[१] व्यवस्था बमोजिम मौलिक हक कार्यान्वयन सम्बन्धी विभिन्न कानुनी व्यवस्था भएको पाइन्छ।[२]

नेपालको संविधानले नागरिकका देहाय बमोजिमका कर्तव्य हुने व्यवस्था गरेको छ :

(१) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
(२) संविधान र कानुनको पालना गर्नु,
(३) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
(४) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु।

मानव अधिकारको मूल्य, मान्यता,

---

* सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, हेटौडा।

१. नेपाल संविधान (२०७२) को धारा ४७

२. उपभोक्ता संरक्षण ऐन २०७५, खाद्य अधिकार तथा खाद्य

लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागीता र सामाजिक न्यायको माध्यमबाट लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्ने तथा मानव अधिकारको संरक्षण र संवदर्धन गर्दै विधिको शासन कायम राख्ने र अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने जस्ता विषय राज्यको निर्देशक सिद्धान्त , नीति तथा दायित्व अन्तर्गत समेटिएका छन्।[३] त्यसको अतिरिक्त राज्यका निर्देशक सिद्धान्त नीति र दायित्व कार्यान्वयनका सम्बन्धमा गरेका काम र प्राप्त उपलब्धी सहितको प्रतिवेदन नेपाल सरकारले राष्ट्रपति समक्ष पेश गर्ने र त्यसको प्रतिवेदन प्रधानमन्त्री मार्फत सङ्घीय संसद समक्ष पेश गर्ने व्यवस्था रहेको छ र त्यस्तो दायित्वको कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्न सङ्घीय संसदमा कानुन बमोजिम एक समिति रहने व्यवस्था छ।[४]

कार्ययोजनामा समेटिएका विषय

नेपालको संविधान र सविधान कार्यान्वयन गर्न बनेका कानुन, आवधिक योजना, सर्वोच्च अदालतका फैसला तथा निर्देशनात्मक आदेश, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस, विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गतका सिफारिस, नेपाल पक्ष भएका महासन्धि अन्तर्गतका समितिबाट प्राप्त सिफारिस र सात वटै प्रदेशमा स्थानीय तह समेतको सहभागितामा आयोजना गरिएको परामर्श एवं अन्तरकिया मार्फत प्राप्त सुझाव,प्रतिनिधि सभाको कानुन , न्याय तथा मानव अधिकार समिति , राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग, दलित हक अधिकारसँग सम्बन्धित संस्था, नागरिक समाज, विकास साझेदार लगायतका सरोकारवालाबाट प्राप्त सुझाव समेतको आधारमा आम नेपाली जनताको मानव अधिकारको सम्मान, संरक्षण तथा प्रवर्द्धन गर्ने बहुआयामिक विषय यस कार्ययोजनामा समेटिएका छन्। कार्ययोजनामा समेटिएका विषय देहाय बमोजिम छन्[५]:

- शिक्षा
- स्वास्थ्य
- बाल अधिकार
- आवास
- श्रम तथा रोजगार
- बाल अधिकार र बाल न्याय
- सामाजिक न्याय
- खानेपानी तथा सरसफाई
- लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास
- वातावरण र दिगो विकास
- साँस्कृतिक अधिकार
- कानुनी सुधार र न्याय प्रशासन
- हिरासत तथा कारागार सुधार
- संक्रमणकालीन न्याय
- राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायका सिफारिस/सुझाव कार्यान्वयन
- मानव अधिकार शिक्षा
- संस्थागत सुदृढीकरण

कार्ययोजना कार्यान्वयनमा सम्बद्ध निकायको भूमिका

१. जिम्मेवार निकाय

कार्ययोजनाको उद्देश्य हासिल गर्नका लागि निर्धारित प्रत्येक क्रियाकलापको कार्यान्वयन गर्न प्रमुख भूमिका रहने निकायलाई जिम्मेवार निकायको रूपमा तोकिएको छ। जिम्मेवार निकायको मुख्य काम देहाय बमोजिम रहेको छ।

- सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने,
- नीति वा कानुनको तर्जुमा वा परिमार्जन गर्नुपर्ने भएमा त्यसको नेतृत्व लिने,
- आवश्यक स्रोत र साधन उपलब्ध गराउने,
- दुई वा दुई भन्दा बढी निकायको संलग्नता रहने भएमा ती निकाय बीच समन्वय गर्ने,
- कार्ययोजना कार्यान्वयनको प्रतिवेदनका लागि सम्पर्क व्यक्ति तोक्ने,
- कार्यान्वयनका क्रममा बाधा अड्काउ देखिएमा त्यस्तो बाधा अड्काउ फुकाउने।

२. सहयोगी निकाय

प्रस्तुत कार्ययोजनामा जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न सहयोगीको भूमिकामा रहने निकायलाई सहयोगी निकायको रूपमा पहिचान गरिएको छ। कार्ययोजनामा निर्दिष्ट क्रियाकलापको कार्यान्वयनका लागि प्रमुख रूपमा जिम्मेवार निकायले समन्वय गरेमा वा सहयोगको अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले त्यस्तो जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ। सहयोगी निकायको मुख्य काम देहाय बमोजिम रहेको छ :

- सम्बन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने ,
- जिम्मेवार निकायको अनुरोध अनुरूप आवश्यक स्रोत, साधन र विशेषज्ञता उपलब्ध गराउने ,
- जिम्मेवार निकाय समक्ष सम्बन्धित क्रियाकलापको सम्बन्धमा आवश्यकता अनुसार कुनै प्रस्ताव वा अनुराध गर्ने,
- कार्ययोजना कार्यान्वयनको सिलसिलामा अन्य आवश्यक कार्य गर्ने।

कार्ययोजना कार्यान्वयनको अनुगमन

कार्ययोजना कार्यान्वयनका लागि अनुगमन कार्य महत्वपूर्ण हुन्छ। कार्ययोजनामा निर्दिष्ट क्रियाकलापको नियमित अनुगमनबाट कार्यान्वयन अवस्थाको एकीन गर्न र कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान र त्यसको निराकरण गर्न समयमै आवश्यक पहल गर्न सहज हुन्छ। कार्ययोजनाको देहायका निकायबाट अनुगमन हुनेछ :

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(ख) सङ्घीय संसद, प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समिति
(ग) राष्ट्रिय मानव अधिकार आयोग
(घ) संवैधानिक आयोग र निकाय
(ङ) महान्यायाधिवक्ता
(च) प्रदेशसभाका समिति
(छ) स्थानीय तहको नगरसभा र गाँउसभा
(ज) नागरिक समाज

अनुगमन गर्ने निकायले क्रियाकलापको कार्यान्वयन अवस्था, कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान, ती समस्याको निराकरण गर्न अवलम्बन गर्नुपर्ने उपाय, क्रियाकलाप कार्यान्वयन गर्न लागेको समय, हासिल भएको प्रगति, क्रियाकलापको कार्यान्वयनको लागि प्राप्त स्रोत तथा साधनको उपलब्धता आदिको अनुगमन गरी आवश्यक पृष्ठपोषण, सुझाव दिन सक्नेछ। यसरी प्राप्त हुने पृष्ठपोषण, सुझाव कार्यान्वयनका लागि प्रमुख जिम्मेवार निकाय तथा सहयोगी

३. नेपालको संविधान (२०७२) को धारा भाग ४ धारा ४९,५०,५१ र ५२
४. ऐ.ऐ. धारा ५४
५. मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.व. २०७७।७८ - २०८१।८२) नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौ, पृ. ९।

निकायमा पठाइनेछ। अनुगमन गर्ने निकायले अनुगमन गर्ने विधि र प्रक्रिया आपसी समन्वयमा तय गर्नेछन्। अनुगमनको कार्यमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक सहजीकरण हुनेछ। न्यायपालिकाको चौथो पञ्चवर्षिय रणनीतिक योजनाको कार्यान्वयनको अनुगमन सर्वोच्च अदालतबाटै हुनेछ।

कार्ययोजना कार्यान्वयनको अवस्था

मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाले विगतको कार्ययोजनाको समीक्षा गर्दै मूलत १७ वटा विषयलाई प्राथमिकतामा राखेको छ। कार्ययोजना कार्यान्वयन सम्बन्धमा विगतका कार्ययोजनाको अवस्था हेर्दा त्यति सन्तोषजनक रुपमा कार्यान्वयन भएको देखिदैन[६]। मूलत मानव अधिकारसम्बन्धी कार्ययोजना लेखाउने र देखाउने दस्तावेज मात्र नभई नेपाली नागरिकको मानव अधिकार सुधारको लागि मार्गप्रसस्त हुन सकेमा नै नेपाली नागरिकले मानव अधिकारमा सुधारको महसुस गर्न सक्नेछन्। यस कार्ययोजनाले सङ्घीय देखि स्थानीय तह सम्म कार्ययोजना कार्यान्वयन, समन्वय र अनुगमन संयन्त्र गठन गर्नुलाई सकारात्मक रुपमा लिन सकिन्छ। सङ्घीय समन्वय समिति, प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिको व्यवस्थाले नेपालमा ८ सय ३८ वटा संयन्त्र रहने व्यवस्था छ। नागरिक समाज, गैसस, नेपाल बार एशोसिएसन, नेपाल पत्रकार महासंघ जस्ता स्थापित संस्थाको प्रतिनिधित्व रहने समितिबाट मानव अवस्था ६।६ महिनामा बैठक बसी मूलत आ-आफ्नो निकायको क्षेत्राधिकार भित्र मानव अधिकार अवस्थाबारे समीक्षा गरी प्रतिवेदन प्रकाशन गर्ने कार्यलाई सकारात्मक रूपमा लिन सकिन्छ। नेपालको विश्वव्यापी मानव अधिकार समीक्षा (Universal Periodic Review) मा समेत धेरै देशले कार्ययोजनाको सफल कार्यान्वयनको लागि नेपाल सरकारलाई सुझाव दिएका छन्।[७]

कार्ययोजना कार्यान्वयनको चुनौती

मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन हुनसकेमा यसले समग्र देशको मानव अधिकार अवस्था सुधार हुनेमा दुइमत हुन सक्दैन। समितिको जिल्ला तह र स्थानीय तहको संस्थागत व्यवस्था हेर्दा जनप्रतिनिधिको नेतृत्वमा समिति रहेको छ भने सङ्घीय समन्वय समिति र प्रदेश समन्वय समितिमा क्रमश नेपाल सरकारको मुख्य सचिव र प्रदेश सचिवको संयोजकत्वमा समिति रहेको देखिन्छ। कार्ययोजना जारी भएको २ वर्ष कोभिड १९ महामारीको कारण समितिहरू क्रियाशील हुन सकेनन भने ७५३ तहको नेतृत्व २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट परिवर्तन भएको अवस्था छ। स्थानीय तहको प्रमुख/जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा गठित समितिलाई कार्ययोजना संयन्त्रबाट अभिमुखीकरण गराउनु आवश्यक छ। बागमती प्रदेशमा मानव अधिकार संयन्त्र गठनको अवस्था हेर्दा बागमती प्रदेश समन्वय समिति गठन भइ सकेको छ।[८] त्यसैगरी काभ्रेपलाञ्चोक जिल्लाका जिल्ला समन्वय समितिको प्रमुखको संयोजकत्वमा २०७९ साउनमा समिति गठन भएको जानकारी प्राप्त हुन आएको छ। त्यसका अतिरिक्त बागमती प्रदेशका ११९ पालिका मध्ये मकवानपुर जिल्लाको राक्सीराङ गाउँपालिकाले सर्वप्रथम समिति गठन गऱ्यो।[९] यसका अतिरिक्त काभ्रेपलाञ्चोकको पांचखाल नगरपालिका, सिन्धुली जिल्लाको मरिण, घ्याङ्लेख, तिनपाटन, फिक्कल गाउँपालिकामा स्थानीय तह समन्वय समिति गठन भइसकेको छ।[१०]

मानव अधिकार कार्ययोजनाको कार्यान्वयन अवस्था अनुगमन गर्ने जिम्मेवार निकायको रूपमा राष्ट्रिय मानव अधिकार आयोग समेत रहेको छ। राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो वार्षिक कार्ययोजना र रणनीतिक योजना (२०२१-२०२६) मा समेत मानव अधिकार कार्ययोजनाको कार्यान्वयन अवस्था अनुगमनलाई प्राथमिकतामा राखेको अवस्था छ। तथापि तीनै तहमा सरकारले कार्ययोजना कार्यान्वयनको लागि आफ्नो नीति, योजना र कार्यक्रममा समावेश गरि बजेट विनियोजन भएमा मात्र यसले पूर्णता पाउन सक्ने देखिन्छ। अन्यथा कार्ययोजनाको फितलो कार्यान्वयनले मानव अधिकार सूचाङ्कमा खासै परिवर्तन गर्न सक्ने देखिँदैन। तसर्थ विगतमा कार्ययोजना कार्यान्वयन पक्षको अनुभवलाई ध्यान दिएर प्रभावकारी कार्यान्वयनका लागि जिम्मेवार निकाय र यसका सरोकारवाला पक्ष सबैको गम्भीर ध्यानाकर्षण हुनु जरुरी छ। कार्ययोजना जारी भएको ३ वर्ष वित्न लाग्दा समितिले नै पूर्णता नपाउनु चुनौतीको रूपमा रहेको छ।

निष्कर्ष

नेपालमा मानव अधिकारसम्बन्धी कानुन, नीतिगत व्यवस्था, कार्ययोजना रहेका छन्। सङ्घीय सरकार अन्तर्गतका मन्त्रालयहरूबाट कार्ययोजनामा उल्लेख भए बमोजिम थप कार्ययोजना, नीतिगत व्यवस्थाको सुरुवात भएको पाइन्छ। लोकतन्त्रको मेरुदण्डको रुपमा रहेको स्थानीय सरकारबाट नै स्थानीय तहमा नागरिकको मानव अधिकार सरंक्षणका लागि जनताको घर दैलौमा रहेको स्थानीय सरकारकै पहिलो दायित्व हुन आउँछ। स्थानीय तहलाई समन्वय गर्ने र आफ्नो जिल्ला भित्रको मानव अधिकार अवस्थाबारे हेर्ने अर्को जिम्मेवारी जिल्ला समन्वय समितिको रहेको हुन्छ। समग्र देशका पालीका, जिल्ला र प्रदेशको मानव अधिकारको अवस्था सुधार हुन सकेमा नै सङ्घीय समन्वय समितिले एकीकृत प्रतिवेदनमार्फत मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना सफल कार्यान्वयन भएको प्रतिवेदन तयार गरि नेपालको मानव अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न सफल हुन्छ। तसर्थ कार्ययोजनाले औँल्याएका जिम्मेवार निकाय र सहयोगी निकाय, विकास साझेदार, नागरिक समाज, राष्ट्रिय मानव अधिकार आयोग लगायत संविधानमा उल्लेखित विषयगत आयोग समेतको कार्ययोजना कार्यान्वयनमा अहम् भूमिका रहन्छ।

---

६. मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको अवस्था सम्बन्धी प्रतिवेदन २०७५, राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर।

७. नेपालको विश्वव्यापी आवधीक समीक्षा र सरकारले स्वीकार गरेका सिफारिस, २०२१

८. बागमती प्रदेश सरकारको प्रमुख सचिवको संयोजकत्वमा २०७८ मङ्सिर २३ गते प्रदेश समन्वय समितिको गठन भएको।

९. राक्सीराङ्ग गाउँपालिका मकवानपुरमा २०७७ मङ्सिर २५ गते समिति गठन भएको।

१०. राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेशको गतिविधि पुस्तिका २०७८ पृ. ३२

विश्लेषण

वसन्त गौतम*

व्यवसायिकताको कसीमा मानव अधिकार रक्षक

प्रत्येक अग्रेजी महिनाको डिसेम्बर ९ तारेखका दिन अन्तराष्ट्रिय स्तरमै मानव अधिकार रक्षक दिवस मनाउने गरिन्छ। मानव अधिकार रक्षकले भोग्दै आएका चुनौतीहरूको विश्लेषण गर्ने र उनीहरूका हक अधिकार संरक्षणका लागि आवाज बुलन्द गर्ने अवसरका रूपमा यस दिवसलाई लिइन्छ। मानव अधिकार रक्षकका हक, हित र सुरक्षामा विशेष ध्यान दिने भएकाले यो दिवस मानव अधिकारको वकालतमा लागेकाहरूका लागि महत्वपूर्ण रहेको छ।

मानव अधिकार रक्षक को हुन् भन्ने बारेमा निश्चित परिभाषा नभएता पनि सामान्यतया मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि व्यक्तिगत वा सामूहिक रूपमा कार्य गर्ने व्यक्ति मानव अधिकार रक्षक हुन्। कुनै पनि व्यक्तिको कुनै पद वा कुनै सङ्गठनसँग निजको आवद्धताले भन्दा पनि निजले मानव अधिकारको पक्षमा गर्ने कामको प्रकृतिले निजलाई मानव अधिकार रक्षकका रूपमा पहिचान गराउँदछ। आफ्ना दैनिक कार्यहरूमा कुनै न कुनै हिसाबले मानव अधिकारको संरक्षण र संवर्द्धनका कार्यमा संलग्न व्यक्तिहरू मानव अधिकार रक्षक हुन्। यसैगरी, अधिकारमुखि कार्य गर्ने जुनसुकै व्यक्तिहरू, अधिकारवादी संस्थामा काम गर्ने व्यक्तिहरू, मानव अधिकारका विषयमा कलम चलाउने पत्रकारहरू, अधिकारकाको वकालत गर्ने कानुन व्यवसायीहरू, महिला अधिकारको आवाज उठाउने महिलाहरू, दलित, अपाङ्गता, अलग क्षमता भएका र तेश्रो लिङ्गीको अधिकारका पक्षमा काम गर्ने व्यक्ति, शिक्षा शिक्षक, स्वास्थकर्मी, पीडितको न्याय र अधिकारको संरक्षणमा काम गरेका प्रहरी कर्मचारीलगायत जुनसुकै तवरबाट मानव अधिकारको क्षेत्रमा काम गर्ने व्यक्तिहरू मानव अधिकार रक्षक हुन सक्दछन्। मानव अधिकार रक्षकका रूपमा काम गर्ने त्यस्ता व्यक्तिले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायतका नागरिक अधिकारको सुनिश्चित गराउन, मानव अधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन, अनुसन्धान, अभिलेखिकरण लगायत पीडितहरूका पक्षमा वकालत गर्ने कार्यहरू गरेका हुन्छन्।

कुनै व्यक्ति मानव अधिकारकर्मीको शब्दावली जोडिएकै आधारमा निजलाई मानव अधिकार रक्षक भन्न सकिँदैन। मानव अधिकार रक्षक त्यो व्यक्ति हुन सक्दछ जसले मानव अधिकारको संरक्षण र संवर्द्धनमा प्रत्यक्ष वा परोक्ष रूपले काम गरेको होस्। योगदान पुऱ्याएको होस्। कुनै मानव अधिकार संस्थामा तलवी रूपमा काम नगरेको व्यक्ति पनि स्वस्फूर्त रूपमा मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने गतिविधिमा लागेको छ भने त्यो व्यक्ति मानवअधिकार रक्षकको परिभाषा भित्र पर्दछ। मानव अधिकारका पक्षमा उसले गर्ने काम र कारबाहीले ऊ मानव अधिकार रक्षक हो होइन भन्ने कुराको निर्धारण गर्ने गर्दछ।

कुनै पनि व्यक्ति मानव अधिकार रक्षक हो की होइन भनी जाँच्ने मुख्य आधार भनेको निजले मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि काम गरेको छ कि छैन भन्ने नै हो। निश्चित योग्यताको आधारले कुनै व्यक्ति मानव अधिकार रक्षक बन्ने भन्दा पनि उसले गरेको कामले निज मानव अधिकार रक्षक हो वा होइन भनेर छुट्याइने गरिन्छ। तर यसो भनिरहँदा कुनै व्यक्ति मानव अधिकार रक्षकको रूपमा काम गर्न सम्बन्धित विषयबस्तुमा गहिरो जानकारी, ज्ञान, सीप हासिल गरेको भए त्यसले आफ्नो कार्यक्षेत्रमा काम गर्नमा भने अवश्य सहजता ल्याउँछ।

मानव अधिकार रक्षकको मुख्य पेशागत धर्म भनेको आफ्नो कार्यक्षेत्रमा पेशागत मूल्य र मान्यता कायम राख्दै निश्पक्ष र तटस्थ भई मानव अधिकारको क्षेत्रमा कार्य गर्नु हो। मानव अधिकार रक्षक हुँ भन्दै औपचारिक फौजदारी न्याय प्रणालीबाट अगाडि बढाइनुपर्ने घटनालाई कानुनी प्रक्रियामा लैजान सहयोग पुऱ्याउनुको सट्टा आर्थिक लेनदेनमा मध्यस्थता गर्न पीडितलाई प्रोत्साहित गर्ने, त्यसवापत आर्थिक लाभ प्राप्त गर्ने, विभिन्न प्रकारले सुराकीको कार्य गर्ने, पीडितको मञ्जुरी बेगर तथ्यहरू सार्वजनिकीरण गरि गोपनीयता भंग गरिदिने, पीडितलाई अनावश्यक आश्वासन र प्रलोभन दिनेजस्ता कार्य पनि मानव अधिकार रक्षकका व्यवसायिक मर्यादा र धर्म विपरीतका कार्य हुन्। यस्ता कार्यले निश्चय नै मानव अधिकारकर्मीको गरिमा र मर्यादा घटाउने जोखिम र चुनौतीको मात्रा बढाउने कार्य गर्दछ। मानव अधिकारकर्मी भन्दैमा कुनै पनि व्यक्ति कानुन भन्दामाथि हुन सक्दैन। ऊ पनि कानुनका मूल्यमान्यता र मानव अधिकारका सिद्धान्तमा चल्नुपर्ने हुन्छ।

मानव अधिकार रक्षकहरू दुई कारणले जोखिम पर्ने गर्दछन्। पहिलो मानव अधिकारकर्मीहरू विशुद्ध रूपमा मानव अधिकारको क्षेत्रमा काम गरेका कारण पीडक पक्षबाट जोखिम र चुनौतीको शिकार हुने गर्दछन् भने दोश्रो पेशागत मुल्य र मान्यता विपरीत गैरकानुनी अपराधिक क्रियाकलापमा संलग्नता हुँदा जोखिममा पर्ने गर्दछन्। मानव अधिकार रक्षकहरू पीडितका पक्षमा वकालत गर्ने भएकाले यस कार्यले प्रत्यय रूपमा अपराधमा संलग्न पीडकलाई असर पार्ने हुँदा उनीहरूले विभिन्न रूपमा अधिकारकर्मीलाई हतोत्साहित तुल्याउने, गालीगलौज गर्ने, धम्काउने र ज्यान लिनेसम्मका कार्यहरू गर्ने गर्दछन्।

सशस्त्र द्वन्द्वको समयमा मानव अधिकार रक्षकले द्वन्द्वरत दुवै पक्षबाट जोखिम र चुनौतीको सामाना गर्नुपरेको थियो। कतिपय अवस्थामा राज्यपक्षले माओवादी पक्षधरको आरोप लगाएको थियो भने विद्रोही पक्षले सरकारी पक्षको सुराकी गर्ने व्यक्तिको रूपमा पनि चित्रित गर्ने गरेका

* लेखक अधिवक्ता हुन्।

थिए। यसक्रममा मानव अधिकार रक्षकले विभिन्न प्रकारका अवरोध, हैरानी, अनावश्यक सोधखोज, आवागमनमा बाधा अड्चन, धम्की, गालीगलौज गर्ने, कार्यक्षेत्रमा जाँदा त्रसित पार्ने, बन्दुक पड्काउने, क्यामेरा लगायतका सामग्री खोस्नेजस्ता कार्यबाट मानव अधिकार रक्षक पीडित भएका थिए।

वर्तमान अवस्थामा पनि मानव अधिकारक्षकहरू पूर्णरूपमा सुरक्षित हुन सकेको अवस्था छैन। देशमा दण्डहीनता व्याप्त छ। कतिपय अवस्थामा सत्ता र शक्तिको आडमा कानुनी राजको खिल्ली उडाउने कार्य भएका छन्। अपराधमा राजनीतिकरण मौलाउँदो छ। राजनीतिको प्रभाव हरेक क्षेत्रमा परेको वर्तमान अवस्थामा अधिकारकर्मीहरूलाई काम गर्न त्यति सहज छैन। मानव अधिकारको उल्लङ्घन राज्यले गर्ने र त्यसको विरुद्ध पीडितको पक्षमा मानव अधिकार रक्षकले वकालत गर्ने भएकाले अधिकारकर्मीका कार्य त्यसै पनि चुनौतीपूर्ण छन्। पीडितको पक्षमा वकालत गर्दा निश्चय नै त्यो सत्ता र शक्तिमा रहेको आरोपित पीडकलाई पदीय र आचरणगत दुवै हिसाबले असर पुऱ्याउने भएको हुँदा उनीहरू अधिकारकर्मी प्रति बढी आक्रोसित हुने गर्दछन्। जसकाकारण उनीहरू उपयुक्त अवसर पाउनासाथ अधिकारकर्मीलाई विभिन्न हिसाबले शारीरिक तथा मानसिक क्षति पुऱ्याउने सम्मका कार्यहरू पनि गर्न सक्दछन्।

कसैको मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि कार्य गर्नुको अर्थ निजले गरेको अपराधिक र गलत बिचारलाई समर्थन गर्नु कदापि होइन। अपराधमा सजाय हुने विषय र मानवअधिकारको विषय फरक हुन्। अपराधी नै भए पनि उसले मानवताका नाताले प्राप्त गर्ने अधिकारबाट निजलाई बञ्चित गर्न मिल्दैन। यसैको वकालत गर्दा कतिपय अवस्थामा अधिकारकर्मीहरू जोखिममा पर्ने गरेका हुन्छन्।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारि भएको पचासौँ बर्षका अवसरमा सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले सदस्य राष्ट्रहरूको मतैक्यमा मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र पारित गरेको छ। मानव अधिकार रक्षकका संरक्षणका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय संयन्त्र र केही कानुनी व्यवस्था भए पनि यसले मानव अधिकार रक्षकको पूर्ण संरक्षण गर्न सकेको छैन। नेपालका मानव अधिकार रक्षकको हक अधिकारको संरक्षण, सुचनामा पहुँच, सुरक्षा सम्मान लगायतको सुनिश्चिताका लागि छुट्टै कानुनी व्यवस्थाको आवाज उठेको भएता पनि सो अनुरुपको कानुन बन्न सकेको छैन। लुम्बिनी लगायतका केही प्रदेशमा इन्सेकको पहलमा विधेयक दर्ताको पहल भएको विषय सकारात्मक भए पनि यसमा सरकारी उदासिनाता देखिन्छ। अरुको मानव अधिकारको संरक्षणका लागि बोल्ने मानव अधिकार रक्षकका आफ्नै अधिकार हुन सकेन ऊ नै जोखिम पऱ्यो भने मानव अधिकार आन्दोलन नै कमजोर हुने भएकाले मानव अधिकार रक्षकको सुरक्षा, व्यवसायिक मर्यादाको सम्मान र हक अधिकार सुनिश्चितता हुनै पर्दछ।

मानव अधिकार रक्षक व्यवसायिक हुनुपर्ने कुरामा कुनै दुईमत छैन। पेशा व्यवशाय गर्ने जो कोही पनि आफ्नो भूमिकाप्रति, आफ्नो कामप्रति उत्तरदायी र जिम्मेवार हुनै पर्दछ। तर अरुको अधिकारको वकालत गर्ने अधिकारकर्मीहरू नै जोखिममा परे भने आवाज बिहिनहरूको आवाज कसले उठाइदिने ? सत्ता शक्तिमा रहेकाहरू विरुद्ध कसले बोल्ने ? मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व बोकेको राष्ट्रिय मानव अधिकार आयोग आफैले सहज तरिकाले काम गर्ने वातावरण भएन भने अन्य सङ्घ संस्थाले कसरी काम गर्ने ? अत : मानव अधिकारको पक्षमा, कानुनको पक्षमा, पीडितको न्यायको पक्षमा र दण्डहीनताका विरुद्ध आवाज उठाउने मानव अधिकार रक्षकका कार्यमा सबैले सहयोग पुऱ्याउनु पर्दछ। मानव अधिकार रक्षकका चुनौती र असुरक्षालाई न्यूनिकरण गर्न मानवअधिकार रक्षकले जुनसुकै अवस्थामा पनि मानव अधिकारसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानुनी प्रावधानहरूको उच्च सम्मान गर्नुपर्दछ। मानव अधिकार रक्षकले आफ्नो कर्तव्य, मूल्य मान्यताको पालना, आचारसंहिताको अनुशरण गर्दै व्यवसायिक धर्म निर्वाह गर्न पर्दछ भने राज्यले पनि मानव अधिकार रक्षकको काममा पूर्ण सहयोग गर्नुपर्दछ।

मानव अधिकार रक्षकको मुख्य पेशागत धर्म भनेको आफ्नो कार्यक्षेत्रमा पेशागत मूल्य र मान्यता कायम राख्दै निष्पक्ष र तटस्थ भई मानव अधिकारको क्षेत्रमा कार्य गर्नु हो। मानव अधिकार रक्षक हुँ भन्दै औपचारिक फौजदारी न्याय प्रणालीबाट अगाडि बढाइनुपर्ने घटनालाई कानुनी प्रक्रियामा लैजान सहयोग पुऱ्याउनुको सट्टा आर्थिक लेनदेनमा मध्यस्थता गर्न पीडितलाई प्रोत्साहित गर्ने, त्यसवापत आर्थिक लाभ प्राप्त गर्ने, विभिन्न प्रकारले सुराकीको कार्य गर्ने, पीडितको मञ्जुरी बेगर तथ्यहरू सार्वजनिकीरण गरि गोपनीयता भंग गरिदिने, पीडितलाई अनावश्यक आश्वासन र प्रलोभन दिनेजस्ता कार्य पनि मानव अधिकार रक्षकका व्यवसायिक मर्यादा र धर्म विपरीतका कार्य हुन्। यस्ता कार्यले निश्चय नै मानव अधिकारकर्मीको गरिमा र मर्यादा घटाउने जोखिम र चुनौतीको मात्रा बढाउने कार्य गर्दछ। मानव अधिकारकर्मी भन्दैमा कुनै पनि व्यक्ति कानुन भन्दामाथि हुन सक्दैन। ऊ पनि कानुनका मूल्यमान्यता र मानव अधिकारका सिद्धान्तमा चल्नुपर्ने हुन्छ।

विश्लेषण



रमेशप्रसाद तिमल्सिना

भावनामा होइन सम्भावनामा चल्छ राजनीति !

मुलुक बनाउनका लागि राजनीति र राजनीति बनाउन असल नागरिक चाहिन्छ। अनि असल नागरिक हुन के गर्नु पर्छ भन्ने प्रश्न आइहाल्छ। यसरी एउटासँग अर्को विषय जेलिएको छ। सबै नीतिहरूको मूल नीतिका रूपमा राजनीतिलाई लिइन्छ। तर, त्यही राजनीतिको बागडोर सम्हालेका व्यक्ति सम्भावनाको बाटो छाडेर भावनाको बाटोमा हिँड्न थाले मुलुकको विकास र निकासको अवस्था कस्तो होला ? राजनीति भनेको सम्भावनै सम्भावनाको खेल पनि हो। सम्भावनाको खेलको रिङभित्र प्रवेश गरेर भावनामा चल्न मिल्दैन। भावनामा खेल्दा निर्वाचन त जितिएला तर राजनीति जितिँदैन। राजनीति जित्नलाई राजनीति नै गर्नुपर्छ।

प्रजातन्त्रमा भन्ने बहुमतको शासन हुने अल्पमतको !

प्रजातन्त्रमा बहुमतको सरकार र अल्पमतको संसद भन्ने गरेको भएपनि खास हिसाब गरेर ल्याउँदा अल्पमतले शासन चलाउने गरेको पाइन्छ। नेपालको प्रजातन्त्र/लोकतन्त्र वा अहिलेको गणतन्त्र जे भनेपनि अरुको भन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुने व्यवस्था हो। यो व्यवस्थामा बहुमतले शासन गर्ने होइन अरुको भन्दा बढी मत ल्याउनेले शासन गर्ने हो। स्थानीय तहदेखि प्रतिनिधिसभासम्मका सबै प्रतिनिधि यहि विधिबाट निर्वाचित हुन्छन्। यो बहुमतको शासन नभएर अल्पमतको शासन हो। यसलाई बुझ्न एउटा उदाहरण यहाँ प्रस्तुत गरिन्छ।

स्थानीय तहको निर्वाचन २०७९ मा काठमाडौँ महानगरपालिकाको कूल मतदाता ३ लाख २ सय ४२ जना रहेका थिए। निर्वाचन आयोगको वेभसाइटमा राखिएका सबै उम्मेदवारको मत गन्दा १ लाख ५९ हजार ९ सय ६ मत हुन आउँछ। यहाँ नखसेको र बदर भएको मतको सङ्ख्या १ लाख ४० हजार ३ सय ३६ रहेको छ। यसमध्ये महानगरको प्रमुखमा निर्वाचित बालेन साहको मत ६१ हजार ७ सय ६७ रहेको थियो। बालेनबाहेकका उम्मेदवारले पाएको मत ९८ हजार १ सय ३९ रहेको छ। यो भनेको निर्वाचित मेययरको भन्दा ३६ हजारभन्दा बढी हुन आउँछ। काठमाडौँ महानगरपालिकाको मेयर पदमा ५५ जनाको उम्मेदवारी परेको थियो।

बालिग मतदाता हुन बाँकी रहेकाको त हिसाब यहाँ गरिएको छैन। यसरी हेर्दा कूल मतदाताको २०.५७ प्रतिशत मात्रै मत पाएर बालेन साह निर्वाचित भएको देखिन्छ। सदर मतको पनि ३८.६२ प्रतिशत मत पाएर बालेन साह निर्वाचित भएको तथ्याङ्कले देखाउँछ। तसर्थ बहुमतको शासन भन्ने गुञ्जायस कतै आउँदैन। यसलाई अरु उम्मेदवारको भन्दा बढी मत ल्याउनेको शासन भन्न मिल्छ।

विदेशि भूमिबाट मताधिकार गफका लागि गफ मात्रै !

नेपाली युवा पुस्ता नेपालमै रोक्न अहिलेको राजनीति असफल प्राय छ। कोही पढ्नका लागि र कोही श्रमका लागि विदेशिने युवाको लर्को लामै छ। सुन्दा कर्णप्रिय लाग्ने तर व्यवस्था गर्न वर्षौं लाग्ने विषय हो विदेशी भूमिबाट नेपाली प्रतिनिधि चयन गर्ने कुरा। विदेशी भूमिबाट नेपाली प्रतिनिधि छनोट गर्नुपूर्व गम्भीर भएर सोच्नु पर्ने केही विषय छन्। पहिलो, कर्णालीका प्रतिनिधि छान्न काठमाडौँबाट पाउने व्यवस्था गर्नुपर्छ। यहि देशमा भएका नागरिकचाँहि कुम्लो कुटुरो बोकेर आफ्नै गाउँ जानु पर्ने अनि विदेशबाट चाँहि मतदान गर्न पाउने कुरा गर्न किमार्थ सुहाउँदैन। कर्णाली नगइ काठमाडौँबाटै प्रतिनिधि छान्न पाउने हो भने निर्वाचन खर्चमासमेत भारी कटौती हुन्छ। उम्मेदवारले ल्याउने लाने खर्च गरिरहनै पर्दैन।

दोस्रो, विदेशबाट मतदान गर्ने व्यवस्थाका लागि मतदाताको वर्गीकरण गर्नुपर्छ। श्रमका लागि विदेशिएकालाई पहिलो प्राथमिकतामा राख्नु पर्छ। दोस्रो प्राथमिकतामा अध्ययनका लागि विदेशिएका नागरिक पर्छन्। त्यसो गर्ने हो भनेपनि समानुपातिक पद्धतिका लागि राजनीतिक दललाई मत दिने व्यवस्था गर्नु सान्दर्भिक होला। शरणार्थीका लागि निवेदन दिएर विदेशीकै शरणमा परेका र विविध माध्यमबाट उतै नागरिकता लिएका र लिने प्रक्रियामा रहेकालाई भने मताधिकार दिनु हुँदैन। फेरि प्रश्न आउँछ मतदाता भएपछि उम्मेदवार हुन किन नपाउने ? यसका लागि पनि त सम्बोधन गर्नै पर्ने हुन्छ।

यि सबै जटिल प्रश्नको उत्तर खोज्नुअघि निर्वाचन तोकिएको महिनामा विदेशिन लागेका नागरिकलाई मतदाता परिचय पत्रका आधारमा विमानस्थलमा नै मतदान गर्ने व्यवस्था गर्नु पर्छ। यि सबै काम अहिलेको धमिलिएको राजनीतिक नेतृत्वबाट तत्काल सम्भव छैन। तत्काल सम्भव नभएको विषयमा तीन हात उफ्रेर भाषण गर्नुअघि घरैबाट मतदान गर्ने व्यवस्था मिलाउन तिर लागौँ। निर्वाचन दिन तोकेर गर्ने होइन महिना तोकेर गर्ने व्यवस्था मिलाउँ। एक महिनाको अवधिमा जसलाई जहिले सुविधा हुन्छ त्यसले त्यही दिन मतदान गर्न सक्छ। यसो गर्न सके यातायात बन्द, मौन अवधि, मासुभात र आर्थिक प्रलोभनको भारी एकैपटक नपर्ला कि !

युवा पुस्ता राजनीतिमा- ब्याडबिनाको नर्सरी !

युवा पुस्ता राजनीतिमा आउनु पर्छ र ल्याउनु पर्छ भन्ने विषय सुन्दा निकै कर्णप्रिय लाग्छ। तर, यो आवाज उठाउनेहरू युवा उमेर काटिसकेका पाइन्छन्। नेपाली कानुन अनुसार १६ वर्षदेखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा भनिन्छ। संविधानमा भने १८ वर्षमुनिका व्यक्ति बालबालिका हुन्छन् भनिएको छ। यहिँनेर संविधान र कानुनबिच विरोधाभास पाइन्छ। सबैभन्दा पहिला यसलाई मिलाउनु आवश्यक छ। ब्याडबिनाको नर्सरी कस्तो होला ? हो त्यस्तै भइरहेको छ युवा पुस्ताको राजनीतिको यात्रा पनि। विद्यालय र क्याम्पसमा राजनीतिक दलले कुनैपनि गतिविधि गर्नु हुँदैन भन्नेहरू नै अहिले युवाहरू राजनीतिमा आउनु पर्छ भनिरहेका छन्। यो आफैँमा विरोधाभास छ। एउटा विषयको विज्ञ भयो भन्दैमा उसले राजनीतिको साँचो सम्हाल्न सक्छ भन्ने

सुनिश्चितता हुँदैन।

२५-३० वर्षसम्म राजनीतिक गतिविधिमा समावेश हुन मिल्दैन भन्नेहरू नै ४० वर्षभन्दा कम उमेरका व्यक्तिले देश हाँक्नु पर्छ भनी हुँकार हाँकिरहेका छन्। जुन निकै हाँस्यास्पद छ। त्यसैले विद्यालयदेखि नै राजनीति पढाउनु पर्छ। राजनीति बुझाउनु पर्छ र राजनीति सिकाउनु पर्छ। त्यसो भन्दैमा दलगत राजनीतिमा लागि हाल्नु पर्छ भन्ने छैन। यहाँ त राजनीति भन्ने बित्तिकै एउटा पार्टीको पुच्छर समाउनु पर्छ भन्ने गलत बुझाइ छ। यसको अन्त्यका लागि पनि बालापनदेखि नै नेपाली राजनीतिका बारेमा बुझाउनु जरूरी छ। अनि मात्रै युवा पुस्तालाई राजनीतिमा प्रेरित गर्न सकिन्छ। ब्याड राम्रो भएपछि मात्रै नर्सरीमा राम्रो विरुवा उत्पादन हुन्छ भन्ने बुझ्नु जरूरी छ।

'रिटायर्ड इज रिटायर्ड' को व्यवस्था आवश्यक

एउटै व्यक्ति राज्यको एउटा निकायमा उमेरहदका कारण अवकाश पाउने र अर्को निकायमा प्रवेश गर्न पाउने व्यवस्थाले प्रजातन्त्रलाई फोहोर बनाइरहेको छ। निर्वाचन हुन पाउने अधिकार सुरक्षाका नाममा उमेरकै कारण अवकाश पाएको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन पाउने व्यवस्थालाई खारेज गर्नु आवश्यक छ। पेन्सन पाएको व्यक्ति निर्वाचनमा उम्मेदवार भएकै दिनबाट पेन्सन खारेजीको व्यवस्था गर्न नसके केही वर्षमा रहरैरहरमा पेन्सनरहरूको उम्मेदवारी बढ्छ। जिते जनप्रतिनिधि हारे पेन्सन हातमा हुने व्यवस्थाले वर्षौंदेखि राजनीतिका माध्यमबाट सामाजिक कार्यमा लागेकाहरू बहिष्करणमा पर्छन्।

पेन्सनरहरूलाई नै जनप्रतिनिधि बनाउने हो भने त मुलुकको प्रजातन्त्र कर्मचारीकै हातमा सुम्पिए भइगयो नि ! र, एउटा निकायबाट उमेरहदका कारण अवकाश पाएको व्यक्ति अर्को कुनै पनि निकायमा कार्यकारी प्रमुख बनाउन विज्ञानको दृष्टिले मिल्दैन। उदाहरणका लागि सर्वोच्च अदालतमा प्रधानन्यायाधीश भएको व्यक्तिलाई उमेरका कारण अब सेवा गर्न सक्दैन भनेर विदा दिइसकेपछि राष्ट्रिय मानव अधिकार आयोगमा गएर मानव अधिकारको रक्षा गर्न सक्छ भन्ने आधार के हो ? नीतिगत काममा लागेकाहरूसँग सायद यसको उत्तर छैन। उत्तर आइहाले पनि अन्तर्राष्ट्रिय अभ्यास भन्ने मात्रै त आउने होला। अरु बेलामा भुगोल र माटो सुहाउँदो भन्ने जटिल प्रश्न आइहाले भुगोल र माटोको आयतन तन्कने गरी दोहोरो मापदण्ड स्वीकार्य हुन सक्दैन। तसर्थ रिटायर्डलाई आरामको व्यवस्था मिलाउनु पर्छ। उनीहरूको ज्ञान र सीपलाई सल्लाहकारीय भूमिकामा समेट्नु नै बुद्धिमानी हुनेछ।

राजनीतिलाई सम्भावनाको खेलका रूपमा अगाडि बढाउनु आवश्यक छ भन्ने आशयका साथ यस लेखमा चर्चा गर्न खोजिएको छ। राजनीति र निर्वाचन लक्षित तमाम विषयमा बहस आवश्यक भएकाले यस लेखमा उठाइएका विषयका पक्ष र विपक्षमा तमाम तर्कवितर्कको अपेक्षा गरिएको छ। राजनीतिलाई सङ्लो र बलियो बनाउनका लागि यसै लेखबाट बहसको प्रारम्भ होस् भन्ने अपेक्षा गरिएको छ। भावना र सम्भावनाबिचको अन्तरलाई केलाएर प्रबुद्ध पाठकले आवश्यक सुझाव दिनु हुने नै छ।

मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- **मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)**
- **मानवअधिकार सङ्गालो**
- **मानवअधिकारको ऐतिहासिक अवधारणा**
- **मानवअधिकार–प्रहरी–कानुन**
- **मानवअधिकार घोषणापत्र (सचित्र)**
- **नेपालमा जातीय छुवाछूत**
- **राजनीतिक महिला परिचय**
- **प्राची द्वैमासिक**
- **इन्फर्मल**
- **मानवअधिकार स्थितिसूचक (त्रैमासिक)**
- **इन्सेक अभियान (त्रैमासिक)**
- **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान**
- **सुरक्षासम्बन्धी कानुनी प्रावधान**
- **इन्सेक अनलाईन** (www.inseconline.org)
- **मानवअधिकार : ठूला नौ महासन्धि**
- **इन्सेकको दुई दशक**
- **विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा**
- **मध्यमाञ्चल : जनआन्दोलन र मानवअधिकार**
- **उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)**
- Reflections : FK Exchange Programme

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।

विश्लेषण

रीमा बीसी

सन्दर्भ : लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान

लैङ्गिक हिंसा : मानवताविरुद्धको गम्भीर अपराध

लैङ्गिक हिंसा, सामाजिक तथा मानवअधिकार विरुद्धको गम्भीर अपराध हो। यसले सिङ्गो समाजलाई नै असर पुऱ्याउँदछ। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय महासन्धिले 'लैङ्गिक हिंसा भनेको त्यस्तो हिंसा हो जो महिला भएर जन्मेकै कारण महिला विरुद्ध हुने गर्दछ, अथवा त्यस्तो हिंसा जसले असमान ढङ्गमा महिलालाई प्रभाव पारेको हुन्छ। यसमा शारीरिक, मानसिक र यौनिक रूपमा महिलामाथि चोट, हानि वा नोक्सानी पुऱ्याउने वा दुःख दिने, धम्की, बाध्यता वा बलपूर्वक महिलाको स्वतन्त्रता हनन् गर्ने जस्ता लैङ्गिक विभेदमा आधारित हिंसाका कार्यहरू पर्दछन्।' यो लेखमा लैङ्गिक हिंसा र न्यूनीकरणका उपायहरूका विषयमा चर्चा गर्ने प्रयास गरेको छु।

महिला हिंसा रिकी महिलाको दासत्वविरुद्धको आन्दोलन, सन् १८९३ मा स्वीट्जरल्यान्डमा मताधिकार प्रयोग र क्लारा जेटकिन्सजस्ता प्रभावशाली महिला नेतृको मजदुर आन्दोलनको उपजको रूपमा लिन सकिन्छ। त्यसैगरी, सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना र राष्ट्रसङ्घको बडापत्रको प्रस्तावनामै 'महिला र पुरुषबीच समान अधिकार' भन्ने जस्ता शब्दावली उल्लेख हुनुले पनि महिला अधिकारको विषयमा विश्वव्यापी बहस चलेको थियो। मानव अधिकार घोषणा पत्र (१९४८), 'द फेमिनिज्म मिस्टिक', 'सेक्सुअल पोलिटिक्स' जस्ता क्रान्तिकारी लेख, नारी वर्ष १९७५, नारी विकास दशक (१९७५-८५), मेक्सिको (१९७५), कोपनहेगन (१९८५), केन्या र बेइजिङमा सम्पन्न विश्व महिला सम्मेलनबाट लैङ्गिक न्यायको पक्षमा विश्वव्यापी रूपमा अभियान सञ्चालन भएका कारण महिला मुक्ति र महिला अधिकारका विषयमा बहस सशक्त रूपमा सुरु भएको इतिहास पढ्न पाइन्छ।

त्यसैगरी, भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा सामान्य सुझाव नं. १९ बाट संशोधित रूप)। समाजमा सदिऔँदेखिको विद्यमान लैङ्गिक मूल्य-मान्यता पितृसत्तात्मक सोच र संरचनाले गर्दा महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धका कारण लैङ्गिक विभेदले जरा गाडेको हो भन्ने लाग्छ। यसैकारण समाजमा विशेषगरी महिला र छोरीहरू हिंसाका शिकार बन्न पुगेका छन्। जसको परिणामस्वरुप मान्छेको बाँच्न पाउने अधिकार खोसिएको छ, स्वतन्त्रता, सुरक्षा र आत्मसम्मानहरू लुटिएका छन्, महिला र पुरुषबीचको समानता, विभेदरहित र शारीरिक तथा मानसिक अखण्डताका आधारभूत अधिकारहरूबाट तुलनात्मकरूपमा महिलाहरू वञ्चित छन्।

त्यसो त समाजमा लैङ्गिक हिंसा र महिलाविरुद्धको हिंसा दुवैलाई एउटै रूपमा बुझ्ने गरिन्छ। धेरैजसो लैङ्गिक हिंसामा महिला र छोरीहरू धेरै हिंसामा पर्ने, दुर्व्यवहारमा पर्ने हुने हुँदा पनि यसलाई महिला हिंसाका रूपमा बुझेको अनुमान गर्न सकिन्छ। तर, पितृसत्तात्मक सोच र परम्परागत मान्यताका कारण घटनाको पुष्टि हुने खालका उजुरीहरू नभए पनि पुरुष वा केटाहरू तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायहरू समेत लैङ्गिक हिंसामा परेका घटनाहरू सुनिन्छन्।

लैङ्गिक हिंसा लिङ्गको आधारमा गरिने हिंसा हो। हिंसा महिला र पुरुषबीच असमान शक्ति सम्बन्धको परिमाण स्वरूप सिर्जित जघन्य अपराध मात्र नभई मानव अधिकार उल्लङ्घन पनि हो। लैङ्गिक हिंसा अन्तर्राष्ट्रिय समुदायको सरोकारको विषय पनि हो। यो महिला, पुरुष वा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकमाथि हुनसक्ने अपराध हो। लैङ्गिक हिंसा पुरुषमाथि पनि हुन सक्छ। खासगरी, पितृसत्तात्मक सोच र समाजले महिलालाई पुरुषको समकक्षी नभई तल्लो तहको वा कमजोर वर्ग मान्ने सामन्तवादी सोच र मनोविज्ञानबाट निर्धारण गरिदिएको छ। परिणाम स्वरुप: हिंसा खासगरी पुरुषभन्दा महिलामाथि नै बढी हुने गरेको पाइन्छ। महिलाविरुद्धको भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि सिडलगायत महिलाअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रले महिलाविरुद्धको हिंसालाई विभिन्न वर्गहरू जस्तै परिवारभित्र हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा, समुदायमा हुने हिंसा र राज्यद्वारा गरिने हिंसा भनी वर्गीकरण गरेको छ।

हिंसा हुने मुख्यस्थान भनेका घरपरिवार समाज र राज्य यी तीन क्षेत्रमा महिला हिंसा बढी हुने गर्छ । पारिवारिक सम्बन्धका आधारमा हुने घरेलु हिंसाअन्तर्गत वैवाहिक बलात्कार, कुटपिट, यौनाङ्ग छेदन, एसिड आक्रमण, दाइजोको नाममा हुने यातना, कुरीति र अन्धविश्वासका आधारमा हुने हिंसा, कमलरी, छाउपडी, बोक्सी, बादी, देउकीलगायत विभिन्न कुरीतिजन्य हिंसाहरू पर्छन्। त्यस्तै, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, मानव बेचबिखन, बलात्कार, जबरजस्ती यौन व्यवसायमा लगाउने जस्ता हिंसा समुदायमा हुन सक्ने महिलाविरुद्धका हिंसा हुन्। विश्वव्यापीकरणको प्रभावबाट महिलाविरुद्धका हिंसाका स्वरूप र प्रकृति फेरिएका छन्। शारीरिक, मानसिक, आर्थिक, राजनीतिक, यौनशोषण, हानि-नोक्सानी, धम्की, जाल, प्रपञ्च, छलछाम, धोकाधडी जस्ता कार्यहरू महिला हिंसाका कारक तत्वकारूपमा लिन सकिन्छ।

लैङ्गिक हिंसा लिङ्गको आधारमा गरिने हिंसा भए पनि हिंसाको मारमा सबैभन्दा बढी महिलाहरू परेका छन् हिंसाका कारण गम्भीर स्वास्थ्य समस्याहरूका कारण पटकपटक मरेर बाँचेका छन्। जसले महिलाहरूको शक्तिलाई कमजोर बनाउने, शारीरिक र मानसिक स्वास्थ्यमा असर पार्ने र उनीहरूको आत्मसम्मानमा चोट पुऱ्याउने गर्दछ। हिंसाको असर र प्रभाव प्रभावित महिलामा मात्र सीमित नरही प्रभावितका बालबालिका, परिवार र सिङ्गो समाजमा हुने पर्दछ। यसकै कारणले गर्दा उनीहरू आफ्नो क्षमता अनुसार काम गर्न सक्दैनन्। सधैँ बिरामी जस्तो भइरहन्छन् र समाजका लागि आफ्नो अर्थपूर्ण योगदान दिन सक्दैनन्।

किशोरीहरूले आफ्नो शिक्षालाई निरन्तरता नदिने, रोजगारी र आर्थिक अवसरलाई घटाउने र जीवनको गुणस्तर नै गुमाउँदै जाने परिस्थिति पैदा हुन सक्दछ। लैङ्गिक हिंसाले पारिवारिक संरचनालाई नै खतरामा पार्दछ। हिंसाका प्रत्यक्षदर्शी बालबालिकाहरू मानसिक रूपमा विक्षिप्त हुन सक्दछन्, घरपरिवार टुट्न सक्छ र खासगरी महिला घरमूलीले बढ्दो गरिबी एवम् नकारात्मक सामाजिक परिणामहरूसँग ठूलो सङ्घर्ष गर्नुपर्ने हुन्छ त कतिपयलाई आत्महत्या गर्ने अवस्थासम्म पुऱ्याउँछ।

महिलाविरुद्धको हिंसा खासगरी गर्भावस्थादेखि वृद्धावस्थासम्मै घट्नसक्ने हिंसा हो । गर्भावस्थामा लिङ्ग पहिचान गरी गर्भपतन गराउने, गर्भवती अवस्थामा महिलालाई कुटपिट गर्ने वा जबरजस्ती गर्भाधारण या गर्भपतन गराउनेसम्मका कार्य पर्छन् । बालयौन दुराचार, हाडनाताकरणी, शिक्षा, स्वास्थ्य र पोषण जस्ता मानवका आधारभूत आवश्यकतामा हुने विभेदजन्य कार्य पनि महिला हिंसाका निकृष्ट उदाहरण हुन्। पाको उमेरमा शारीरिक वा मानसिक यातना दिने कार्य पनि महिला हिंसाकै स्वरूप हुन्।

महिला हिंसा अशिक्षित र विपन्न वर्गबाट मात्र नभएर शिक्षित र चेतनशील वर्गबाट समेत हुने गर्दछ । अधिकांश महिला अझै पनि विकासको मूलप्रवाहमा आउन नसकी चुलो,चौको र जुठेल्नोमै सीमित रहनुपरेको अवस्था छ । सामाजमा इज्जत जाने डरले कतिपय घरभित्रको महिला हिंसा बाहिर आउनै सक्दैनन्। घरेलु हिंसाको कसुरमा पीडित महिला आफैँले घरपरिवार विरुद्ध उजुरी गर्ने हिम्मत गर्न गाह्रो छ । समाजले पुरुषको चरित्र वा आचरण माथि खासै ध्यान दिंदैन, तर महिलाको चरित्र वा आचरणमा रत्तिभर पनि आँच आयो भने समाजले त्यस्ता महिलामाथि विभिन्न कोणबाट प्रश्न उठाउँछन् । महिलामाथि हुने हिंसा नेपालमा मात्र नभएर युरोप, अमेरिकाजस्ता अति विकसित र सभ्य समाजमा पनि महिला हिंसा हुने गरेको घटनाहरू सुन्न र पढ्न पाइन्छ।

महिला हिंसाका कारण बालबालिका र वृद्धवृद्धा मात्र होइन, सिंगो समाज नै प्रभावित हुने गर्छ । यस्तो यातनाजन्य आपराधिक कर्मलाई सबैले आ-आफ्नो क्षेत्रबाट रोक्ने वा न्यूनीकरण गर्ने प्रयास या अभियानमा लाग्नु आवश्यक छ । यो सवाल केवल महिलाको सरोकारको विषय नभई समग्र मानव समुदायको चिन्ता र चासोको विषय भएकाले अन्तर्राष्ट्रिय रूपमा राज्यहरूले आवश्यक, कानुन र न्यायिक संयन्त्र मार्फत महिलाविरुद्धको हिंसा न्यूनीकरण गर्न समय-समयमा आवश्यक प्रतिबद्धता समेत व्यक्त गर्दै आइरहेको देखिन्छ । नेपाल महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि सिडको पक्षराष्ट्र भइसकेकाले यस्तो हिंसाविरुद्ध प्रभावकारी कार्यक्रम सञ्चालन गर्नु/गराउनु राज्यको प्रमुख दायित्व हो । अन्तर्राष्ट्रिय सन्धिप्रति राज्यको दायित्वलाई अन्तर्राष्ट्रिय कानुनमा त्रिपक्षीय दायित्वका रूपमा हेर्ने दृष्टिकोण रहेको छ । सन्धिको व्यवस्थाप्रति सम्मान, संरक्षण र कार्यान्वयनलाई त्रिपक्षीय दायित्वकारूपमा मानिएको भए पनि कतियपय अवस्थामा महिलाहरूले अनुभूति गर्न पाएका छैनन्। यो दुखद पक्ष हो।

नेपालको संविधानले महिलाको अधिकार (धारा ३८), यातनाविरुद्धको हक, छुवाछुत र शोषणविरुद्धको हक, प्रजनन स्वास्थ्यसम्बन्धी हक, गोपनीयताको हक, सम्पत्तिमा समान हक र न्यायसम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । यस्तो हकलाई प्रवर्द्धन र संरक्षण गर्न समय-समयमा सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका विभिन्न विवादमा महत्वपूर्ण निर्णय भएका र लैङ्गिक न्यायको पक्षमा मार्गदर्शन हुने गरी निर्देशनात्मक आदेशसमेत जारी भएका छन् । त्यस्तै, महिला सशक्तिकरणका लागि सकारात्मक विभेदमार्फत शिक्षा, स्वास्थ्य र रोजगारीमा महिलालाई विशेष अवसर प्राप्तिको हक हुने र राज्यका निकायमा समावेशी सिद्धान्तका आधारमा महिलालाई सहभागी हुने हकसमेत संविधानमा प्रत्याभूत गरिएको छ । परन्तु, कानुनी व्यवस्था कार्यान्वयनको पाटो जटिल विषय हुने भएकाले अपेक्षाकृत रूपमा त्यस्ता प्रावधान अझै पनि व्यवहारमा पूर्णत: रूपान्तरण हुन सकिरहेका छैनन्। त्यसैले त्यस्ता कानुन कार्यान्वयनतर्फ सबैले जोड दिनु आवश्यक छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको नेपाल मानवअधिकार वर्ष पुस्तकका अनुसार ६५.७ प्रतिशत महिला घरेलु हिंसाबाट पीडित हुने गरेको तथ्य उजागर गरेको छ । त्यस्तै, मानवअधिकार आयोगबाट प्रकाशित प्रतिवेदनमा समेत नेपालमा करिब १५ लाख बढी मानिस मानव बेचबिखनको जोखिममा रहेको तथ्य प्रकाशित भएको छ । त्यस्तै नेपाल प्रहरीको विगत तीन वर्षको तथ्याङ्कलाई विश्लेषण गर्ने हो। अपराधका घटनामध्ये ७७ प्रतिशत घरेलु हिंसा रहेको छ भने ४० प्रतिशत लैङ्गिक हिंसाका घटना रहेका छन्। यौनजन्य हिंसाका घटनाहरूमा ७८.५ प्रतिशत घटनामा संलग्न अभियुक्तहरू चिनजानका र आफन्तहरू रहेको तथ्याङ्क रहेको छ।

लैङ्गिक हिंसा अन्त्य गर्न गाह्रो छ तर, न्युनीकरण सम्भव छ। त्यसैले घरपरिवार वा समाजले पनि आफ्ना बालबालिकालाई आमा र बुबा समान हुन्, दिदी, दाजु, बहिनी र भाइ सबै बराबर हुन्, सबैले समान काम गर्छन्, उनीहरूमाथि एक-अर्काले समान व्यवहार गर्नुपर्छ भन्ने शिक्षा दिन सकियो र अभ्यास गरियो भने लैगिंक हिंसालाई कम गर्न सकिन्छ। समाजमा आफ्नो चरित्र, आचरण, नैतिकताको ख्याल नगर्ने, अरूको मात्र खेदो खन्ने वा तेजोबध गर्ने कार्यलाई निरुत्साहित गर्ने हो भने पनि केही हदसम्म लैगिंक महिला हिंसा न्यूनीकरण गर्न सकिन्छ । त्यसकारण लैङ्गिक हिंसाको कारक तत्व पहिचान गरी यथार्थपरक र वास्तविकताको धरातलमा रहेर महिला हिंसाविरुद्ध प्रभावकारी प्रयत्न सञ्चालन गर्दै त्यस्ता हिंसाविरुद्ध नागरिक समाज, धर्म गुरुहरू, सञ्चारकर्मी, सरोकारवाला निकाय, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकार प्रहरी प्रशासन लगायत सबैले एकताबद्ध रूपमा अगाडि बढ्नसके समाज रूपान्तरण हुनसक्छ।

सन्दर्भ सामग्रीहरू

नेपालको संविधान २०७२
महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धी १९७९
नेपाल मानवअधिकार वर्ष पुस्तक २०२२
राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन
नेपाल प्रहरीको प्रतिवेदन

विश्लेषण

प्रिती मित्तल

नेपालको सङ्क्रमणकालीन न्याय : सङ्घीय दृष्टिकोण

नेपालमा द्वन्द्व, मानव अधिकारको गम्भीर उल्लङ्घन, जवाफदेहिताको अभावको एक दशक, फैलिँदो दण्डहीनता, राजनीतिक परिवर्तन र हालका सङ्क्रमणकालीन न्यायका पहलहरूको परिणामस्वरुप राष्ट्रिय तथा सङ्घीय तहमा सङ्क्रमणकालीन न्यायको प्रकृयामा ताजा दृष्टिकोणको निर्माण हुँदैछ। सङ्क्रमणकालीन न्यायको राष्ट्रिय प्रकृया विलम्ब भएको परिवेशमा सङ्क्रमणकालीन न्यायका सर्वाङ्गीण र विकेन्द्रित दृष्टिकोणको आवश्यकता टड्कारो देखिन्छ।

पीडितहरूसँग सहकार्य गर्न प्रादेशिक र स्थानीय सरकारका प्रयासहरू, परिपूरणका कार्यक्रम घोषणामा उनीहरूको सहभागिता हेर्दा सङ्क्रमणकालीन न्यायको प्रकृयामा एक विकेन्द्रित विमर्शतर्फ अघि बढ्न एक पूरै नयाँ आयाम र अवसरको सम्भावना खुलेको छ। यसबाहेक, नेपालको मौजुदा संविधानअन्तर्गत संघीय संरचना र शक्ति एवं जिम्मेवारीले सुसज्जित प्रादेशिक तथा स्थानीय सरकारहरू रहेको वर्तमान अवस्थामा सङ्क्रमणकालीन न्यायका राष्ट्रिय वा केन्द्रीय प्रयासहरू न त प्रभावकारी हुन सक्छन् न त तार्किक नै। अत: राष्ट्रिय तहमा गरिएका प्रयासको सफलता र सहजताका निम्ति समेत एक विकेन्द्रित कदम आवश्यक भइसकेको छ। यसबाट द्वन्द्वपीडितमुखी नेपालको नयाँ शासकीय संरचनालाई बढावा दिनसमेत यो नवीन पहल जरुरी छ।

२०६३ साल मंसिर ५ गते हस्ताक्षर गरिएको बृहत् शान्ति सम्झौताको हस्ताक्षर र १६ वर्षसम्म घिस्रिएको सरकारी प्रकृया टुङ्गोमा पुऱ्याउन पहलकदमी लिने उद्देश्यले सङ्क्रमणकालीन न्यायका विज्ञ गोविन्द शर्मालाई कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीलाई नियुक्त गरियो। उहाँलाई सङ्क्रमणकालीन न्यायको प्रकृयालाई अघि बढाउने, यसलाई विधिपूर्वक सम्पन्न गर्ने र धेरै नै विवादित सत्य तथा मेलमिलाप आयोग ऐनलाई सर्वोच्च अदालतको फैसलाअनुकूल संशोधन गर्ने जिम्मा दिइएको थियो। राष्ट्रिय तथा प्रादेशिक दुवै तहमा परामर्श र संवादपश्चात् सङ्क्रमणकालीन न्यायसम्बन्धी मस्यौदा विधेयक संसद सचिवालयमा दर्ता गरियो। यस क्रममा सम्बद्ध सरोकारवाला र द्वन्द्वपीडितहरूसँग सुझाव, सिफारिस वा पृष्ठपोषण सङ्कलन गरिएको थियो। पीडित समूहहरू, नागरिक समाजका सदस्य, मानवअधिकार रक्षक र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाबाट यो विधेयकको व्यापक निन्दा गरियो जसको फलस्वरुप यो विधेयक पारित हुन सकेन। यसका अतिरिक्त उक्त विधेयकप्रति सत्ताधारी र विपक्षी राजनीतिक दलबीच सहमति जुट्न नसकेको अवस्था एवं प्रादेशिक तथा संघीय निर्वाचन घोषणा भएपछि संसद्का् कार्यावधि नै समाप्त भयो।

प्रादेशिक र स्थानीय तहमा आशालाग्दा पहलहरूको थालनी हुँदैछन्। यस क्रममा सम्बद्ध प्रादेशिक सरकारहरूले विभिन्न परिपूरण योजना र पीडितलक्षी कोषहरू घोषणा गरेका छन्। यसबाट उनीहरूले द्वन्द्वका क्रममा भएका मानवअधिकार उल्लंघनलाई महसुस गर्न थालेको देखिन्छ।

मधेस प्रदेशका आन्तरिक मामिला तथा सञ्चारमन्त्री भरत शाहको पहलमा द्वन्द्व पीडितहरूलाई परिपूरण एवं मान्यता दिलाउन मधेस शहिद प्रतिष्ठान स्थापना गरिएको छ। यसपूर्व उक्त प्रतिष्ठानले मधेस आन्दोलनका क्रममा पीडित भएका व्यक्तिलाई मात्र प्रतिनिधित्व गर्ने गरेकोमा भरत शाह मन्त्री भएपश्चात उनले यसलाई पर्याप्त देखेनन्। अत: उनले प्रतिष्ठानको विधानमा संशोधन गर्दै जनयुद्धमा पीडित भएकाहरूलाई समेत समेट्न मार्ग प्रशस्त गरे। उक्त प्रतिष्ठानको सञ्चालनका निम्ति भरत शाह आफैं अध्यक्ष छन् भने सदस्यका रुपमा मधेस आन्दोलन र जनयुद्धका क्रममा पीडित परिवारबाट एक एक पुरुष र महिला रहेका छन्। यसबाट प्रतिष्ठानलाई समावेशी बनाउँदै पीडितमैत्री योजना र नीतिहरू तयार गर्ने क्रममा निजहरूसँग सार्थक सहभागिता र विमर्श गर्न सहज भएको छ।

मन्त्री भरत साहका अनुसार : *पीडितहरूको औपचारिक मान्यताका निम्ति परिपूरणभन्दा पनि सामाजिक स्वीकारोक्ति बढी महत्वपूर्ण हुन्छ। पहिले उनीहरूलाई पीडित भनिन्थ्यो भने अहिले शहिद। यो पहललाई कानुनी रुपमा मान्यतामात्र दिइएको छैन कि यसले सामाजिक अपनत्वसमेत पाएको छ। विस्तारै यो कदमले उनीहरूको हैसियतमा सामाजिक सम्बद्धता प्राप्त हुन्छ।*

प्रदेशको प्रत्येक जिल्लाबाट प्रतिनिधित्व हुनेगरी ४-५ जना पीडितहरूलाई जनही १ लाख रुपियाँ प्रदान गरियो। पछिल्लो समयमा त्यहाँको सरकार पीडितहरूलाई मासिक २१ हजारको आर्थिक सहायता र अन्य परिपूरण उपायहरू प्रदान गर्न सकारात्मक देखिएको छ। द्वन्द्वपीडितहरूका निम्ति बेग्लै परिपूरण कोष खडा गर्न र तिनीहरूका अधिकारलाई सम्बोधन गर्नमा मधेस पहिलो प्रदेश बन्न पुगेको छ। पीडितहरू लाभका प्रापकमात्र होइनन् कि प्रकृयाका सञ्चालक आफैं हुन्।

यसैगरी, लुम्बिनी र कर्णाली प्रदेशसमेत द्वन्द्वपीडितहरूलाई समान ढंगले परिपूरण गर्ने कुरामा खासै पछाडि छैनन्। पीडितका निम्ति परिपूरणका विधि र साङ्केतिक लाभको एक श्रृङ्खलाअन्तर्गत चिकित्सकीय र मनोवैज्ञानिक सेवाहरू, स्मृतिकरण, उद्यान र हैसियतहरूको निर्माण, आजीविका कोष, व्यावसायिक तालिम, शैक्षिक छात्रवृत्ति र सहयोग एवं स्वास्थ्य सेवाहरू स्थानीय तहसम्मै लगिएका छन्। साथै, यी प्रदेशहरूले मानसिक स्वास्थ्य र मनोसामाजिक परामर्श सेवा तथा सहयोग उपलब्ध गराउने कुराहरूलाई प्राथिमकता दिलाउन प्रयास गर्दैछन्। यसको सम्बन्ध पुन: संरक्षण रणनीतिसँग रहेको छ। यो नै सङ्क्रमणकालीन न्यायको संयन्त्रमा द्वन्द्वपीडितको सार्थक सहभागितालाई सहजीकरण गर्ने एवं तिनका अधिकारको संरक्षण गर्ने विषयसँग रहेको छ।

साथै, लुम्बिनी प्रदेशले परिपूरणको कार्यान्वयन तथा व्यवस्थापन निर्देशिका, २०७६ जारी गरेको छ। यसबाट माओवादी विद्रोहका क्रममा पीडित भएका व्यक्तिको पक्षमा विभिन्न परिपूरण योजनाहरू निर्दिष्ट गर्न सहज भएको छ। यी निर्देशिकाअन्तर्गत विभिन्न परिपूरण योजनाहरू घोषणा गरिएका छन्। जस्तै उनीहरूलाई विभिन्न ६ प्रकारका व्यावसायिक तालिम प्रदान गर्ने र सोसँग सम्बन्धित यन्त्र, उपकरण उपलब्ध गराउने कार्यहरू गरिए। उक्त सरकार द्वन्द्वपीडितहरूको पक्षमा बेग्लै र सुधारात्मक परिपूरण नीति बनाउनसमेत अघि सरेको छ।

यसक्रममा थप औपचारिक संयन्त्रको निर्माण र विभिन्न प्रदेशका कानुन निर्मातासँग आदानप्रदान कार्यक्रम चलाउने कुरासमेत महत्वपूर्ण हुन जान्छ। यसबाट ती प्रदेशहरूलाई आफ्नोमा पनि यस्तै किसिमका पहलहरू थाल्ने सम्भाव्यताको अध्ययन गर्न, यस्ता परिपूरणका प्रयासमा सघाउन एवम् द्वन्द्वपीडितका अधिकार र आवश्यकताहरू सम्बोधन गर्ने दिशामा अझै प्रभावकारी अन्तरप्रदेश समन्वय तथा सहकार्यलाई बढावा दिनमा समेत टेवा पुग्छ। साथै, यसबाट द्वन्द्व र मानवअधिकार उल्लङ्घनका मूलकारणको पहिचान गर्नमा कसरी परिपूरण नीतिहरूले सघाउँछन् भनेर बुझ्नसमेत सहज हुन्छ।

परिपूरणका यी विधिहरू पीडितलाई क्षतिपूर्ति, आर्थिक सहायता वा सांकेतिक लाभहरू दिलाउने कुरासँग मात्र जोडिँदैनन्, यद्यपि तिनले सरकार र द्वन्द्वपीडितबीचको सम्बन्धलाई समेत प्रतिबिम्बित गर्दछन्। यस्तो खालका सङ्घीय पहलहरूलाई विस्तारमा सूचीकरण गर्दै एक राष्ट्रिय एवं सर्वाङ्गीण सङ्क्रमणकालीन न्यायको प्रकृयाको एक प्रस्थानविन्दु तथा ढाँचाको रूपमा लिनु पर्दछ।

अत्याधिक प्राविधिक एवं फौजदारी न्याय तथा अन्तर्राष्ट्रिय कानुनको विधिशास्त्रबाट निर्देशित नेपालको सङ्क्रमणकालीन न्याय संयन्त्रले द्वन्द्वका सामाजिक, आर्थिक विशेषता र परिपूरण, पुनर्मिलन एवं स्मृतिकरणजस्ता न्यायका अन्य घटकलाई बेवास्ता गर्दछ। कानुन, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र फौजदारी कानुनका प्राध्यापक लुई मेलिण्डरले सन् २०१९ मा लेखेको शान्तिको पुनर्चिन्तन र एकीकृत संक्रमणको न्यायिक प्रतिष्ठान नामक आलेखमा भनेका छन् : *मानवअधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधहरू भइसकेपछि कसरी अन्तर्राष्ट्रिय कानुनी एवं नीतिगत ढाँचाहरूले राज्यका दायित्वलाई निर्देशित गर्छन् भन्ने कुराले न्यायको खोजी कार्यमा लचकता प्रदान गर्दछन्।* तिनको उल्लेख आममाफी र जवाफदेहितासम्बन्धी बेलफास्ट दिग्दर्शनमा समेत गरिएको छ। यसैगरी अधिकांश मुलुकहरूले मानवअधिकार उल्लङ्घनलाई कसरी उपचार गर्ने भन्ने विषयमा तजबिजसमेत राख्दछन्।

अत: समग्र सङ्क्रमणकालीन न्यायका विधिहरू स्थापित गर्न राष्ट्रिय नेतृत्वमा बहुतहका दृष्टिकोण आवश्यक पर्दछ। विकेन्द्रित एवं संघीकृत मार्गदर्शन तथा प्रकृयाबाट सङ्क्रमणकालीन न्यायका प्रयास र पहलमा फराकिलो तथा सर्वा ीण आधारभूमि उपलब्ध गराउनसक्छ जुन सङ्क्रमणकालीन न्यायप्रति लिइने साँघुरो दृष्टिकोणभन्दा उत्कृष्ट नै हुन्छ। एक जटिल प्रकृयाका रूपमा बुझिने सङ्क्रमणकालीन न्याय प्रकृयाको अभीष्ट सर्वा ीण सामाजिक, आर्थिक परिवर्तनबाट निर्देशित हुनैपर्छ।

द्वन्द्वउपरान्त मुलुकमा भएका सङ्क्रमणकालीन न्यायका केही विकेन्द्रित दृष्टिकोण हेर्दा राज्यको नेतृत्वमा स्थानीय प्रकृया सञ्चालन गरेका रुवाण्डा र टिमोर लेष्टेका उदाहरण प्रख्यात छन्। रुवाण्डामा परम्परागत अदालत प्रणालीलाई विवाद समाधानको पारम्पारिक मञ्चको रूपमा उपयोग गरियो। यसले पीडक र पीडितलाई आमनेसामने ल्याउने, पुनर्मिलनमा लाग्ने, सत्यान्वेषण गर्ने र निको पार्ने क्रियाहरूमा गति दियो। यसैगरी, टिमोरलेष्टेमा आधारभूत तहबाटै कम गम्भीर अपराधहरूलाई सम्बोधन गर्न समुदाय पुनर्मिलन कार्यक्रम अवलम्बन गरियो। यसमा गैरन्यायिक संयन्त्र अपनाउँदै सामुदायिक सेवा, माफी वा परिपूरणको विधिसहितको पुनर्स्थापकीय सङ्क्रमणकालीन न्याय प्रारुप लागुगरियो।

साथै, पेरुमा पनि बयान सङ्कलन गर्ने, अनुसन्धान गर्ने, शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्न त्यहाँको सत्य आयोगले नै विभिन्न क्षेत्रीय कार्यालयहरू खोलेको थियो। उता ब्राजिलमा चाहिँ मिश्रित सत्यान्वेषण र परिपूरण उपलब्ध गराउने विकेन्द्रित प्रकृयाको रुपमा आममाफी क्याराभानहरू खडा गरिएका थिए। तिनको उद्देश्य विगतमा राज्यले गरेका अपराधलाई स्वीकार गर्ने र लोकतान्त्रिक संक्रमणको विकास गर्ने थिए। ती क्याराभानहरूलाई स्मृतिसत्र, सार्वजनिक सुनुवाइ र क्षमायाचनाका कार्यक्रम चलाउने आममाफी आयोगहरूले समेत मान्यता दिएका थिए।

सन् १९९८ को बेलफाष्ट सम्झौतापछि उत्तरी आयरल्याण्डमा सङ्क्रमणकालीन न्यायका विकेन्द्रित प्रयासमिश्रित अद्वितीय खालका स्थानीय कार्यक्रमहरू आयोजना गरिएका थिए। साथै, उक्त सम्झौताले विभिन्न सर्तसहितका आममाफीको वैधतातर्फसमेत सरोकारवालाहरूको ध्यानाकर्षण गराएको पाइन्छ। यसैगरी, प्रजातान्त्रिक गणतन्त्र कङ्गोको सत्य तथा मेलमिलाप आयोगले प्रान्तीय र स्थानीय तहमा समितिहरू गठन गर्न लगाएको थियो। यसको उद्देश्य आममाफीका निवेदन र बयान सङ्कलन गर्ने तथा स्थानीय सरोकारवालासँग परामर्श गर्ने रहेको थियो।

सामान्य बुझाइमा सङ्क्रमणकालीन न्याय संयन्त्र र प्रकृयालाई राष्ट्रिय उत्पत्ति तथा दायित्वको उपज भन्नुमा अत्युक्ति हुँदैन। तथापि, बढी विस्तृत,सर्वाङ्गीण र सङ्घीय दृष्टिकोण अँगाल्ने सम्भावना र प्रान्तीय एवं स्थानीय तहका प्रकृयालाई समेट्ने कार्य महत्वपूर्ण बन्न पुग्छ। सङ्क्रमणकालीन न्यायप्रति लिइएको केन्द्रीकृत दृष्टिकोणको प्रभावकारितमा आशंकाका सन्दर्भमा यो नवीन पहुँचले अहम् अर्थ राख्छ। यसले सूक्ष्म तहमा पीडितसम्म पुग्ने उत्तम र फरक अवसरहरूलाई समेत खुलाउन मद्दत गर्दछ। पीडितका परिपूरण आवश्यकता र अन्य अधिकारलाई यतिसम्म उपेक्षा गरिएको छ।

सङ्क्रमणकालीन न्यायको संघात्मक सर्वाङ्गीण र पीडितमुखी प्रकृयालाई प्रोत्साहन गर्नमा मात्र टेवा दिँदैनन् कि अन्तरहरूलाई टाल्दै सँगसँगै राष्ट्रिय पहल र प्रकृयाहरूसँग एक मिलनविन्दु समेत कायम गर्दछ। सत्य, न्याय, परिपूरण र घटना नदोहोरिने प्रत्याभूति नामक सङ्क्रमणकालीन न्यायका चारओटा स्तम्भलाई समान जोड दिँदै नेपालले एक सर्वाङ्गीण, समावेशी र तलबाट माथिको दिशा अँगाल्नु पर्छ। यसका साथै बृहत् शान्ति सम्झौतामा परिकल्पित उद्देश्यहरू हासिल गर्नका निम्ति चालिएका राष्ट्रिय पहललाई समेत साथ दिनु पर्दछ।

सङ्क्रमणकालीन न्यायको प्रकृयालाई पुन:थालनी गर्ने सरकारको हालैका पहलमा धेरै पीडितका आशाहरू केन्द्रित छन्। मस्यौदा विधेयकलाई संशोधन गर्न र संसदबाट पारित गर्न नसकिनु निराशाजनक भएता पनि अब निर्वाचन प्रकृया सम्पन्न भएपछि नयाँ संसद र सरकारले बिना विलम्ब आवश्यक हेरफेरसहित विधेयकलाई अनुमोदन गर्नु पर्दछ। यससँगै, सङ्क्रमणकालीन न्यायका सबै सरोकारवालालाई असल नियतले प्रकृयामा संलग्न र सहभागी गराउनु उत्तिकै महत्वपूर्ण हुन्छ। मुलुकमा पारदर्शी र वास्तविक पुनर्मिलनका निम्ति राजनीतिक रुपमा जटिल तर संवेदनशील प्रकृयामा वहाँहरूलाई आबद्ध गराउँदै सङ्क्रमणकालीन न्यायको प्रकृयालाई टुङ्गो लगाउनु आजको कार्यभार हो।

लघुकथाः

गुरुजी ?

– देवराज पौडेल

म सार्वजनिक बस पर्खिरहेको थिएँ। मेरो अगाडि आएर एउटा चिल्लो कार अडियो। कार भित्रबाट एक भद्र पुरूष उत्रिए। उनले मेरो चरण स्पर्स गरेर प्रणाम गरे। म उनलाई हेरेको हेर्‍यै भएँ।

चिन्नु भएन गुरु ? म विवेक, हजुरको शिष्य, उनले मुस्कुराउँदै परिचय दियो। केही क्षण घोरिएपछि मैले उनलाई चिनें। धेरै वर्ष भएको थियो भेटघाट नभएको। बढ्दो उमेरका युवाहरूलाई चिन्नै मुस्किल पर्ने। मनमनै सोचें।

"म आजकाल दिल्लीमा बस्छु। धेरै वर्षपछि दर्शैं मनाउन आएको हुँ। म हजुरसँग टीका लगाउन हजुरकै घर जाँदै थिउँ। गुरुजी, बस्नुस् गाडीमा "उनले भने। शिष्यको आदर, सम्मान, अनुरोधलाई मैले लत्याउन सकिनँ।

म उनको गाडीमा बसें। उनले आफ्नो पढाइ, दिल्लीको बसाइ, पेशा र परिवारको बारेमा बतायो। उसले भन्यो - "गुरु बाटोमा एक आफन्तको घर छ, त्यहाँ पाँच, दश मिनेट बसेर हामी सरासर हजुरको घर जानेछौं। उसले बाटोमा पर्ने आफन्तकोमा पस्ने अनुमति माग्यो। मैले स्वीकृतीको मुन्टो हल्लाएँ।

उसको आफन्तको घर आयो। उसले गाडी राक्यो। म गाडीमै बस्न चाहेको थिएँ। विवेकले गुरु पनि हिँड्नुस् न भनेर अनुरोध गर्‍यो। हामी विवेको आफन्तकोमा पस्यौं र ठूलो बैठक कोठामा बस्यौं। उसका आफन्त र हामीबिच नमस्कार आदान प्रदान भयो। उनको आफन्त धनाठ्य, राजनीतिक लाभको पद धारण गरिरहेका व्यक्ति रहेछन्। ती धनाठ्य व्यक्तिले मेरा शिष्यलाई सोधे- "उहाँलाई चिन्न सकिन नि?" मेरा गुरुजी। विवेकले परिचय दियो। भान्सा कोठा भित्रबाट ती धनाढ्यकी श्रीमती बैठककोठामा आइन र भनिन- "आज तरकारी छैन हजुर, ड्राइभर आफन्तकोमा टीका लगाउन गएको अझै आएको छैन। बजार जानुपर्ने कसरी जाने होला ?"

ती धनाढ्यले म तर्फ हेरेरे भने -"गुरुजी ! हामी टीकाटाला गर्दैगर्छौं, तपाइँ एक छिन यिनीलाई बजार पुर्‍याएर ल्याइदिनुस् न। यी गाडीको साँचो। उसले उसको गाडीको साँचो म तिर बढायो। मेरो शिष्यले नीलो कालो हुँदै बिचैमा साँचो समाते।

लालबन्दी: ४ सर्लाही

सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ५ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौं– उनीहरू कहाँ छन् ?

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९

प्रारम्भिक प्रतिवेदन

२०७९ मङ्सिर ४ गते

प्रतिनिधि सभाका लागि २ सय ७५ र प्रदेश सभाका लागि ५ सय ५० स्थानका लागि आज मंसिर ४ गते निर्वाचन भएको छ। नेपालको संविधान २०७२ जारी भएपछिको यो दोस्रो आवधिक निर्वाचन हो। यो निर्वाचनले सात वर्ष अघि जारी भएको नेपालको संविधानमा कार्यान्वयनको दिशामा देशलाई अगाडि बढाउने अपेक्षा गरिएको छ। लोकतन्त्रमा आवधिक निर्वाचनको महत्व हुने भएकाले निर्वाचनलाई निकै चासोसाथ हेरिएको थियो। निर्वाचनबाट प्रतिनिधि सभाका लागि प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिक प्रणालीबाट १ सय १० जना र प्रदेश सभाका लागि प्रत्यक्षबाट ३ सय ३० र समानुपातिक प्रणालीबाट २ सय २० जना गरी ५ सय ५० जना निर्वाचित हुनेछन्। यो निर्वाचन अनुगमनका लागि इन्सेकले देशका सबै जिल्लामा ७ सय ५१ जना पर्यवेक्षक परिचालन गरेको छ।

इन्सेकका पर्यवेक्षक, इन्सेकका ७७ जिल्लामा रहेका प्रतिनिधि,यसका प्रदेश कार्यालयहरूले निर्वाचन पूर्व अवस्थाको विश्लेषण गरेका थिए र विश्लेषित प्रतिवेदन प्रकाशन गरिएको थियो। इन्सेकले विगत १० दिनदेखि दैनिक प्रतिवेदन प्रकाशन गर्नुका साथै, आचारसंहिता उल्लंघनका तथ्य तथ्याङ्क समेटिएको प्रतिवेदन सार्वजनिक गरेको

थियो। इन्सेकले गरेको अनुगमनमा आचार संहिता उल्लंघनका घटनामा कमी आएको देखिएन। निर्वाचन आयोगले आचार संहिता उल्लंघनप्रति

जिल्ला	बम फेला	बम विष्फोट	घाइते
दाङ	३		
गोरखा	१		
मुगु	६		
दैलेख	१		
सुनसरी	३	१	१
कैलाली	१३	१	
बर्दिया	४	१	
झापा	१	१	
इलाम	३	१	
कञ्चनपुर	३		
कपिलवस्तु	१		
पाँचथर	३	३	
जम्मा	३८	८	१



शुन्य सहनशीलताको नीति अपनाएको भने पनि पालनकर्ताको अटेरीपन छताछुल्ल भयो। इन्सेकले पर्यवेक्षक तथा जिल्ला प्रतिनिधिबाट प्राप्त निर्वाचनसम्बन्धी गतिविधिहरू दिनभर इन्सेक अनलाइनबाट अपडेट समेत गरिएको थियो।

निर्वाचन आयोगकाअनुसार देशभर १ करोड ७९ लाख ८८ हजार ५ सय ७० जना मतदाता रहेका छन्। जसमध्ये ९१ लाख ४० हजार ८ सय ५ जना पुरुष, ८८ लाख ४७ हजार ५ सय ७९ जना महिला र १ सय ८५ जना अन्य मतदाता रहेका छन्। निर्वाचन आयोगले प्रतिनिधिसभाका लागि २ हजार ४ सय १२ जना, प्रदेशसभा सदस्यका लागि ३ हजार २ सय २४ जना उम्मेदवार रहेको जनाएको छ। देशभरमा १० हजार ८ सय ९२ मतदानस्थल, २२ हजार २ सय २७ मतदान केन्द्र रहेका छन्। त्यसैगरी यस निर्वाचनको पर्यवेक्षणका लागि ४४ ओटा राष्ट्रिय र दुई ओटा अन्तर्राष्ट्रिय संस्थाका ७ हजार २ सय १९ जना पर्यवेक्षक परिचालित छन्।

नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासनमा सहभागिता जनाउने, आफैँ निर्वाचित हुन उम्मेदवारी दिन पाउने र शासन व्यवस्थामा सहभागी हुन पाउने अधिकारलाई मानव अधिकारको रूपमा लिइन्छ। नेपालको संविधान २०७२ ले सार्वभौमसत्ता नेपाली जनतामा रहने, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रिक शासन प्रणाली, आवधिक निर्वाचनलाई संवैधानिक सुनिश्चितता गरिएको छ भने राजनीतिक दल खोल्ने स्वतन्त्रता विचार र अभिव्यक्ति स्वतन्त्रता, समानुपातिक समावेशी सिन्द्धातको आधारमा राज्यमा निकायमा सहभागिताको हक जस्ता विषयलाई मौलिक हकको रूपमा समावेश गरेको छ।

जिल्ला	हवाइ फायर	घाइते
रौतहट	३	
सिरहा	३	
चितवन	१	
दोलखा	३६	
हुम्ला	१८	
बाजुरा	५	
डोटी	४	
ताप्लेजुङ	४	
स्याङ्जा	३	
बझाङ		१
दार्चुला	३	
जम्मा	६९	१

निर्वाचनमा जे देखियो

- विभिन्न जिल्ला तथा मतदानस्थलमा ५० भन्दा बढी विष्फोटक पदार्थ भेटिए पछि मतदातामा त्रासको वातावरण सिर्जना भएको पाइयो।
- देशका जिल्लामा भएको विवादकाक्रममा प्रहरीले हवाइफायर गरेको पाइयो।
- मतदानस्थल सानो हुँदा मतदान प्रकृया अली लामो भएको पाइयो।
- मतदान प्रकृयाकाबारेमा भएको अलमलका कारण प्रदेश सभा र प्रतिनिधि सभाको मतपत्र यताउता हुँदा विवाद भएको पाइयो जसका कारण मतदान प्रकृया अवरुद्ध भएको पाइयो।
- निर्वाचन सामग्रीको उचित व्यवस्थापन भएको हुँदा मतदान प्रकृयामा कुनै अप्ठ्यारो भएको पाइएन।
- ज्येष्ठ नागरिक,अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान गर्ने प्रकृया सहज गरेको पाइयो।
- बाँकेको बैजनाथ गाउँपालिकाअन्तर्गत प्रभात नमूना माविमा रहेका ३ हजार ८ सय ४ मतदातामध्ये आजको मतदानमा सहभागी हुने ९० प्रतिशत मतदाता महिला रहेका थिए। मतदान केन्द्रका अधिकांश पुरुष मतदाता रोजगारीका लागि देश बाहिर गएको पाइयो।
- काठमाडौँ तथा ललितपुरका धेरैजसो मतदानस्थलमा पत्रकार तथा पर्यवेक्षकलाई अवरोध गरेको पाइयो।

निष्कर्ष

मूलत: निर्वाचन स्वतन्त्र, निष्पक्ष भए नभएको, निर्वाचनको सिलसिलामा उम्मेदवार र राजनीतिक दलका प्रतिनिधिले समेत प्रचारप्रसार गर्न नपाएको, अभिव्यक्तिको स्वतन्त्रता, सभा सम्मेलन गर्ने स्वतन्त्रता आमसभा तथा शान्तिपूर्ण जुलुस सञ्चालन गर्न पाए नपाएको, उम्मेदवारले निर्वाचनको सिलसिलामा बालबालिकाको प्रयोग गरे नगरेको जस्ता विषयहरू मानव अधिकारसँग अन्योन्याश्रित रहेका हुन्छन्। त्यसका अतिरिक्त मतदान केन्द्र आममतदातालाई पायक पर्ने, अपाङ्गमैत्री स्थान छनौट भए नभएको, मतदाताहरूको मतदान केन्द्रको सुरक्षा बन्दोबस्ती र वातावरणको कारण मतदाताले गोप्य रूपमा मतदान गर्न पाए नपाएको विषय समेत मानव अधिकारका विषय हुन्। सिमान्तकृत नागरिकको खासगरी जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति लगायतका मतदातालाई विशेष व्यवस्था खानेपानी र शौचालयको व्यवस्था र स्वतन्त्र पर्यवेक्षकको अनुगमनमा पहुँचको विषय समेत निर्वाचन र मानव अधिकार संरक्षणका लागि महत्वपूर्ण पक्षहरू रहेका हुन्छन्।

कालीकोट जिल्लाको तिलागुफा नगरपालिका-१० रानावाडामा भएको बम विष्फोट घटनाको संक्षिप्त -प्रतिवेदन

बालबालिकाका हक अधिकारको सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेको प्रतिवद्धता, नेपालको संविधानमा बालबालिकाको हक सम्बन्धमा भएका सवैधानिक व्यवस्था र बालबालिकाका सम्बन्धमा कानुनहरू बनी कार्यान्वयनमा रहेको भएतापनि पटक पटक यस्ता किसिमका घटनामा बालबालिका पीडित भइराख्नु राष्ट्रको बिडम्वना भएको इन्सेकको ठम्याइ रहेको छ।

कालीकोट जिल्लाको तिलागुफा नपा-१० स्थित रानावाडामा २०७९ कार्तिक १२ गते बिहान ८ बजेको समयमा दुई जना बालबालिकाको ज्यान जाने गरी बेवारिसे बम विष्फोट भएको थियो। बेवारिसे अवस्थामा फालिएको बम बालबालिकाले खेलौना ठानी खेलाउदा विष्फोट हुँदा तीन वर्षीया झरना थापाको घटनास्थलमै मृत्यु भएको, पाँच वर्षीया सरस्वती रानाको उपचारका क्रममा कर्णाली प्रदेश अस्पतालमा मृत्यु भएको थियो भने अन्यलाई उपचारकालागि हेलिकोप्टरमार्फत कर्णाली प्रदेश अस्पताल सुर्खेतमा पुऱ्याइएको थियो। साथै, गम्भीर घाइते तीन बालबालिका कर्णाली प्रदेश अस्पतालमा उपचार पश्चात मङ्सिर १३ गते डिस्चार्ज भएका छन्।

अनुगमन टोलीले फेला पारेका तथ्यहरू

- घटना भएको दिन बिहान घाम झुल्कन लागेको समयमा कोदो काटेको खेतको गरामा बालबालिकाहरू सदाझैं घाम ताप्दै खेल्न जम्मा भएको र खेल्ने क्रममा तीन वर्षीया झरना थापाले फेला पारेको बेवारिसे बम खेलाउँदा विष्फोट भएको पाइयो।
- विष्फोटमा परी एक जनाको घटनास्थलमै र एक जनाको उपचारको क्रममा प्रदेश अस्पतालमा मृत्यु भएको र गम्भीर घाइते तीन जना बालबालिकाको प्रदेश अस्पताल, सुर्खेतमा उपचार पश्चात डिस्चार्ज भएको पाइयो।
- विष्फोटको घटना भएलगत्तै तिलागुफा नगरपालिका र जिल्ला प्रशासन कार्यालयको पहलमा घटनाका घाइते बालबालिकालाई तत्काल हेलिकोप्टबाट उद्दार गरी कर्णाली प्रदेश अस्पतालमा उपचारका लागि पुऱ्याएको पाइयो।
- घटनाबारे जानकारी हुनासाथ तिलागुफा नपाका उपप्रमुख



अनुगमन टोलीलाई घटनास्थल र घटनाको बारेमा जानकारी गराउदै वडाध्यक्ष मुनबहादुर थापा

बम विस्फोटनमा परी घाइते भएकाहरूलाई हेलिकोप्टरबाट उपचारको लागि अस्पताल लगिदै

महेन्द्रबहादुर शाही र जिल्ला प्रहरी कार्यालयको प्रहरी टोली तत्काल घटनास्थल पुगेको पाइयो।

- मृतकका परिवारलाई राहत र घाइतेको उपचारका लागि फाइल तयार भए पनि सिफारिस समितिले आवश्यक पहल नगरेको देखियो।
- घाइतेको उपचार सरकारले व्यहोरेको पाइयो भने मृतकका परिवारले हालसम्म राहत पाएका छैनन्।
- परिवारको आर्थिक अवस्था कमजोर रहेकाले घाइते बालबालिकाको उपचारमा सरकारी तथा गैरसरकारी निकायबाट नियमित सहयोग गर्नुपर्ने देखियो।
- घटनास्थल नजिकको जङ्गल सशस्त्र द्वन्द्वको समयमा प्रयोग गरिने गरेको पाइयो। उक्त विष्फोटक पदार्थ द्वन्द्वकै समयमा राखिएको हुनसक्ने देखियो।

सुझावहरू

- बाल अधिकारसम्बन्धी महासन्धि १९८९, नेपालको संविधान र बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालबालिकालाई प्रदान गरेका विशेष अधिकार र संरक्षणको जिम्मेवारी तीनै तहका सरकारले लिनुपर्ने।
- नेपाल सरकारले द्वन्द्वकालीन समयमा वढी प्रयोग गरिएका स्थानमा बेवारिसे बमहरू फेला पर्न सक्ने सम्भावना भएकोले देशव्यापीरूपमा खोजी अभियान पुनः सञ्चालन गर्नुपर्ने।
- मृतकका परिवारलाई राहत र घाइतेको उपचारका लागि जिल्ला सुरक्षा समितिले तत्काल पहलकदमी चाल्नुपर्ने।
- स्थानीय प्रशासनले घाइते बालबालिकाको उचित उपचार, राहत, उच्च शिक्षा, रोजगारी तथा क्षतिपूर्तिका लागि तत्काल यथोचित कदम चाल्नुपर्ने।
- घाइते बालबालिकाको समयमै उचित उपचार, राहत, उच्च शिक्षा तथा क्षतिपूर्तिका लागि राज्यलाई जवाफदेही बनाउन नागरिक संघसंस्थाहरूले दबाव सिर्जना गर्नुपर्ने।
- यस्ता घटना दोहोरिने सम्भावना भएकाले प्रहरी प्रशासन, संघ-सस्था, पत्रकार, नागरिक समाज, स्थानीय सरकारले विष्फोटक पदार्थबाट हुने नोक्सानी, भेटिनसक्ने सम्भावनाका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- घटनाका घाइते बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा उपलब्ध गराउनु पर्ने।

निष्कर्ष

१० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भएको १६ वर्ष भइसक्दासमेत समय समयमा विष्फोटका घटना हुनुलाई द्वन्द्वको अवशेषका रूपमा लिन सकिन्छ। नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चित गरिएकोमा यस घटनाले बालबालिकाहरूको सम्मानितरूपले बाँच्न पाउने अधिकार कुण्ठित भएको छ। नेपाललाई २०६८ जेठ ३१ गते बारुदी सुरुङ मुक्त देश घोषणा गरिए पनि अझै पनि यस्ता बिष्फोटका घटनाहरू देशले भोग्नु पर्ने बिडम्वना छ। कयौँ निर्दोष व्यक्ति र बालबालिकाहरूले ज्यान गुमाउनुको साथै अङ्गभङ्ग भई जीवन बिताउन बाध्य भएका छन्। बालबालिकाका हक अधिकारको सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा व्यक्त गरेको प्रतिबद्धता, नेपालको संविधानमा बालबालिकाको हक सम्बन्धमा भएका संवैधानिक व्यवस्था र बालबालिकाका सम्बन्धमा कानुनहरू बनी कार्यान्वयनमा रहेको भएता पनि पटकपटक यस्ता किसिमका घटनामा बालबालिका पीडित भइराख्नु बिडम्बना भएको इन्सेकको ठम्याइ रहेको छ।

कुराकानी

अहिले प्राप्त मत परिणामले युवा नेपालको चिन्तनलाई उजागर गरेको छ

सुबोधराज प्याकुरेल, इन्सेकका निवर्तमान अध्यक्षका साथै प्रदेश १ योजना आयोगका पूर्व उपाध्यक्ष हुनुहुन्छ। नेपालको मानव अधिकार तथा सामाजिक न्यायको अभियानमा पाँच दशक खर्चिनु भएका प्याकुरेल सामाजिक न्याय, दण्डहीनताको अन्त्यजस्ता विषयमा वकालत गर्नुहुन्छ। नेपालको कर्मचारी प्रशासनको सुधारले मात्रै जनताको शीर उचो हुनसक्छ भन्ने मान्यता राख्नु हुने उहाँलाई इन्सेक अनलाइनका सम्पादक *रमेशप्रसाद तिमल्सिनाले* भखरै सम्पन्न भएको आम निर्वाचनको सन्देशका बारेमा कुराकानी गर्नुभएको थियो। श्री प्याकुरेलसँग गरिएको कुराकानीको सारसंक्षेप प्राचीमा प्रकाशन गरेका छौँ।

निर्वाचनको मुलभुत सन्देश के हो ?

यो निर्वाचनमा सबैभन्दा गम्भीर र प्रगतिशील पक्ष के थियो भने मतदाताहरूमध्ये २४ प्रतिशत जति नयाँ मतदाता थिए। तन्नेरी मनोभावना निर्णायक तहमा थियो। अहिले प्राप्त मत परिणामले युवा नेपालको चिन्तनलाई उजागर गरेको छ। यो निर्वाचनको सबैभन्दा राम्रो र सबल पक्ष भनेकै युवा मन र युवा मत हो।

दोस्रो, 'रैथाने' दलहरूलाई यो निर्वाचनले प्रशस्त शिक्षा प्रदान गरेको छ। अर्को भनेको नयाँ राजनीतिक पार्टीहरूले जनताको दैनिकीका कुरा उठाएका छन्। एउटा उम्मेदवारबाट मैले सुनेको 'यो कस्तो देश हो, जहाँ कर बुझाउन जाँदा पनि घुस खुवाउनु पर्छ ?' भन्ने वाक्य उच्चारण हुन्थ्यो। समग्रमा भन्दा यसपटक जोजो उम्मेदवारले सुशासनको बारेमा जनतालाई छर्ल पार्न र सुशासनको सुधार र परिमार्जनको एजेण्डा अघि सार्न - लागि परे - आम रूपमा उनीहरूले राम्रै भोट पाए।

अरु पनि सन्देश होलान् नि !

कुनै कुरा जबरजस्ती रोक्न खोजेमा त्यसको परिणाम प्रत्युत्पादक हुन आउँछ। जस्तो सर्वोच्च अदालतले फैसला गर्दागर्दै पनि यसपटक 'नो भोट'को प्रावधान त थिएन तथापी नो भोटको प्रावधान नभएको हुनाले अर्को उपायबाट 'नो नट अगेन' को अभियान चल्यो। प्रवासमा रहेका नेपालीले पनि मतदान गर्न पाएनन्। यदि मतदान गर्न पाउने अवस्था थियो भने उनीहरूसम्म राजनीतिक दलहरूले सन्देश पुऱ्याउन सक्थे। निर्वाचन भनेको यथार्थमा सङ्गठनको आधारभूमि हो। आआफ्ना पार्टीका नीति, सिद्धान्त र विचार प्रवाह गर्ने अवसर हो। तर, यसपटकको निर्वाचनमा एकले अर्कोलाई गाली गर्ने, अर्को खराब छ त्यसैले म असल छु भन्ने गरेको देखियो। कतिपय अवस्थामा राजनीतिक दलहरूको प्रचार हेर्दा र सुन्दा त लाग्थ्यो उनीहरू शाषक र मतदाताहरू रैती ! उनीहरू दाता मतदाता चाहिँ 'मगन्ते' ! म यो दिन्छु र उ दिन्छु भन्ने र आश्वासन बाँड्ने काम भयो। कसैले पनि भनेन कि तपाइँले छानेको काम र कुरालाई म समर्थन गर्छु। तपाइँले बोध गर्नुभएको आवश्यकता परिपुर्ति गर्नका लागि म संयोजनकारी भूमिका निर्वाह गर्छु भनेर कसैले भनेन। खासमा उम्मेदवारले भन्नु पर्ने त म तपाइँ र राज्यको बिचको

'रैथाने' दलहरूलाई यो निर्वाचनले प्रशस्त शिक्षा प्रदान गरेको छ। अर्को भनेको नयाँ राजनीतिक पार्टीहरूले जनताको दैनिकीका कुरा उठाएका छन्। एउटा उम्मेदवारबाट मैले सुनेको 'यो कस्तो देश हो, जहाँ कर बुझाउन जाँदा पनि घुस खुवाउनु पर्छ ?' भन्ने वाक्य उच्चारण हुन्थ्यो। समग्रमा भन्दा यसपटक जोजो उम्मेदवारले सुशासनको बारेमा जनतालाई छर्लङ्ग पार्न र सुशासनको सुधार र परिमार्जनको एजेण्डा अघि सार्न – लागि परे – आम रूपमा उनीहरूले राम्रै भोट पाए।

पुल बनेर काम गर्छु। र, नागरिकलाई सबैभन्दा बढी घोचेको कुरा चाहिँ मर्यादा हो।

सरकारी कार्यालयहरूमा गरिने व्यवहार राम्रो छैन। सिङ्गो नेपाली जनताको जम्माजम्मी एजेण्डा भनेकै मेरो मर्यादाको रक्षा कसरी हुन्छ ? यो मर्यादाको विषयलाई लिएर नागरिकमा यति ठूलो छटपटाहट छ, त्यो भनिसाध्य छैन। सरकारी नोकरशाहीतन्त्रद्वारा त्यो मर्यादा अपहरण भएको छ। यो एजेण्डा कुनैपनि राजनीतिक दलको कुनैपनि घोषणापत्रमा समेटेको पाइएन। एकाध सुशासनको कुरा आएपनि जनताले बुझ्ने भाषामा मर्यादाको कुनै विषय कतै समेटिएन। वाल्टर लिपम्यानले पहिलो विश्वयुद्धताका नै भनेको एउटा कुरा स्मरण गरौँ। उनले त्यतिबेला भनेका थिए कि-'सर्वसाधारणले जटिल समस्याको सरल समाधान मात्रै बुझ्छ।'

चुनाव र राजनीतिलाई एउटै मान्ने परिपाटी आएजस्तो भान हुन्छ। आखिर राजनीति केका लागि ?

राजनीति भन्ने कुरा नागरिकको मर्यादाका लागि हुनु पर्छ। आत्मनिर्भर नागरिक बनाउनका लागि हुनु पर्छ। नागरिकलाई चेतनशील बनाउनका लागि हुनु पर्छ। नागरिकको नेतृत्व स्थापित गर्न हुनु पर्छ। राजनीति नागरिकलाई सङ्गठित गर्नको लागि हुनु पर्छ। जसरी भएपनि चुनाव जित्नका लागि अहिले जेजे भइरहेको छ त्यो राजनीति होइन। कोही जातीयताका कारणले जित्लान्। कोही धनसम्पतिका कारण जित्लान्। कोही बलले जित्लान्। ककसले चुनाव जित्छ भनेर चियाउँदै हिँडेर टिकट बाँड्दै जाने हो भने चुनावमा जित्न पनि सक्छन्। चुनाव जित्नु र त्यो निर्वाचनले वैधानिकता पाउनु फरक कुरा हो। सांसद सबै बराबर हुनु पर्ने हो। तर सबैको एउटै स्तरको व्यक्तित्व किन छैन त ? कतिपय सांसदको त मान्छेलाई नाम नै सम्झना हुँदैन। यो सिङ्गो परिस्थितिको विश्लेषण गर्ने सन्देश निर्वाचनले दिएको छ।

निर्वाचनलाई स्वच्छ बनाउने सरल उपाय के होलान् ?

निर्वाचनलाई स्वच्छ बनाउनका लागि निर्वाचनको बेलामा शान्ति सुरक्षासम्बन्धी आन्तरिक मामिला सोझै निर्वाचन आयोगलाई दिनु पर्छ। निर्वाचनसँग सम्बन्धित विषयहरूमा निर्णय गर्ने एकल अधिकार पनि निर्वाचन आयोगलाई नै दिनु पर्छ। प्रक्रियाका रूपमा उसले सरोकारवालासँग परामर्श गर्नुपर्ने व्यवस्था राख्न सकिन्छ। नागरिक समाज, राजनीतिक दल, कर्मचारीतन्त्र, विभिन्न सरकारी निकायसँग सरसल्लाह गर्नुपर्ला। त्यो परामर्शको प्रावधान राख्ने एउटा कुरा हो। खासमा निर्वाचन आयोगलाई यो अधिकारहरू दिनु पर्छ। र, निर्वाचन कार्यलाई निर्वाचन घोषणा भएपछीमात्र कृयाशील बनाउने होइन कि वर्षैभरी संचालन गर्नु पर्छ। निर्वाचन संचेतना, बुथको व्यवस्था, मतदाता नामावलीलाई जन्म मृत्यु दर्ता, बसाईसराईसँग आवद्ध गर्ने कुराहरुलाई आयोग, राज्यका तमाम निकाय र आम नागरिकस वर्षैभरी सहकार्य हुने विषयका रुपमा कृयाशील बनाउनु पर्छ। बुथ राख्नुपर्ने सार्वजनिक स्थानलाई तदनुरुप निर्माण गर्ने नियम बानाउनु पर्छ।

यसपटक निर्वाचन आयोगले आचारसंहितालाई टेकेर असल ढङ्गले काम गऱ्यो। कानुन बन्ने आधार यसैगरी निर्माण हुन्छ। आज औचित्यपूर्ण ठहरिएको आचारसंहिता भोलि कानुनको रूपमा झन बलियो बन्ने छ। किनभने समाजले रुचाएको व्यवहार नै कानुनको आधार हो। विद्युतीय मतदान, नो भोट लगायतका विषयमा आगामी दिनमा अरु जागरण आउने सम्भावना ज्वलन्त देखिँदैछ। यो उत्साहप्रद लक्षण हो।

राजनीति भन्ने कुरा नागरिकको मर्यादाका लागि हुनु पर्छ। आत्मनिर्भर नागरिक बनाउनका लागि हुनु पर्छ। नागरिकलाई चेतनशील बनाउनका लागि हुनु पर्छ। नागरिकको नेतृत्व स्थापित गर्न हुनु पर्छ। राजनीति नागरिकलाई सङ्गठित गर्नको लागि हुनु पर्छ। जसरी भएपनि चुनाव जित्नका लागि अहिले जेजे भइरहेको छ त्यो राजनीति होइन। कोही जातीयताका कारणले जित्लान्। कोही धनसम्पतिका कारण जित्लान्। कोही बलले जित्लान्। ककसले चुनाव जित्छ भनेर चियाउँदै हिँडेर टिकट बाँड्दै जाने हो भने चुनावमा जित्न पनि सक्छन्। चुनाव जित्नु र त्यो निर्वाचनले वैधानिकता पाउनु फरक कुरा हो। सांसद सबै बराबर हुनु पर्ने हो। तर सबैको एउटै स्तरको व्यक्तित्व किन छैन त ? कतिपय सांसदको त मान्छेलाई नाम नै सम्झना हुँदैन। यो सिङ्गो परिस्थितिको विश्लेषण गर्ने सन्देश निर्वाचनले दिएको छ।

इन्सेकका केही प्रकाशनहरू

www.inseconline.org

नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल

नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामग्रीहरू समेटिएको यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।

/inseconline

/inseconline

/INSECnepal